प्रदेश सभा

# सार्वजनिक लेखा समिति

बागमती प्रदेश

# तेस्रो

# वार्षिक प्रतिवेदन २०७८




सार्वजनिक लेखा समिति सचिवालय

हेटौडा, नेपाल

प्रदेश सभा

सार्वजनिक लेखा समिति

बागमती प्रदेश

# तेस्रो वार्षिक प्रतिवेदन २०७८

सार्वजनिक लेखा समिति सचिवालय

हेटौंडा, नेपाल

# सार्वजनिक लेखा समिति



मा. न्हुक्षे नारायण श्रेष्ठ
(सभापति)

## सदस्यहरु


मा. ओम ब. ग्लान


मा. गणेश दुलाल


मा. चन्द्र ब. लामा


मा. जीवन खड्का


मा. जीवन डंगोल


मा. दीपक निरौला


मा. देवकी श्रेष्ठ


मा. पुकार महर्जन


मा. प्रभात तामाङ्ग


मा. प्रेम ब. तामाङ्ग


मा. बेलीमैया घले


मा. मुनु सिग्देल


मा. रत्न प्र. ढकाल


मा. रमेश पौड्याल


मा. रीता माझी


मा. विनोद कु. खड्का


मा. सीता अधिकारी


मा. हिमाली गोले



श्री अम्बिक घिमिरे
समिति सचिव

# मन्तव्य

**माननीय सभामुखज्यू,**

नेपालको संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावलीको नियम १४६ अनुसार मिति २०७४ फागुन १५ गते गठन भएको बागमती प्रदेश सभाको सार्वजनिक लेखा समितिको तेश्रो बार्षिक प्रतिवेदन २०७८ प्रदेश सभाको आजको बैठकमा प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित् भएको छु।

सार्वजनिक लेखा समितिको कार्यक्षेत्र भित्र रहेर प्रदेश सरकारको सार्वजनिक लेखा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र बेरुजू फर्छ्यौट गरी प्रदेश सरकारलाई वित्तीय अनुशासनमा राख्ने तथा सरकारलाई संसद र नागरिकप्रति उत्तरदायी, जवाफदेही बनाउने बाहेक समितिको अर्को कुनै उद्देश्य छैन। यस कार्यमा म लगायत सार्वजनिक लेखा समितिका सबै माननीय सदस्यहरुले निष्पक्ष, निर्भिक, जवाफदेही र इमान्दारिपूर्वक काम गर्ने सामूहिक प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

नेपाली जनताको निकै लामो संघर्ष, त्याग र बलिदानबाट नयाँ संविधान निर्माण भएको हो। इतिहासमा पहिलो पटक नेपाली जनताले छानेको प्रतिनिधिबाट संविधान बनेको छ। यो संविधानले लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशीता र धर्म निरपेक्षतालाई संस्थागत गरेको छ। संविधान निर्माण भएपछि संघीयताको पहिलो अभ्यास हामीले गरेका छौं। संविधान कार्यान्वयन गर्ने सिलसिलामा आज हामी यो स्थानमा आईपुगेका छौं। प्रदेश सभा हाम्रो लागि नितान्त नयाँ संरचना हो। केन्द्रिकृत राज्य प्रणालीमा अभ्यस्त भएको हाम्रो संरचना र संस्कारका कारण यसको कार्यान्वयन यतिबेला निकै जटिल बनेको छ। राज्यका हरेक निकायमा जनताको सहज पहुँचका लागि प्रदेशलाई बलियो र सुदृढ गर्दै लैजानु पर्दछ। त्यसैले संविधानको व्यवहारिक कार्यान्वयनका लागि प्रदेश सरकारका साथै जनप्रतिनिधिहरु पनि आ-आफ्नो भूमिका निर्वाह गर्न अहोरात्र खट्नुपर्ने आवश्यकता छ। इतिहासले दिएको यस जिम्मेवारीलाई हामी आफैंले कसरी पूरा गर्दैछौं भन्ने कुरा भावी पुस्ताले समेत राम्रोसँग नियाल्ने छ। इतिहासको यो कठघरामा उभिएर सार्वजनिक लेखा समितिको सभापतिको हैसियतले आज यस सदन समक्ष आफ्ना काँधमा आएको जिम्मेवारीलाई दृढतापूर्वक पूरा गर्नेछु भन्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु।

हाम्रो केन्द्रिकृत मानसिकता र सोंच अनि नयाँ संरचनाको कार्यान्वयनमा आएका जटिलतालाई देखाएर कतपयले पुनः केन्द्रिकृत शासन व्यवस्था फर्काउने क्रियाकलाप गर्दै सिंहदरबारमा नै पूरै अधिकार फर्काउन बल गरिरहेका छन्। गाँउ गाँउमा पुगेको अधिकारलाई

केन्द्रमा फर्काउँदा जनताका अधिकारहरु संकुचन हुने छन्। यो व्यवस्था बचाउन प्रदेशलाई बलियो, समृद्ध र जनताप्रति थप जवाफदेही बनाउन जरुरी छ। समितिहरु पनि प्रदेश सभाको एक अंग हुन्। समितिले गरेका काम कारबाही, निर्देशन सरकारलाई जनताप्रति उत्तरदायी बनाउन गरेको सहयोग नै हो। तर, बागमती प्रदेशको सरकार समितिको निर्देशनलाई मान्न तयार नदेखिएको महसुस मैले र हाम्रो समितिले गरेको छ।

बागमती प्रदेश सरकार अन्तर्गत सबै सार्वजनिक निकाय तथा संस्थामा अनियमितता, स्रोतसाधनको हिनामिना, दुरुपयोग र भ्रष्टाचार जस्ता खराब शासनका विकृति र विसंगतिलाई रोक्न प्रदेश सरकारलाई हामीले बेलाबेलामा झक्झकाईरहेका छौं, बेलाबेलामा समितिको तर्फबाट निर्देशन, सुझाव र आफ्नो राय व्यक्त गर्दै आएका छौं। खरिद अध्ययन तथा अनुगमन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्यांकन उपसमिति र प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको काम कारवाहीको अध्ययन, अनुगमन तथा मूल्यांकन उपसमिति बनाएर हामीले सरकारको निगरानी निरन्तर गरिरह्यौं। तर, प्रदेश सरकारले समितिका निर्देशनहरु मात्र नभई आफ्नै बार्षिक नीति तथा कार्यक्रमहरु पनि कार्यान्वयन गरेको देखिंदैन। ती उपसमितिहरुका प्रतिवेदनहरु पनि हामीले यसै बार्षिक प्रतिवेदनमा समावेश गरेका छौं। प्रतिवेदनले दिएका सुझाव तथा निर्देशनहरुमा सरकारको गम्भीर ध्यानाकर्षण होस् भन्न चाहन्छु।

### माननीय सभामुखज्यू,

त्यसैगरी सार्वजनिक लेखा समितिले विभिन्न समयमा भौतिक रुपमा उपस्थित भई र कतिपय समयमा भर्चुअल माध्यमबाट बैठक बसी निर्णय तथा निर्देशन दिने काम गरेको छ। सार्वजनिक लेखा समितिले गत वर्षदेखि कोभिड–१९ रोकथाम गर्न प्रदेश सरकारले कहाँ कहाँ, के कति रकम खर्च गरेको छ भनेर विवरण माग्दै आयो। तर एक मन्त्रालयले अर्को मन्त्रालयलाई देखाउँदै विवरण उपलब्ध गराउन सकिरहेको छैन या चाहिरहेको छैन। यो निकै गम्भीर विषय हो। सरकार आफ्नो उत्तरदायित्वबाट भाग्न कदापि मिल्दैन।

सार्वजनिक लेखा समितिले प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको पोष्टबहादुर बोगटी (भिमफेदी-कुलेखानी) सुरुङ्गमार्ग आयोजना वर्तमान समयमा असान्दर्भिक र औचित्यहीन देखिएको साथै कानुनी समस्या समेत देखिएको हुँदा ठुलो धनराशी असुरक्षित हुने भएकोले उक्त सुरुङमार्ग निर्माण सम्बन्धी प्रक्रिया तत्काल अगाडी नबढाउन निर्देशन गरेको छ, साथै प्रदेश सरकारले प्रदेश भित्र विद्युतीय बस सञ्चालन गर्न बस खरिद गर्ने कार्य अगाडी बढाएकोले विद्युतीय बस सञ्चालन सम्बन्धी स्पष्ट कार्यविधि र आवश्यक पूर्वाधार तयार नगरी उक्त खरिद प्रक्रिया तत्काल अगाडी नबढाउन निर्देशन समेत दिएको छ।

त्यसैगरी प्रदेश दुग्ध विकास बोर्डले दुग्ध पाउडर प्लाण्ट निर्माण तथा सञ्चालनको लागि टेण्डर प्रकाशनमा अनियमितता गरेको भनी परेको उजुरीमा सम्बन्धित् सरोकारवालासहित छलफल गरी १५ दिनको म्याद थप गर्न निर्देशन दिई सात सदस्यीय अध्ययन कार्यदल गठन गरिएको छ। त्यस्तै रसुवाको थुमन पर्यटन शहर विस्तार कार्यक्रमको उदेश्य विपरीत खर्च भएको भनी परेको उजुरी उपर सम्बन्धित् सरोकारवालासँग छलफल गरी उद्देश्य विपरीतको पुर्वाधार निर्माण कार्य तत्काल रोकी जुन स्थान र उदेश्यको लागि बजेट विनियोजन भएको हो सोही बमोजिम योजना कार्यान्वयन गर्न निर्देशन दिएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको बेरुजू फर्छ्यौट गर्न सम्बन्धित् मन्त्रालयहरुलाई निर्देशन दिइएको छ। साथै, समितिले अनुदानमा आधारित कार्यक्रमको प्रभावकारी कार्यान्वयन र त्यसले दिने प्रतिफलबारे विभिन्न कोणबाट प्रश्न उठिरहे पनि कोभिड १९ को प्रभाव एवं प्रदेश सभाबाट आवश्यक बजेट विनियोजन हुन नसक्दा स्थलगत अध्ययनमा जान नसकेको कुरा यस सदनमा जानकारी गराउन चाहन्छु।

**माननीय सभामुखज्यू,**

बागमती प्रदेशको आर्थिक बर्ष २०७५/७६ को लेखापरिक्षणबाट महालेखापरीक्षकको प्रतिवेदन २०७७ ले रु.९८ करोड ७३लाख १५ हजार बेरुजू औंल्याएको छ। उक्त प्रतिवेदन मिति २०७७ असार ३१ गते माननीय प्रदेश प्रमुख समक्ष पेश गरिसकेको अवस्थामा अहिलेसम्म प्रदेश सभामा टेबुल नभएको र सो सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल गर्न नपाएकोमा हामीलाई चिन्तित तुल्याएको छ।

कोभिड –१९ ले विश्वलाई नै मर्माहत बनाइरहेको समयमा पुनः दोस्रो लहरले नेपाल पनि नियन्त्रण बाहिर गइसकेको छ। नागरिकहरु दिनानुदिन अक्सिजन, आईसियु र भन्टिलेटर नपाएर प्राण त्याग्न बाध्य भईरहेका छन्। सरकार, संसद र जनताप्रति गैर-जिम्मेवार बनेको छ। सरकार नागरिकको स्वास्थ्य उपचारमा असफल बन्दै गएको छ। समयमा नै न्यूनीकरण र नियन्त्रणको लागि भन्दा पनि सत्ता र पद जोगाउनमा लागि परेको सरकारले स्वास्थ्य संकट आईरहेको अवस्थामा कोभिड-१९ को उपचार र नियन्त्रणको सामाग्री खरिदमा भ्रष्टाचार र कमिसनको चलखेलका कुरा बाहिर आइरहँदा हामीलाई दःखी तुल्याएको छ। यसको छानबिन गरी सत्यतथ्य बाहिर ल्याउन र नागरिकको स्वास्थ्यमाथि खेलवाड गर्नेलाई कानुनी दायरामा ल्याउन सरकारको ध्यानाकर्षण गराउन पनि चाहन्छु।

**माननीय सभामुखज्यू,**

समितिलाई सक्रिय, शसक्त र प्रभावकारी बनाउन माननिय सभामुखज्यू, माननीय उपसभामुखज्यूले खेल्नु भएको अभिभावकीय भूमिकाको लागि समितिको सभापतिको हैसियतले

हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्न चाहन्छु र आगामी दिनहरुमा पनि यस्तै अभिभावकीय भूमिकाको अपेक्षा गरेको छु। साथै समितिको बैठकमा उपस्थित भएर आफ्नो धारणा राख्ने माननीय मन्त्रीज्यूहरु लगायत सबै उच्च पदाधिकारी तथा मन्त्रालयहरुलाई धन्यवाद दिन चाहन्छु। समितिको कामलाई सशक्त र प्रभावकारी ढंगले अगाडी बढाई समितिको इज्जत, प्रतिष्ठा उच्च र मर्यादित बनाउन महत्वपूर्ण भूमिका खेल्नु हुने समितिका सबै माननीय सदस्यहरु, समिति सचिव र सचिवालयका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु। समितिका काम कारबाहीहरुलाई जनता समक्ष पुर्‍याउन सहयोग गर्नु हुने प्रेस तथा मिडियाकाकर्मी र समय समयमा आफ्नो अनुभव, ज्ञान तथा राय सुझाव दिनु हुने विभिन्न निकायका विषयविज्ञ तथा अन्य व्यक्तित्वहरु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा,

**माननीय सभामुख महोदय,**

सभामुख महोदयको अनुमतिले प्रदेश सभा नियमावली २०७४ को नियम १५१(५) बमोजिम बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिको तेस्रो बार्षिक प्रतिवेदन, २०७८ यस गरिमामय सभा समक्ष पेश गर्दछु।

धन्यवाद

१६ जेठ २०७८

मा. न्हुक्षे नारायण श्रेष्ठ
सभापति

# विषयसूची


| | | | |
|---|---|---|---|
| परिच्छेद-१ | प्रारम्भिक | | १-५ |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | सार्वजनिक लेखा समितिको गठन | २ |
| | १.३ | सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार | ३ |
| | १.४ | सार्वजनिक लेखा समिति सचिवालय | ५ |
| परिच्छेद-२ | समितिको निर्णय एंव निर्देशनहरु | | ६-१९ |
| परिच्छेद-३ | विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदनहरु | | २०-५६ |
| | ३.१ | खरिद अध्ययन तथा अनुगमन उपसमिति | २० |
| | ३.२ | प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको कामकारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति | ३८ |
| | ३.३ | प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति | ५० |
| परिच्छेद-४ | सार्वजनिक लेखा समितिबाट सम्पादन भएको गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रम | | ५८-७४ |
| | महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजू फर्छ्यौट प्रक्रिया सम्बन्धी छलफल तथा अन्तर्क्रिया | | ५८ |
| परिच्छेद-५ | निष्कर्ष, सुझाव तथा निर्देशन | | ७५-७८ |
| | ५.१ | निष्कर्ष | ७५ |
| | ५.२ | सुझाव तथा निर्देशन | ७६ |
| अनुसूची-१ | सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५ | | ७९ |
| अनुसूची-२ | समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थितिको अवस्था | | ९२ |
| अनुसूची-४ | सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको विवरण | | ९३ |

# परिच्छेद-१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

सार्वजनिक लेखा समिति प्रदेश सभाका विषयगत समितिहरु मध्ये एउटा महत्वपूर्ण समिति हो। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्यौट र सरकारको सार्वजनिक लेखा सम्बन्धी यसको कार्यक्षेत्र रहेको छ। सरकारी कोषको खर्च सभाले स्वीकृत गरे बमोजिम प्रभावकारी, र मितव्ययितापूर्वक भए नभएको जाँच गर्नु सार्वजनिक लेखा समितिको मुख्य काम हो। यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास वि.सं.२०१६ सालदेखि नै सुरुवात भएको थियो। वि.सं.२०१५ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो। नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम सार्वजनिक लेखा समिति गठन भएको छ।

सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकारको विषय हो। सरकारी कोषको रकम भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता, मितव्ययिता ल्याउने र खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त खर्च गर्ने प्रणालीमा पारदर्शिता, औचित्यतता र खर्चको हिनामिनालाई रोक्नको लागि सार्वजनिक लेखा समिति आवश्यकता महशुस गरिएको पाइन्छ। यस समितिका सदस्यहरुले गैर–राजनीतिक रूपमा काम गर्ने अपेक्षा पनि गरिएको हुन्छ। सरकारको 'वाच डग' को रुपमा पनि यो समितिलाई हेर्ने गरिन्छ। कार्यपालिकाको खर्च प्रणाली व्यवस्थापिका प्रति जवाफदेही हुने ढंगले भएको छ वा छैन भनी निष्पक्ष दृष्टिबाट हेर्न र कार्यपालिकालाई व्यवस्थापिका प्रति जिम्मेवार बनाई राख्न यो समिति गठन भएको पाइन्छ। बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदको विपक्षी दललाई दिने गरिएको थियो। तर नेपालको संघीय संसदमा सार्वजनिक लेखा समितिको नेतृत्व कतिपय अवस्थामा सत्ता पक्षबाटै गरिएको नजिर पनि छ।

यो समितिको उद्देश्य भनेको अनियमितताहरु, महालेखापरिक्षकले औंल्याएको बेरुजु फर्छ्यौट र त्यस उपर छानबिन लगायत, प्रदेशको विभिन्न सार्वजनिक खर्च सञ्चालनको मामिलामा भएको भ्रष्टचार वा कार्यसम्पादनको प्रभावकारितामा भएको कुनै कमीको प्रमाणहरु पनि खोजी गर्नु

र चासो राख्नुका साथै सम्बन्धित् निकायलाई आवश्यक निर्देशन दिने, निर्देशन बमोजिम कार्यसम्पादन भए नभएको निगरानी राख्नु पनि हो। त्यस्तै बजेट ऐन बमोजिम खर्च गरिएको छ वा छैन वा जुन उद्देश्यको लागि विनियोजन गरिएको हो त्यसै काममा खर्च भएको छ वा छैन भन्ने पत्ता लगाउनु पनि समितिको उद्देश्य हो।

यदि अतिरिक्त रकम खर्च भयो भने थप खर्च हुने अवस्थाको छानविन गर्छ र सिफारिस गर्छ। त्यस्ता थप खर्चको नियमन र औचित्य पुष्टिको लागि सरकारले सदन समक्ष पेश गर्नु आवश्यकताको बोध गराउनु पनि हो। प्रदेश सभाले संघीय र बेलायती परम्पराको अनुशरण गर्दै सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई नै दिएको छ। हाल भने संघीय संसदमा पनि सार्वजनिक लेखा सामितको नेतृत्व विपक्षी दलबाट नै गरिएको छ। प्रदेश सभा सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २२ जना सदस्यहरू रहने व्यवस्था छ। समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ। सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था रहेको र मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था गरिएको छ। कुनै पनि सदस्य एकसाथ एक भन्दा बढी विषयगत समितिको सदस्य हुन सक्ने छैन। कुनै सदस्य आफू सदस्य नभएको समितिको बैठकमा सहभागि नभई छलफलमा भाग लिन चाहेमा बैठक बस्ने दिन भन्दा कम्तिमा एक दिन अगावै सम्बन्धित समितिको सभापतिलाई जानकारी दिनु पर्नेछ। यद्यपि निजलाई मतदानको अधिकार भने हुने छैन।

समितिले आफ्नो कार्य समयमा नै सम्पादन गर्नका लागि अनुमानित बजेट सहित बार्षिक कार्यतालिका निर्माण गर्नेछ। समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ। बैठकमा अनुपस्थित् रहने सदस्यले सभापतिलाई जानकारी दिनु पर्नेछ। समितिको निर्णय समितिका सदस्यहरुको बहुमतबाट हुनेछ। मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ। समितिले आफ्नो कामको प्रतिवेदन जुनसुकै समयमा र वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै सभापतिले वा निजको अनुपस्थितिमा सभापतिले तोकेको अन्य कुनै सदस्यले सभामा पेश गर्नेछ।

## १.२ सार्वजनिक लेखा समितिको गठन

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने व्यवस्था भए बमोजिम प्रदेश सभा नियमावली २०७४ को नियम १४५ र १४६ ले व्यवस्था गरे अनुसार समिति वा विशेष समिति गठन गर्न सक्नेछ। उक्त संवैधानिक व्यवस्था अनुरुप प्रदेश सभा

नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायि र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए र गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरुको गठन भएको छ। त्यसमध्ये एक अत्यावश्यक र महत्त्वपूर्ण समितिको रुपमा २०७४ फागुन १५ गते बसेको बैठकको सहमति भएबमोजिम माननीय सभामुख ज्यूबाट यस समितिको सदस्यहरुको मनोनयन भए अनुसार सार्वजनिक लेखा समिति रहेको छ। हाल सभापति सहित १९ जना मा. सदस्यहरु रहनु भएको छ। प्रदेश सभाका दोस्रो प्रतिपक्ष दलका सदस्य माननीय न्हुक्षे नारायण श्रेष्ठ यस समितिको सभापति हुनुहुन्छ।

सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम समितिमा बढिमा २२ जना सदस्यहरु प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्व रहने गरी मनोनयन गर्नु पर्ने व्यवस्था रहेको छ

## १.३ सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

### कार्यक्षेत्र

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन,
- बेरुजू फछ्र्यौट,
- प्रदेश सरकारको सार्वजनिक लेखा,

समितिको कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ।

### काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली २०७४, को नियम १५१ मा व्यवस्था गरिए बमोजिम सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषद्का सदस्यले बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय–समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको सम्बन्धित ऐन, नियम प्रचलित कानून बमोजिम वनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान-प्रदान गर्न सक्नेछ।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।
- सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो

सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने।

- समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्। यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने।
- सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो उपसमितिले गर्ने काम र काम सम्पन्न हुनु पर्ने अवधि किटान गरिनु पर्नेछ।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

## १.३ सार्वजनिक लेखा समिति सचिवालय

प्रदेश सभा नियमावली २०७४ को नियम १६१ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ। सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था छ। सचिव वा समिति सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधिन विषयमा आफ्नो राय दिन सक्नेछ। समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुर्‍याउन सम्बन्धित् मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी मागन सक्नेछन्। यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरु देहाय बमोजिम रहेका छन्।

| क्र.सं. | नाम थर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | श्री अम्बिक घिमिरे | समिति सचिव | ९८५११०७७०० |
| २ | श्री उमेश सोती | क. अधिकृत छैटौं | ९८५५०३४१३४ |
| ३ | श्री सुनिता दाहाल | कार्यालय सहयोगी | ९८४२७१३२०७ |

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१(२) बमोजिम समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु–व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने व्यवस्था अनुरुप **सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०७५** को निर्माण गरी हाल कार्यान्वयनको अवस्थामा रहेको छ। प्रदेश सभाको तीन वर्ष व्यतित हुँदै गर्दा समितिले आफ्नो कार्यसम्पादनको यो तेस्रो बार्षिक प्रतिवेदन, २०७८ सभा समक्ष पेश गरेको छ।

# परिच्छेद-२

## समितिको बैठकको निर्णय तथा निर्देशनहरु

(बैठक संख्या ४४ देखि ५५ सम्म)

मितिः २०७७/०४/०५
बैठक संख्याः ४४
निर्णयहरु

१. प्रदेश सभा नियमावली, २०७४ को नियम १५३ बमोजिम विषयगत समितिले आफ्नो कार्य समयमै सम्पन्न गर्नका लागि वार्षिक कार्यतालिका निर्माण गर्न सक्ने व्यवस्था अनुसार समितिका माननीय सभापतिले माननीय सदस्यहरुको आवश्यक राय/सल्लाह लिई अनुमानित बजेटसहित वार्षिक कार्यतालिका तयार गर्ने।

२. बागमती प्रदेशको आ.व. २०७६/७७ को विभिन्न शिर्षकबाट प्राप्त हुने राजस्वको अवस्था सम्बन्धमा आ.व. २०७६/७७ को अन्त्यसम्ममा प्रदेशले कुन-कुन शीर्षकबाट के कति राजस्व प्राप्त गरेको छ, सोको विस्तृत विवरण एक हप्ता भित्र उपलब्ध गराउन प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग माग गर्ने।

३. प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको म्याद मिति २०७७ साल साउन मसान्तसम्म थप गर्ने।

४. आ.व.२०७६/७७ को विनियोजिन शीर्षक अन्तर्गत प्रदेश सभाको विभिन्न शीर्षक तथा योजना/कार्यक्रमहरुको लागि विनियोजित बजेटका सम्बन्धमा छलफल गर्दा गत आ.व. को तुलनामा यस आ.व. को प्रदेशको बजेटको आकार बढेको छ यद्यपि प्रदेश सभाको बजेट भने न्यून रहेको देखिन्छ।प्रदेश सभा एवम् अन्तर्गतका विषयगत समितिहरुले विगतका वर्ष भन्दा यस वर्ष थप कामहरु गर्दै जानुपर्ने हुन्छ।समितिहरुले विधेयक माथि विभिन्न निकाय वा सरोकारवालाहरुसँग विभिन्न स्थानमा छलफल तथा अन्तर्क्रिया, संवैधानिक निकायले पेश गर्ने प्रतिवेदन माथि छलफल तथा निर्णय, विभिन्न स्थानको

अध्ययन, अनुसन्धान तथा अनुगमन भ्रमण, छानविन, अन्तरप्रदेश छलफल, विज्ञ परामर्श सेवा, समितिको बैठक सञ्चालन, सदस्यहरुको क्षमता अभिवृद्धि तालिम, प्रतिवेदन प्रकाशन लगायतका थुप्रै योजना तथा कार्यक्रममध्ये गत आ.व. को तुलनामा कतिपय योजना तथा कार्यक्रमहरुको शीर्षक नै कटौती गरिएको र विनियोजित बजेट एकदमै न्यून भएकोप्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ। यस बजेटले समितिको कार्यतालिका बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न नसक्ने भएको हुँदा समितिको यस आ.व. को प्रस्तावित कार्यक्रम बमोजिमको बजेट आवश्यकता अनुसार प्रदेश सचिवालयमार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयसँग माग गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयमार्फत आ.व. २०७६/७७ मा अनुदानबाट सञ्चालित कार्यक्रमहरुको विवरण एक हप्ता भित्र उपलब्ध गराउन माग गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आ.व. २०७६/७७ मा संशोधन गरिएका कार्यक्रम (पूरक र रकमान्तर) को विवरण एक हप्ता भित्र उपलब्ध गराउन माग गर्ने।

**मितिः मितिः २०७७/०५/२८**

**बैठक संख्याः ४५**

**निर्णयहरु**

१. कोरोना भाइरस (कोभिड-१९) महामारीको रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा प्रदेश सरकार (सामाजिक विकास मन्त्रालय) बाट नागरिकको जीवन रक्षालाई प्राथमिकतामा राखि रोगको रोकथाम, नियन्त्रण र उपचारलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन आवश्यक पर्ने क्वारेन्टाइन, आइसोलेसन आई. सि. यु, भेन्टिलेटर, पि. सि. आर. मेसिन, टेष्ट किट लगायत सम्पूर्ण स्वास्थ्य सामाग्रीहरु खरिद तथा अन्य व्यवस्थापन कार्यमा हालसम्म भएको खर्चको विवरण सार्वजनिक गर्ने र सो विवरण सार्वजनिक लेखा समितिलाई उपलब्ध गराउन निर्देशन दिने। साथै दिनानुदिन संक्रमणको जोखिम बढ्दै गइरहेकाले रोगको पहिचानमा बढि भन्दा बढी जोड दिने, भोलिका दिनमा आई. सि. यु. र भेन्टिलेटरको अभाव हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै कुनै पनि बिरामी उपचारबाट वञ्चित हुन नपर्ने गरी प्रभावकारी एवम् पारदर्शी ढंगबाट आवश्यक व्यवस्थापनमा केन्द्रित हुन निर्देशन दिने।

२. प्रदेश सरकारले प्रदेश गौरवको योजनाको रुपमा नीति तथा कार्यक्रम एवम् बजेटमा अघि सारेको पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल पूर्वाधार विकास कम्पनी काठमाण्डौबीच काठमाण्डौ - कुलेखानी - भिमफेदी- हेटौडा (सुरुङ्ग मार्ग सहित) सडक निर्माण सम्झौता भईसकेकोले उक्त सम्झैताको बैधानिकता प्रष्ट हुन जरुरी देखिन्छ। संघीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल पूर्वाधार विकास कम्पनी काठमाण्डौबीच भएको उक्त सम्झौताको समयसीमा समाप्त भइसकेको अवस्थामा पनि सम्झौता रद्द नभएको, कानूनी/विधिवत् रुपमा प्रदेश सरकारमा योजना हस्तान्तरण नभएकोले प्रदेश सरकारको योजना हो/होइन एकिन गर्नुपर्ने, नीतिगत अस्पष्टाताकाबीच प्रदेश सरकारले पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) निर्माणमा अघि बढ्दा भविष्यमा कानूनी र व्यबहारिक समस्या झेल्नुपर्ने अवस्था आउने देखिन्छ। नेपाल पूर्वाधार विकास कम्पनीले सर्वसाधरणबाट करोडौं रकम उठाएर हालसम्म पनि योजना कार्यान्वयन नगरेको अवस्थामा अन्य आर्थिक स्रोतको सुनिश्चितता समेत नगरी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयले परामर्शदाता बोलपत्र आव्हान गरेकोले कानूनी जटिलता रहँदा रहदै प्रदेश सरकारले ठूलो धनराशी खर्च गर्दा सर्वसाधारण जनताबाट कम्पनीले उठाएको तथा प्रदेश सरकारको दुवै रकम असुरक्षित हुने र अन्य आवश्यक पूर्वाधार विकासका कार्यक्रम समेत प्रभावित हुने देखिन्छ। साथै कोरोना भाइरसको विश्वव्यापि महामारीका कारण देशको अर्थतन्त्र ओरालो लागेको एवम् अर्थतन्त्र ऋणात्मक हुने जोखिमकाबीच प्रदेशको कुल बजेटमा पनि ह्रास आउने देखिएको र कोभिड-१९ बाट सिर्जित स्वास्थ्य संकट समाधानमा प्रदेशले पनि ठूलो आर्थिक व्ययभार बहन गर्नुपर्ने भएकोले उल्लेखित विषयहरुको टुंङ्गो नलगाई आयोजना अगाडी बढाउँदा अलपत्र पर्ने र राज्यकोषको ठूलो रकम दुरुपयोग हुने देखिएकोले पोष्ट बहादुर बोगटी सुरुङ्गमार्ग (भिमफेदी-कुलेखानी) निर्माण कार्य सम्बन्धी प्रक्रिया तत्काल अगाडी नबढाउन भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

३. प्रदेश सरकारले प्रदेश भित्र विद्युतीय बस सञ्चालन गरी आम प्रदेशबासी नागरिकलाई सार्वजनिक यातायातको क्षेत्रमा सेवा पुर्याउन खोज्नु सकारात्मक विषय हो। तर सरकार आफैंले सञ्चालन गर्ने गरी चालु आ.व.मा नै विद्युतीय बस खरिदका लागि अघि बढ्न लागेको सन्दर्भमा केही विषयहरु प्रष्ट हुन जरुरी छ। विद्युतीय बस सञ्चलानका लागि गत आ.व.मा साझा यातायातसँग गरिन लागेको सहकार्य किन तोडियो ? यसको विस्तृत जानकारी पारदर्शी ढँगबाट प्रदेशबासीसमक्ष ल्याउनु सरकारको दायित्व हो। अहिले कुनै

पनि व्यवसायिक योजना नबनाई तथा तद्अनुरुपको कानून/कार्यविधि एवम् संरचनागत तयारी नगरी विद्युतीय बस खरिदमा प्रदेश सरकार अघि बढ्दा खराब आर्थिक अवस्थाका कतिपय सरकारी संस्थानको जस्तो नियति नहोला भन्न सकिन्न। अतः विद्युतीय बस खरिद गर्नु अघि स्पष्ट व्यवसायिक योजना तयार गर्न, कानूनी संरचना निर्माण गर्न एवम् विद्युतीय बस सञ्चालनका निम्ति आवश्यक पर्ने आर्थिक स्रोत तथा भौतिक पूर्वाधार तथा प्राविधिक जनशक्तिको सुनिश्चितता गरी कार्यक्रम अगाडी बढाउन प्रदेश सरकार (भौतिक पूर्वाधार विकास मन्त्रालय) लाई सार्वजनिक लेखा समिति निर्देशन गर्दछ। साथै बागमती प्रदेशमा कोभिड-१९ को महामारी दिनानुदिन भयावह बन्दै गइरहेको स्थितिमा नागरिकको स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर प्रदेश विकास योजनाहरु मितव्ययी र पारदर्शी ढंगबाट अगाडी बढाउन समेत प्रदेश सरकार (भौतिक पूर्वाधार विकास मन्त्रालय) लाई समिति निर्देशन गर्दछ।

४. विविध सम्बन्धमा - सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको म्याद मिति २०७७ साल असोज मसान्तसम्म थप गर्ने।

**मितिः २०७७/०८/०४**
**बैठक संख्याः ४६**
**<u>निर्णयहरु</u>**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेश, हेटौडाको मिति २०७७/०७/०६ गते (SMP Plant) दुग्ध पाउडर प्लान्ट निर्माण तथा सञ्चालनको लागि टेन्डर प्रकाशनमा अनियमितता भएको भनि आभाष ट्रेड लिंक काठमाण्डौले उजुरी दर्ता गराएकोमा समितिको मिति २०७७/०८/०४ गतेको बैठकमा सो सम्बन्धमा प्रदेश दुग्ध विकास बोर्डको तर्फबाट निर्देशक डा. शरण कुमार पाण्डे, उजुरीकर्ता आभाष ट्रेड लिंकको तर्फबाट भूपेनद्रमान सिंह भण्डारी र प्रशासनिक विज्ञ मनोज यादवसहित छलफल हुँदा समितिलाई उक्त टेन्डर प्रक्रियाको सम्पूर्ण कागजात तीन दिनभित्र उपलब्ध गराउन र टेन्डरको म्याद १५ दिन थप गर्न निर्देशन दिने। साथै उक्त

कागजातको अध्ययन गर्न माननीय सभापति श्री न्हुक्षे नारायण श्रेष्ठको संयोजकत्वमा देहायका सदस्यहरु रहने गरी एक अध्ययन कार्यदल गठन गर्ने।

<u>तपसिलः</u>

१ माननीय न्हुक्षे नारायण श्रेष्ठ

२ माननीय चन्द्र बहादुर लामा

३ माननीय जीवन डंगोल

४ माननीय प्रेम बहादुर तामाङ्ग

५ माननीय रमेश पौडयाल

६ माननीय विनोद कुमार खड्का

७ माननीय सीता अधिकारी

२. प्रदेश दुग्ध विकास बोर्ड बागमती प्रदेश हेटौडाले (SMP Plant) दुग्ध पाउडर प्लान्ट निर्माण तथा सञ्चालनको लागि मिति २०७७/०७/०६ गते गरेको टेन्डर प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था विपरीत टेन्डर प्रकाशन गरी अनियमितता गर्न खोजेको भनी उजुरी पर्न आएकोले सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत सत्यतथ्य छानविन गरी यस समितिलाई यथाशिघ्र जानकारी उपलब्ध गराउन निर्देशन दिने।

३. विविध सम्बन्धमा - सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिको कामकारवाही कोभिड-१९ का कारण सम्पन्न हुन नसकेकोले उक्त उपसमितिहरुको म्याद मिति २०७७ साल मंसिर मसान्तसम्म थप गर्ने।

**मितिः २०७७/०९/०२**

**बैठक संख्याः ४७**

**<u>निर्णयहरु</u>**

१. प्रदेश सरकारको आ.व. २०७७/७८ भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रसुवा जिल्लाको गोसाईकुण्ड गाँउपालिका वडा नं.१ स्थित् थमन पर्यटन शहर विस्तार रसुवा

(बजेट क्रियाकलाप नम्बर ११.४.२२.५००/विनियोजित बजेट रु ४० लाख) नामक शिर्षकमा विनियोजित बजेटको उद्देश्य विपरीत गाँउ बस्ती नै नभएको ठाउँमा गोरेटो बाटो निर्माण गर्ने गरी कार्यान्वयनको लागि सम्झौता भएर काम गर्न थालेको हुनाले उक्त योजनाले परिकल्पना गरेको पर्यटन शहरको पूर्वाधारहरु निर्माण गर्नु पर्ने बजेटलाई उद्देश्य विपरीत कार्यान्वयन गरेकोले बजेटको चरम दुरुपयोग भएको भनी यस समितिका माननीय श्री प्रभात तामाङ्गले गर्नु भएको उजुरीका सम्बन्धमा सम्बन्धित भौतिक पूर्वाधार विकास मन्त्रालयको तर्फबाट भवन तथा शहरी विकास कार्यालय नुवाकोटका कार्यालय प्रमुख ईन्जिनियर सञ्जय पाण्डे सहितलाई बोलाई छलफल हुँदा उक्त आयोजनाको डी.पि.आर. तयार नगरिएको, उपभोक्ता समिति गठन गरी आयोजनाको सम्झौता समेत भईसकेको तर कार्यदिश प्राप्त नभई उपभोक्ता समितिले कार्य प्रारम्भ गरेको, के-कस्ता कार्यहरु गर्ने भन्ने विस्तृत परियोजना प्रतिवेदन मार्फत् एकिन भईनसकेको अवस्थामा गोरेटो बाटो निर्माण कार्य अगाडी बढाईएको र भवन तथा शहरी विकास कार्यालय नुवाकोटले उक्त आयोजनाको कुनै पनि भूक्तानी हालसम्म नदिएको एवम् आयोजना तत्काल अगाडी नबढाउन उपभोक्ता समितिलाई मौखिक निर्देशन समेत दिएको भन्ने जानकारी हुन आएकोले सो सम्बन्धमा आवश्यक कारवाही गरी उद्देश्य विपरीतको कार्य तत्काल रोकि जुन स्थान र जुन उद्देश्यको लागि बजेट विनियोजन भएको हो योजना प्रस्तावक समेतको परामर्शमा सोही बमोजिम कार्य प्रारम्भ गरी यथासक्य चाँडो यस समितिलाई जानकारी गर्न गराउन भवन तथा शहरी विकास कार्यालय नुवाकोटलाई निर्देशन दिने।

२. समितिको आगामी बैठकको सम्बन्धमा कार्यसूची तयार गरी माननीय सभापतिले आवश्यकता अनुसार बैठकको आव्हान गर्ने।

**मितिः २०७७/०९/०७**

**बैठक संख्याः ४८**

**<u>निर्णय</u>**

१. आ.व.२०७६/७७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले गरेको (पूरक तथा रकमन्तार) कार्यक्रम संशोधन सम्बन्धमा मन्त्रालयगतरुपमा स्वीकृत एक कार्यक्रमबाट अर्को स्वीकृत कार्यक्रममा रकमान्तर गरेको वा नयाँ कार्यक्रममा बजेट रकमान्तर गरेको हो सोको एकिन गरी मन्त्रालयसँग छलफल गरी आवश्यक निर्णय लिने।

२. आ.व.२०७६/७७ को असार मसान्तसम्म प्रदेशलाई प्राप्त राजस्वका सम्बन्धमा प्र.ले.नि.काबाट प्राप्त विवरणको अध्ययन तथा छलफल आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समितिको आगामी बैठकमा छलफल गर्ने।

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालयबाट सञ्चालित योजना तथा कार्यक्रमको कतिपय फर्म, कम्पनी, संस्था वा व्यक्तिले कार्यक्रम सञ्चालन नै नगरी अनुदान रकम लिएको भन्ने समाचार सुनिन आएकोले सोको सम्बन्धमा मन्त्रालयसँग छलफल गर्ने एवम् त्यस्ता योजना तथा कार्यक्रमहरुको समितिले पहिचान गरी आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने।

४. प्रदेश सरकारको आ.व.२०७७/७८ को पहिलो चौमासिक प्रगति विवरण सबै मन्त्रालयसँग माग गर्ने।

५. प्रदेश सरकारले कोरोना रोकथाम तथा नियन्त्रणको लागि गरेको सम्पूर्ण खर्चको यथार्थ विवरणसहित आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग भएको छलफलबाट सो मन्त्रालयले प्रदेश विपद व्यवस्थापन ऐन, २०७५ को दफा ३ को समितिको निर्णय तथा सिफारिस बमोजिमको खर्चको विवरण पेश गरेकोले प्रदेश सरकारको सो कोषबाट सम्पूर्ण शीर्षकगत खर्चको विवरण यस समितिलाई उपलब्ध गराउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने।

६. सार्वजनिक लेखा समिति अन्तर्गत गठित प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति, प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति र खरिद अध्ययन तथा अनुगमन उपसमितिहरुको म्याद मिति २०७७ साल पुस मसान्तसम्म थप गर्ने।

**मितिः २०७७/०९/०८**

**बैठक संख्याः ४९**

**<u>निर्णयहरु</u>**

१. महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले लेखापरीक्षणको क्रममा औंल्याएको साझा व्यहोराका सम्बन्धमा महालेखापरीक्षकको प्रतिनिधिसहित प्रदेश मन्त्रालयसँग यस समितिमा छलफल भई बेरुजुरहित प्रदेश बनाउन मन्त्रालयलाई निर्देशन दिने। साथै आगामी बैठकमा बुँदागत रुपमा अन्य आवश्यक निर्णय गर्ने।

## मितिः २०७७/१२/२०
## बैठक संख्याः ५०
## निर्णय

१. समितिको आगामी आ.व.२०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा प्रदेश सभा सचिवालयले आवश्यक कार्यक्रमहरुको निर्धारण गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयका माननीय मन्त्री र सचिवलाई प्रदेश सभामा आमन्त्रण गरी सचिवालयको बजेटका विषयमा माननीय सभामुखले छलफल गर्ने भनी सभापतिस्तरीय बैठकमा निर्णय भएको हुँदा सोही बमोजिम छलफल गरी समितिको लागि आवश्यक बजेट व्यवस्था गर्न माननीय सभामुखज्यूलाई अनुरोध गर्ने।

२. यस समितिको आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन सम्बन्धमा समितिको आगामी आवश्यक निर्णय गर्ने।

३. यस समिति अन्तर्गत गठित खरिद अध्ययन तथा अनुगमन उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदन उपर समितिको आगमी बैठकमा छलफल गर्ने एवं अन्य उपसमितिहरुको यही चैत मसान्तसम्म म्याद थप गरी उपसमितहरुलाई प्रतिवेदन पेश गर्न निर्देशन दिने।

## मितिः २०७७/१२/२५
## बैठक संख्याः ५१
## निर्णय

१ सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन, २०७८ को सम्बन्धमा छलफल गर्दा मिति २०७७ साल बैशाख मसान्तभित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय रिता माझिको संयोजकत्त्वमा तपसिल बमोजिमको पाँच सदस्य बार्षिक प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | | |
|---|---|---|
| १ | मा. रिता माझी | - संयोजक |
| २ | मा. जीवन डंगोल | - सदस्य |
| ३ | मा. रमेश पौड्याल | - " |
| ४ | मा. विनोद खड्का | - " |
| ५ | मा. सीता अधिकारी | - " |

२. खरिद अध्ययन तथा अनुगमन उपसमितिले महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक बेरुजू उपर अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि समितिमा थप अध्ययन तथा छलफल गरी समितिको आगमी बैठकमा निर्णय गर्ने।

३. सार्वजनिक लेखा समितिको आयोजना एवं संसद सहयोग परियोजना युएनडीपिको सहकार्यमा समितिको कार्यक्षेत्र बमोजिम महालेखा परिक्षकको वार्षिक प्रतिवेदन २०७७ एवं बेरुजु फछ्र्यौट प्रक्रियाका सम्बन्धमा महालेखापरीक्षक तथा संघीय संसदको सार्वजनिक लेखा समितिका मा. सभापति र विज्ञको उपस्थितिमा उक्त प्रतिवेदनका सम्बन्धमा मिति २०७८ साल बैशाख मसान्तभित्र छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**मितिः २०७७/१२/२६**
**बैठक संख्याः ५२**
**<u>निर्णयहरु</u>**

१. महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक बेरुजू उपर खरिद अध्ययन तथा अनुगमन उपसमितिले अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदनको सम्बन्धमा संघीय संसदको सार्वजनिक लेखा समिति, महालेखापरीक्षक एवं सम्बन्धित् विज्ञ विशेषज्ञसँग आवश्यक छलफल तथा परामर्श पश्चात् समितिमा थप अध्ययन तथा छलफल गरी आगमी बैठकमा निर्णय गर्ने।

२. यस सचिवालयको आ.व. २०७८/७९ को लागि विनियोजन हुने बजेटमा समितिको योजना तथा कार्यक्रम अन्तर्गत अनुगमन, छानविन, परामर्श सेवा खरिद एवं अन्तरप्रदेश अन्तर्क्रिया तथा छलफल लगायतका कार्यक्रमलाई प्राथमिकतामा राखि बजेट व्यवस्था गर्न आवश्यक पहल कदमी लिन प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने।

**मितिः २०७८/०१/२६**
**बैठक संख्याः ५३**
**<u>निर्णयहरु</u>**

१. खरिद अध्ययन तथा अनुगमन उपसमितिले महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सार्वजनिक खरिद सम्बन्धी सैद्धान्तिक बेरुजू उपर अध्ययन गरी समितिमा विचाराधिन

प्रतिवेदनमाथिको अध्ययन तथा छलफल सम्पन्न गरी उक्त प्रतिवेदनलाई सर्वसम्मत् पारित गर्दै उपसमितिले पेश गरेको सूझाव कार्यान्वयनको लागि सम्बन्धित् निकायलाई जानकारी एवं निर्देशन दिने।

२. प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमितिले सम्बन्धित् मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको सम्बन्धमा अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदनउपर छलफल गरी उक्त प्रतिवेदनलाई सर्वसम्मत् पारित गर्दै उपसमितिले पेश गरेको सूझाव कार्यान्वयनको लागि सम्बन्धित् मन्त्रालयलाई निर्देशन दिने।

३. संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने संवैधानिक व्यवस्था बमोजिम महालेखापरीक्षकले पेश गरेको आफ्नो वार्षिक प्रतिवेदन, २०७७ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् यस प्रदेश सभा सचिवालयमा मिति २०७७ असोज ६ गते दर्ता भएको छ। यसरी दर्ता भएको प्रतिवेदन माननीय मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेश भई समितिको कार्यक्षेत्र बमोजिम सार्वजनिक लेखा समितिमा छलफल हुने कानूनी व्यवस्था रहेकोमा हालसम्म पनि उक्त प्रतिवेदन सभामा पेश हुन सकेको छैन। यस आ.व.को प्रतिवेदन पेश हुने समय भईसक्दा पनि अघिल्लो आ.व.को प्रतिवेदन पेश नहुँदा समितिलाई उक्त प्रतिवेदनमाथि छलफल तथा निर्णय गर्न ढिलासुस्ती हुने एवं प्रतिवेदनउपर कुनै पनि कारबाही नहुने भएको हुँदा माननीय सभामुखज्यूको अनुमति लिई महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ माथि समितिमा छलफल प्रक्रिया अगाडी बढाउने।

४. बागमती प्रदेशको लागि महालेखापरीक्षकको बार्षिक प्रतिवेदन, २०७७ ले बेरुजू देखाएका तपसिलका मन्त्रालय/निकायसँग बेरुजूको दफा सहितको विस्तृत विवरण र बेरुजू फर्छ्यौट सम्बन्धमा हालसम्म भएको प्रगति प्रतिवेदन ७ (सात) दिन भित्र यस समितिलाई उपलव्ध गराउन निर्देशन दिने।

१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२ प्रदेश सभा सचिवालय
३ आन्तरिक मामिला तथा कानून मन्त्रालय
४ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
५ आर्थिक मामिला तथा योजना मन्त्रालय
६ भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय

७ सामाजिक विकास मन्त्रालय
८ भौतिक पूर्वाधार विकास मन्त्रालय
९ मुख्यन्यायाधिवक्ताको कार्यालय
१० प्रदेश नीति तथा योजना आयोग

५. विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को दोस्रो लहरले दक्षिण एसियाका मुलुकहरु प्रभावित भईरहेको सन्दर्भमा नेपालमा समेत संक्रमण व्यापक रुपमा बढ्दै गएको, अक्सिजनको अभावमा दैनिक ५० भन्दा बढी व्यक्तिको निधन भएको एवं दिन प्रतिदिन मृत्युदर बढ्दै गईरहेकोले स्थिति भयावह देखिन्छ। उक्त अवस्थाको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारले चालेको कदम, भावी रणनीति तथा सो को लागि स्थापित् कोषको मितव्ययी एवं पारदर्शी परिचालनका सन्दर्भमा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं सम्बन्धित् मन्त्रालयलाई तत्काल तपसिल बमोजिम कदम चाल्न निर्देशन दिने।

क. <u>आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>

१ कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा हालसम्म के कति रकम जम्मा भयो र सो कोषबाट भएको खर्चको यथार्थ जानकारी यस समितिलाई उपलब्ध गराउने साथै सार्वजनिकीकरण गर्ने।

२ सर्वसाधारणले अक्सिजन प्लान्ट एवं सप्लायर्ससँग सोझै अक्सिजन खरिद गरी भण्डार गर्दा अस्पतालहरुमा अक्सिजन तथा सिलिन्डर अभावका कारण थुप्रै मानिसहरुको मृत्यू भईरहेकोले संघीय सरकारसँग आवश्यक समन्वय गरी अस्पतालको सिफारिस नभई सर्बसाधारणलाई सिधै बिक्री वितरण गर्न नपाउने ब्यवस्था गर्ने।

ख. <u>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय</u>

३ बन्दाबन्दीको समयमा दैनिक उपभोग्य वस्तु लगायत स्वास्थ्य सामाग्रीहरुको कृतिम अभाव सृजना एवं कालोबजारी गरी चर्को मूल्यमा एवं म्याद गुज्रेका सामाग्रीहरु बिक्रि वितरण गरेको जनगुनासो आएकोले सो को प्रभावकारी अनुगमन गरी कारवाहीको दायरामा ल्याउने।

ग. <u>आर्थिक मामिला तथा योजना मन्त्रालय</u>

४ प्रदेश मन्त्रालय, सचिवालय, विभाग, आयोग तथा अन्य निकायमा भएको तत्काल खर्च गर्न नसकिने र खर्च गर्न आवश्यक नभएको विभिन्न कार्यक्रम खर्चको बजेट र सांसद पूर्वाधार विकास कार्यक्रमको सम्झौता हुन बाँकी रकम कोरोना भाइरस (COVID-19)

रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने एवं आ.व. २०७८/७९ को वार्षिक बजेटमा कोरोनालाई पहिलो प्राथमिकतामा राखि कोभिड लक्षित बजेट ल्याउने साथै कोभिडको महामारीसँग जुधिरहेका स्वास्थ्यकर्मीहरुलाई पर्याप्त प्रोत्साहन भत्ताको व्यवस्थामार्फत् उत्प्रेरित गरी परिचालन गर्ने।

घ. <u>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</u>

५ COVID-19 को कारण देशका सबै क्षेत्र ठप्प भएको हुँदा उत्पादनका कार्यमा समेत अवरोध भएकोले प्रदेश सरकारले खाद्य संकटको जोखिम निम्तिन सक्ने अवस्थालाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई प्राथमिकतामा राखि कृषकलाई मल, बीउ-विजन, प्रविधि उपलब्ध गराउने लगायत ठूला कृषि परियोजनाका कार्यक्रम तत्काल अगाडी बढाउनुका साथै ग्रामिण क्षेत्रमा उत्पादित तरकारी लगायतका वस्तुहरु कृषकले बजारसम्म पुर्‍याउन नसकी खेर गईरहेकोले त्यसको प्रभावकारी व्यवस्थापन गर्ने।

ङ. <u>सामाजिक विकास मन्त्रालय</u>

६ अक्सिजन अभावका कारण कोभिड संक्रमितको मृत्यु भईरहेकोले संघीय सरकारसँग पहल तथा समन्वय गरी प्रत्येक जिल्ला स्वास्थ्य कार्यलयहरुमा अक्सिजन तथा संक्रमितलाई दिइने औषधी लगायत आवश्यक स्वास्थ्य सामाग्रीहरु तत्काल उपलब्ध गराउने।

७ प्रदेशभित्र रहेका कतिपय अक्सिजन प्लान्ट सञ्चालन नै नभएको एवं पूर्ण क्षमतामा सञ्चालन नभएको गुनासो आएकोले त्यस्ता अक्सिजन प्लान्ट तत्काल प्रदेशको पहलकदमीमा पूर्ण रुपमा सञ्चालन गर्ने र नयाँ अक्सिजन प्लान्ट समेत तत्काल सञ्चालन गरी अक्सिजन आपूर्तिलाई सहज बनाउने।

८ बागमती प्रदेशमा पहिलो र दोस्रो अभियान गरी जम्मा ६५.७८ प्रतिशतले खोप लगाएको र सबै ज्येष्ठ नागरिकहरुले अझै खोप पाउन नसकेको तथ्याङ्क रहेको देखिन्छ भने अझै थुप्रै व्यक्तिले दोस्रो अभियानको दोस्रो डोज लगाउन बाँकी रहेकोले सरकारले आवश्यक पहल गरी तत्काल सबै जनतामा खोप उलब्ध गराउने।

९ प्रदेशका मुख्य शहरी क्षेत्र लगायत सबै पालिकाहरुमा अक्सिजन लगायत आधारभूत स्वास्थ्य समाग्री र न्यूनतम स्वास्थ्यकर्मी सहितको आइसोलेसन केन्द्रको द्रुत गतिमा निर्माण गर्ने।

१० भक्तपुर अस्पतालमा २० वटा, हेटौंडा अस्पतालमा १० वटा, सिन्धुली अस्पतालमा ५ वटा, त्रिशुली अस्पतालमा ५वटा, धादिङ अस्पतालमा १० वटा गरी जम्मा ५० वटा आइ.सि.यु. बेड रहेको र भक्तपुर अस्पतालमा ७५ वटा, हेटौंडा अस्पतालमा २५ वटा

र सिन्धुली अस्पतालमा २५ वटा एच डि यु (High Dependency Unit) बेड गरी जम्मा १२५ वटा बेड तयारीको क्रममा रहेको पाइएकोले आइ.सि.यु. र एच.डी.यु. बेडलाई सबै जिल्लामा शिघ्र रुपमा बिस्तार एवं स्तरोन्नती गर्ने।

च. <u>भौतिक पूर्वाधार विकास मन्त्रालय</u>

११ COVID-19 को आवश्यक स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै विकास निर्माणको कार्यलाई निरन्तरता दिने।

६. यस समिति अन्तर्गत गठित प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको मिति २०७८ साल जेठ ७ गते एवं वार्षिक प्रतिवेदन मस्यौदा उपसमितिको म्याद जेठ १५ गतेसम्म थप गर्ने।

**मितिः २०७८/०२/०६**

**बैठक संख्याः ५४**

**<u>निर्णयहरु</u>**

१. समितिको आजको यस बैठकमा यस समितिका सदस्य माननीय पशुपति चौलागाईको अकल्पनीय निधन प्रति देहाय बमोजिम शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**<u>शोक प्रस्ताव</u>**

बागमती प्रदेश सभा सदस्य एवं यस समितिका सदस्य माननीय पशुपति चौलागाईको कोरोना भाइरस संक्रमणका कारण मिति २०७८ साल बैशाख २८ गते मगलबारका दिन भएको अकल्पनिय एवं असामयिक निधनले समिति अत्यन्त मर्माहित एवं स्तब्ध भएको छ। यस दुःखद घडीमा माननीय पशुपति चौलागाई प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा सार्वजनिक लेखा समिति गहिरो समवेदना व्यक्त गर्दछ। नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा उहाँले गर्नु भएको योगदानको उच्च सम्मान गर्दै प्रदेश सभाको स्थापना कालदेखि नै यस समितमा क्रियाशील रही आफ्नो अमूल्य सल्लाह, सुझाव र विचारमार्फत् समितिलाई सक्षम बनाउन उहाँले खेल्नु भएको भूमिका अविस्मरणीय रहनेछ। एक बौद्धिक, प्रभावशाली र असल नेताको निधनले बागमती प्रदेश सभा, सार्वजनिक लेखा सिमित तथा देशलाई अपुरणीय क्षति भएको छ। अन्त्यमा, सार्वजनिक लेखा समिति पुनः माननीय पशुपति चौलागाई प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ।

**मितिः २०७८/०२/१४**
**बैठक संख्याः ५५**
**निर्णयहरु**

१ प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिले सम्बन्धित् मन्त्रालय र मातहतका निकायले समितिले दिएको प्रतिवेदन तथा निर्देशन कार्यान्वयन गरे नगरेको सम्बन्धमा अध्ययन गरी समिति समक्ष पेश गरेको प्रतिवेदन उपर छलफल गरी उक्त प्रतिवेदनलाई सर्वसम्मत् पारित गर्दै उपसमितिले पेश गरेको सूझाव कार्यान्वयनको लागि सम्बन्धित् मन्त्रालयलाई निर्देशन दिने।

# परिच्छेद-३

# विभिन्न समयमा गठन भएका उपसमितिका प्रतिवेदनहरु

## ३.१ खरिद अध्ययन तथा अनुगमन उपसमितिको प्रतिवेदन, २०७७

## परिच्छेद -१

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले प्रदेश सभा नियमावलीको नियम १४६ बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने प्रावधान स्वरुप सार्वजनिक लेखा समितिको गठन गरेको छ। यस समितिको कार्यक्षेत्र अन्तर्गत महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजु फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी रहेको छ।

महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष पेश गरेको बागमती प्रदेशको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभाको मिति २०७६ जेठ २ गतेको बैठकमा पेश भई समितिसमक्ष औपचारिक रुपमा प्राप्त भएको थियो। तत्पश्चात् समितिको मिति २०७७ बैशाख २६ गतेदेखि ३० गतेसम्म महालेखापरीक्षकका प्रतिनिधिसहित बसेको बैठकले प्रदेश मन्त्रालय, सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालयसँग प्रतिवेदनउपर छुट्टाछुट्टै छलफल गरी आवश्यक निर्देशन दिएको थियो।

यसै क्रममा प्रतिवेदनमा उल्लेखित मन्त्रालय/निकायगत विषयहरुको छलफलमा देखिएको सोझै खरिद सम्बन्धी विषयमा प्रतिवेदनले सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रतिस्पर्धी हुनुपर्नेमा प्रदेशले आर्थिक वर्ष २०७४/७५ मा फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्री सोझै खरिद गरी रु.१२ करोड ४३ लाख ९९ हजार भूक्तानी गरेको उल्लेख गरेको छ। नयाँ स्थापना भएका निकाय सञ्चालनका लागि तत्काल खरिद गर्नुपरेको भएतापनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन नगरेको भनी सैद्धान्तिक बेरुजु देखाएकोले उक्त विषयमा अध्ययन गर्न सार्वजनिक लेखा समितका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठको सभापतित्वमा बसेको समितिको मिति २०७७ जेठ १२ गतेको बैठकले मिति

२०७७ साल असार मसान्तसम्म समितिसमक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय प्रभात तामाङ्गको संयोजकत्वमा तपशिल बमोजिमको ५ (पाँच) सदस्यीय उपसमिति गठन गरेको थियो।

<u>तपसिल</u>

१. माननीय प्रभात तामाङ्ग - संयोजक
२. माननीय ओम बहादुर ग्लान - सदस्य
३. माननीय मुनु सिग्देल - सदस्य
४. माननीय रमेश पौड्याल - सदस्य
५. माननीय रिता माझी - सदस्य
६. श्री अम्बिक घिमिरे - सदस्य सचिव

सोही क्रममा उपसमितिको मिति २०७७ जेठ १४ गते पहिलो बैठक बसी प्रदेश मन्त्रालय, सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरुले आर्थिक वर्ष २०७४/७५ मा फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने तत्कालिन अवस्था हो वा होइन सो सम्बन्धमा स्पष्ट कारणसहित विस्तृत विवरण माग गर्ने निर्णय बमोजिम सम्बन्धित निकायसँग उक्त विवरण माग गरिएको थियो।यद्यपि विश्वव्यापि रुपमा फैलिएको कोरोना (कोभिड-१९) महामारीका कारण देश लकडाउनको अवस्थामा गएकोले उक्त प्रक्रिया तोकिएको मितिसम्म सम्पन्न हुन सकेन। केही निकायहरुबाट विवरण प्राप्त भएता पनि केही निकायहरुले भने विवरण पठाउन नसकेकोले अध्ययनको समयसीमा लम्बिन पुग्यो।तथापि विषम परिस्थितका बाबजुद पनि उपसमितिले जुममार्फत भर्चुअल बैठक बसी आवश्यक निर्णय गर्दै गएको थियो।

उपसमितिको लामो प्रयत्नपछि आवश्यक अध्ययन कार्य सम्पन्न गरी मिति २०७७ साल माघ ९ गतेको बैठकको निर्णयानुसार समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठसमक्ष प्रतिवेदन बुझाउने निर्णय भएको थियो।

## १.२ अध्ययनको उद्देश्य

बागमती प्रदेशको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ अन्तर्गत प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरुले पुँजीगत खर्च शीर्षकमा विनियोजित बजेटबाट फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा

६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अबलम्बन नगरेको भनी सैद्धान्तिक बेरुजु औंल्याएकोले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छानविन गरी वास्तविक अवस्था पत्ता लगाई समितिसमक्ष प्रतिवेदन पेश गर्ने। आगामी दिनमा प्रदेशमा हुने सार्वजनिक खरिद सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी एवम् त्रुटीरहित बनाउन सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउनुका साथै हुनसक्ने आर्थिक अनियमितता र नीतिगत भ्रष्टाचार नियन्त्रण गरी बेरुजु न्यूनीकरण गर्ने।

## १.३ उपसमितिको कार्यक्षेत्र

- बागमती प्रदेशको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराको बुँदा नम्बर ९ (नौ) को सोझै खरिद सम्बन्धी शीर्षकको परिधिभित्र रही मन्त्रालय/सचिवालय/कार्यालयहरुले गरेको पुँजीगत खर्चको विषय।
- बागमती प्रदेश अन्तर्गतका सात वटा मन्त्रालय, प्रदेश सभा सचिवालय र मुख्यन्यायाधिवक्ताको कार्यालय एवम् मातहतका निकायहरु।

## १.४ अध्ययन विधि

- ➢ प्रदेशका सबै मन्त्रालयहरु, प्रदेश सभा सचिवालय तथा मुख्यन्यायाधिवक्ताको कार्यालयबाट आ.व.२०७४/७५ को अषाढ मसान्तसम्म भएको सार्वजनिक खरिदको सम्पूर्ण विवरण माग गरिएको।
- ➢ प्रदेशका सबै मन्त्रालयहरु, प्रदेश सभा सचिवालय तथा मुख्यन्यायाधिवक्ताको कार्यालयबाट आ.व.२०७४/७५ को अषाढ मसान्तसम्म फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, सवारीसाधन लगायतका सामग्रीहरु ऐन बमोजिम सोझै र क्याटलग सपिङ्ग विधिबाट खरिद गरिएका सामग्री एवम् सेवाको खरिद प्रक्रियामा सहभागी सम्पूर्ण फर्म वा कम्पनीले पेश गरेको कोटेशन तथा सोको सूचना माग गरिएको।
- ➢ महालेखापरीक्षकको कार्यालयसँग आवश्यक छलफल तथा परामर्श गरिएको।
- ➢ समितिको मिति २०७७ पुस ८ गतेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औंल्याएको साझा व्यहोराको सम्बन्धमा भएको बैठकमा मन्त्रालयका प्रतिनिधिसँग खरिद कारबाहीको सम्बन्धमा समेत छलफल गरिएको।

# परिच्छेद - २

## मन्त्रालय/सचिवालय/कार्यालयगत विश्लेषण

महालेखापरिक्षकको वार्षिक प्रतिवेदन, २०७५ मा लेखापरीक्षणबाट देखिएका समग्र व्यहोराको बुँदा नम्बर ९ मा उल्लेखित विषयः

<u>सोझै खरिद</u> – सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद प्रतिस्पर्धा हुनुपर्नेमा प्रदेशले यो वर्ष फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु सोझै खरिद गरी रु.१२ करोड ४३ लाख ९९ हजार भूक्तानी गरेको छ। नयाँ स्थापना भएका मन्त्रालय सञ्चालनका लागि तत्काल खरिद गर्नुपरेको भएपनि सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ बमोजिमको प्रक्रिया अवलम्बन गरेको छैन।

### २.१ प्रदेश सभा सचिवालय

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर २ (पुँजीगत खर्च)</u> – सचिवालयको लागि रु.२ करोड ५० लाख पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड १९ लाख ८ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचरमा रु.२५ लाख ६२ हजार, सवारी साधनमा रु.६० लाख ३८ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३३ लाख ८ हजार खर्च गरेको देखिन्छ। खरिदमध्ये सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. प्रदेश तहको निर्वाचन सम्पन्न भएपश्चात् मिति २०७४ साल माघ १८ गते प्रदेश सभाको गठन भई प्रदेश सभा र त्यसको प्रशासनिक निकायको रुपमा प्रदेश सभा सचिवालयको स्थापना साविकको क्षेत्रीय शिक्षा निर्देशानलयको भवनमा रहेको देखिन्छ। यद्यपि सभा र सचिवालयले भवन प्राप्त गरेपनि प्रदेश सभाको बैठक कक्ष, एवम् त्यसको विभिन्न समिति कक्ष, पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र सचिवालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा

कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. प्रदेश सभाको गठन पश्चात् मिति २०७४ माघ २७ र २८ गते मा. सभामुख र मा. उपसभामुखको चयन प्रक्रिया सम्पन्न भएपछि पदाधिकारीलाई चाहिने आवश्यक सवारी साधन खरिद प्रक्रिया अगाडी बढाउन आ.व.२०७४/७५ को बजेट विनियोजन नभएकोले बजेट विनियोजन पश्चात् भूक्तानी हुने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७५/०१/१० मा सहमती प्राप्त भएको।सवारी साधन, फर्निचर, मेशिनरी लगायतका सामग्रीको लागत अनुमान र स्पेशिफिकेशन तयार गर्ने प्रक्रिया मिति २०७५/०१/२९ बाट सुरु भई एक वटा सवारी साधन खरिद गर्ने सूचना प्रकाशन मिति २०७५/०२/२७ गते भएको।उक्त सूचनामा तीन वटा प्रस्ताव दर्ता भएकोमा आर्थिक तथा प्राविधिक मूल्याङ्कनमा एडभान्स अटोमोबाइलस प्रा.लि. काठमाण्डौंको प्रस्ताव स्वीकृत भई Renault Duster AWD 5 Seater एक थान मूल्य अभिबृद्धि करसहित रु.५६४३२६२/९४ रुपैयामा खरिद गर्ने गरी मिति २०७५/०३/१७ मा प्रदेश सभा सचिवालय र एडभान्स अटोमोबाइलस प्रा.लि. काठमाण्डौंबीच द्धिपक्षीय खरिद सम्झौता भएको देखिन्छ।

३. फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरिएको।

## २.२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ६ (पुँजीगत खर्च)</u> - कार्यालयको लागि पुँजीगत खर्च शीर्षकमा रु.१ करोड ९० लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ८४ लाख ४ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख ६३ हजार, सवारी साधन खरिदमा रु.१ करोड २९ लाख ३० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा रु.३० लाख ११ हजार खर्च भएको छ। सवारी साधन क्याटलग सपिङ्ग विधिबाट र फर्निचर एवं मेशिनरी औजार सोझै खरिद गरेको एवं खरिद गरेको पाइयो।र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ।

ख. <u>अध्ययनमा देखिएको व्यहोरा:</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला विकास समितिको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. मन्त्रालयको मिति २०७५/०१/३० गतेको चारपांग्रे Four wheel drive भएको हलुका सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गर्ने निर्णयानुसार मिति २०७५/०१/३१ गते प्रकाशित सूचना बमोजिम तीन वटा फर्मले निवेदन पेश गरेपनि दुई वटा (सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काटमाण्डौं र अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौं) फर्म सूचीकृत भएको देखिन्छ। दुवै फर्मले पेश गरेको प्रस्तावको आर्थिक एवम् प्राविधिक मूल्याङ्कनमा TATA STROME VX 4WD-1 UNIT को कबोल मूल्य रु.५८,९०,०००/- (अक्षरुपि अन्ठाउन्न लाख नब्बे हजार मात्र) सहित सिप्रदी ट्रेडिङ्ग प्रा.लि काठमाण्डौं छनौट भई उक्त फर्मसँग सवारी साधन खरिद गरेको देखिन्छ।

## २.३ आन्तरिक मामिला तथा कानून मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोरा:</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत बजेट खर्च)</u> – मन्त्रालयको लागि रु.१ करोड ८४ लाख ९ हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ७३ लाख २९ हजार खर्च भएको देखिन्छ। उक्त खर्चमध्ये फर्निचर खरिदमा रु.२० लाख, सवारी साधन खरिदमा रु.१ करोड २७ लाख ३४ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२५ लाख ९५ हजार खर्च गरेको छ। उक्त खरिदमध्ये फर्निचर, मेशिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट

खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला शिक्षा कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु बोलपत्रको माध्यमबाट खरिद गरेतापनि एक आर्थिक वर्षभित्र पटक-पटक गरी फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, A/C, वासिङ्ग मेसिन, टिभि तथा कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद र अन्य बौद्धिक सम्पत्ति प्राप्ति सम्बन्धी कार्य टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ भने अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९0000/- र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९0000/- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ५ (पुँजीगत खर्च)</u> – कार्यालयको लागि रु.१ करोड ६४ लाख ५० हजार पुँजीगत बजेट प्राप्त भएकोमा रु.१ करोड ४० लाख ७७ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२३ लाख ७४ हजार, सवारी साधन खरिदमा रु.६८ लाख २९ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.४८ लाख ७४ हजार खर्च गरेको छ। उक्त

खरिदमध्ये फर्निचर, मेशिनरी औजार सोझै र सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्ने निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको क्षेत्रीय वन निर्देशनालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, TV, लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी अन्तर्गत मोटरबाइक र स्कुटर रु.९ लाख २१ हजार ६ सयमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट जगदम्बा मोटर्स प्रा.लि.सँग खरिद गरेको र चार पाँग्रे सवारी साधन अन्तर्गत Jeep Storme रु.५८९००००/- मा क्याटलग सपिङ्ग विधिको माध्यबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. सँग खरिद गरेको देखिन्छ।

## २.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः

### क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ६० लाख ९२ हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ३० लाख ५२ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२५ लाख ९१ हजार, सवारी साधन खरिदमा रु.२१ लाख ९० हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.८२ लाख ७१ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै तथा सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको

पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको जिल्ला वन कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, TV, AC, लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. महालेखापरीक्षकको प्रतिवेदनले सवारी साधन खरिदमा रु.२१ लाख ९० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयको सवारी साधन खरिद सम्बन्धी प्रकाशित सूचना बमोजिम दुई वटा कम्पनी (अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौं र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौं) सूचीकृत भएकोमा उक्त कम्पनीहरुबाट पेश भएको आर्थिक प्रस्तावको मूल्याङ्कन बमोजिम सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome VX 4*4 vat सहित रु.५९३५०००/- मा क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ।

## २.६ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ६६ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.३२ लाख १० हजार, सवारी साधन खरिदमा रु.७७ लाख १२ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.३० लाख ९५ हजार र कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिदमा रु.६

लाख ५९ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको यातायात व्यवस्था कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर तथा कम्प्युटर सिलबन्दी दरभाउपत्रमार्फत् खरिद गरेपनि पुनः फर्निचर, कम्प्युटर, फोटोकपि मेशिन, प्रिन्टर, AC, TV, फ्रिज लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. मन्त्रालयले दुई पाँग्रे सवारी अन्तर्गत मोटरबाइक र स्कुटर रु.१८ लाख ९७ हजार १ सयमा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको र चार पाँग्रे सवारी साधन अन्तर्गत Duster Rx1-4W एक थान रु.५६५३०१३/- मा क्याटलग सपिङ्ग विधिको माध्यबाट एडभान्स अटो मोवाइल प्रा.लि. सँग खरिद गरेको देखिन्छ।

## २.७ सामाजिक विकास मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ८८ लाख ८० हजार बजेट प्राप्त भएकोमा रु.१ करोड ८४ लाख ५४ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख १० हजार, सवारी साधन खरिदमा रु.१ करोड २७ लाख ८७ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.३२ लाख ५७ हजार खर्च गरेको

छ। फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। र फर्निचर एवम् मेशिनरी औजार सोझै खरिद गरेको देखिन्छ। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोरा:</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भई साविकको क्षेत्रीय स्वास्थ्य निर्देशनालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर खरिद गरेको।

३. यस मन्त्रालयको मिति २०७५/०१/२६ मा एक वटा सवारी साधन खरिद सम्बन्धी सूचना प्रकाशन भई दुई वटा फर्म (सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौ र अग्नी इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौ) सूचीकृत भएकोमा दुवैसँग माग गरिएको आर्थिक प्रस्ताव मूल्याङ्कनमा रु.५८,९००००/-(अक्षरुपि अन्ठाउन्न लाख नब्बे हजार) बोलकबोल अंकसहित सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौ छनौट भएको देखिन्छ। एउटा मात्र सवारी साधन खरिद गर्ने प्रक्रिया अगाडी बढि बोलपत्र स्वीकृत भईसकेको र अर्को सवारी साधनको लागि बजेट अपुग रहेको अवस्थामा मन्त्रालयले अर्को सवारी साधन पनि तत्काल आवश्यक परेको र तत्काल खरिद नगर्दा भन्सार महशुल बढ्न गई महँगो पर्ने कारण देखाई सूचीकृत फर्ममध्ये सिप्रदी ट्रेडिङ्ग प्रा.लि.काठमाण्डौले सोही मूल्यमा अर्को सवारी साधन उपलब्ध गराउन नसक्ने जनाएकोले सूचीकृत अर्को फर्म अग्नी इन्कर्पोरेटेड प्रा.लि.काठमाण्डौसँग खरिद गर्ने गरी मिति २०७५/०२/२२ मा प्रदेश मन्त्रीपरिषद्मा प्रस्ताव पेश गरी मन्त्रिपरिषद्को मिति २०७५/०२/२३ को निर्णय बमोजिम मन्त्रालयले सूचीकृत फर्ममध्ये छनौटमा नपरेको अग्नी इन्कर्पोरेटेड प्रा.लि.सँग ५९,९००००/-(अक्षरुपि उनन्साठ्ठी लाख

नब्बे हजार) मा (S11 Scorpio 4WD) खरिद गरेको देखिन्छ। मन्त्रालयले अन्य सवारी साधन (मोटरसाइकल, स्कुटर) पनि सोझै खरिद गरेको देखिन्छ।

## २.८ भौतिक पूर्वाधार विकास मन्त्रालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर ४ (पुँजीगत खर्च)</u> – पुँजीगत खर्चका लागि रु.१ करोड ५० लाख बजेट प्राप्त भएकोमा रु.१ करोड ४६ लाख ८९ हजार खर्च भएको देखिन्छ। खर्चमध्ये फर्निचर खरिदमा रु.२४ लाख ६९ हजार, सवारी साधन खरिदमा ८९ लाख १५ हजार र कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजार खरिदमा रु.२९ लाख ८२ हजार र कम्प्युटर सफ्ट्वेयर खरिदमा रु.३ लाख २३ हजार खर्च गरेको छ। फर्निचर तथा मेशिनरी औजार सोझै खरिद गरेको एवं सवारी साधन क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइयो। सोझै खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्दछ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१. नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्ने निर्णय भए बमोजिम मिति २०७४/१०/२८ मा मन्त्रालयको स्थापना भएको, साविकको यातायात व्यवस्था कार्यालयको भवनमा मन्त्रालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको साथै पदाधिकारीको कार्यकक्ष तथा नीजि निवास र मन्त्रालयका कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२. मन्त्रालयले केही फर्निचर तथा कम्प्युटर सिलबन्दी दरभाउपत्रमार्फत् खरिद गरेपनि पुनः फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर, AC लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३. दुई वटा चार पाँग्रे सवारी साधन (Right Hand Drive Compact SUV रु.४१४९०००/- मा Pioneer Moto Corp. Pvt.Ltd, Kathmandu बाट र Right Hand Drive Hard Top Jeep Sumo Gold रु.३४९००००/- मा Sipradi Trading Ltd.

Kathmandu बाट) बोलपत्रको माध्यबाट र चार थान मोटरसाइकल (Discover 150 cc जम्मा रु.८१५६००/-) शिलबन्दी दरभाउपत्र मार्फत् खरिद गरेको र विभिन्न समयमा अन्य मोटरसाइकल, स्कुटर र साईकल सोझै खरिद गरेको देखिन्छ।

## २.९ मुख्य न्यायाधिवक्ताको कार्यालयः

क. <u>प्रतिवेदनले उल्लेख गरेको (परिच्छेद -३ को मन्त्रालय र निकायगत) व्यहोराः</u>

<u>बुँदा नम्बर २ (पुँजीगत खर्च)</u> – कार्यालयको लागि र.१८ लाख २० हजार पुँजीगत बजेट प्राप्त भएकोमा फर्निचर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायतको मेशिनरी औजारमा गरेको देखिन्छ। खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको देखिन्छ।

ख. <u>अध्ययनमा देखिएको व्यहोराः</u>

१ नेपालको संविधान बमोजिम संघीय सरकारले प्रदेश सरकार गठन गर्न निर्णय भए बमोजिम साविकको यातायात व्यवस्था कार्यालयको भवनमा कार्यालयको स्थापना भएको देखिन्छ। तत्कालिन परिस्थितिमा कुनै संरचना नरहेको अवस्थामा पदाधिकारी तथा कर्मचारीहरुको लागि फर्निचर (टेबुल, कुर्सी, दराज, सोफा) तथा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपि मेशिन लगायत कार्यसञ्चालनको लागि अत्यावश्यक अन्य सामानको व्यवस्था तत्काल नै गर्नुपर्ने देखिएको।

२ कार्यालयले फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका कार्यालय सामग्रीहरु एक आर्थिक वर्षभित्र पटक-पटक गरी टुक्र्याएर सोझै खरिद गरेको।

३ कार्यालयले एउटा दुई पाँग्रे सवारी साधन (150 cc को Bajaj Motorcycle) सोझै खरिद गरेको।

# परिच्छेद - ३

# <u>अध्ययनको निष्कर्ष</u>

१. कुनै पनि मन्त्रालय/सचिवालय/कार्यालयहरुले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन।

२. वार्षिक बजेटको विनियोजन र सवारी साधन खरिद सम्बन्धी मापदण्ड स्वीकृत भएको समयलाई मध्यनजर गर्दा सवारी साधन खरिद सम्बन्धी प्रक्रिया २०७५ वैशाख पछि अगाडी बढाउन सक्ने अवस्था विद्यमान रहेको।

३. सबै मन्त्रालय, सचिवालय, कार्यालयहरुमार्फत् खरिद भएको फर्निचर, कम्प्युटर, ल्यापटप, फोटोकपि मेशिन, प्रिन्टर लगायतका सामग्रीहरु प्रतिस्पर्धा सिमित हुने गरी एकै आर्थिक वर्षभित्र एकै महिनामा समेत टुक्रा-टुक्रा गरी पटक पटक खरिद गरिएको।

४. खरिद प्रक्रियामा अवलम्बन गरिएको ऐन बमोजिम विशेष परिस्थितिको व्याख्या औचित्यपूर्ण देखिएन।

**["विशेष परिस्थिति" भन्नाले सुख्खा, अनावृष्टि, अतिवृष्टि, भूकम्प, बाढी, पहिरो, आगलागि जस्ता प्राकृतिक वा दैवी प्रकोपतथा महामारी वा आकस्मिक वा अप्रत्याशित विशेष कारणबाट सृजित परिस्थिति सम्झनु पर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द जस्ता परिस्थिति समेतलाई जनाउनेछ। सार्वजनिक खरिद ऐन २०६३ को दफा २(ढ)]**

५. ऐन बमोजिम प्रस्तावित आपूर्तिकर्ता वा सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए/नभएको यकिन गर्न सम्बन्धित सार्वजनिक निकायले बजार अध्ययन, पूर्व खरिद मूल्य तथा लागत अनुमानका आधारमा दर विश्लेषण नगरी एवम् अन्य सेवा प्रदायकसँग वार्ता तथा छलफल नगरी सोझै खरिद गरेको देखिन्छ।

६. मन्त्रालयको गठन २०७४ माघ २८ गते नै भईसकेको अवस्थामा सवारी साधन के कति आवश्यक हो भन्ने विषय पूर्वानुमान गर्न सकिने अवस्थामा सामाजिक विकास मन्त्रालयले एक थान सवारी साधन खरिद गर्न सूचना प्रकाशन गरेकोमा तत्काल नै थप अर्को सवारी साधन पनि आवश्यक परेको भनि सूचीकृत भएको यद्यपि छनौटमा नपरेको दोस्रो कम्पनीसँग मन्त्रिपरिषद्को निर्णय बमोजिम पहिलो भन्दा महँगोमा क्याटलग सपिङ्ग विधिभन्दा बाहिर गई सोझै खरिद गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (ख) (ङ) र (च) बमोजिम खरिद गर्दा सोहि ऐनको दफा ४१ को उपदफा २ बमोजिम खरिद गर्न सकिने व्यवस्था भएपनि उक्त व्यवस्था विपरीत खरिद गरेको र सवारी कर बढ्ने भएकोले

प्रदेश सरकारलाई आर्थिक भार पर्ने हुँदा खरिद गर्नु परेको भन्ने औचित्य पुष्टि नभएको।

७. महालेखापरीक्षकको प्रतिवेदनले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सवारी साधन खरिद शीर्षकमा रु.२१ लाख ९० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयबाट प्राप्त कागजात अनुसार क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA Strome VX 4*4) रु.५९३५०००/- मा सवारी साधन खरिद गरेको पाईयो।

८. महालेखापरीक्षकको प्रतिवेदनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सवारी साधन खरिद शिर्षकमा रु.१ करोड २९ लाख ३० हजार खर्च भएको देखाएको छ। यद्यपि मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA STROME VX 4WD) रु.५८,९०,०००/- मा एक थान चार पाँग्रे सवारी साधन खरिद गरेको पाईयो।

९. महालेखापरीक्षकको प्रतिवेदनले भौतिक पूर्वाधार विकास मन्त्रालयले क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद दुई वटा चार पाँग्रे सवारी साधन (Right Hand Drive Compact SUV रु.४१४९०००/- मा Pioneer Moto Corp. Pvt.Ltd, Kathmandu बाट र Right Hand Drive Hard Top Jeep Sumo Gold रु.३४९००००/- मा Sipradi Trading Ltd. Kathmandu बाट) बोलपत्रको माध्यबाट र चार थान मोटरसाइकल (Discover 150 cc जम्मा रु.८१५६००/-) शिलबन्दी दरभाउपत्र मार्फत् खरिद गरेको र विभिन्न समयमा अन्य मोटरसाइकल, स्कुटर र साईकल सोझै खरिद गरेको देखिन्छ।

१०. भौतिक पूर्वाधार विकास मन्त्रालयको बोलपत्र र शिलबन्दी दरभाउपत्रको माध्यद्धारा सवारी साधन खरिद गरेको देखिएको तर सोही समयमा अन्य मन्त्रालय/निकायले विशेष परिस्थिति भनी क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिएकोले उक्त समय विशेष परिस्थिति हो भन्ने पुष्टि हुन नसकेको।

११. आन्तरिक मामिला तथा कानून मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको छ भने अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९००००/- र सिप्रदी ट्रेडिङ्ग

प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९००००/- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ। यसरी खरिद गरिदा उत्पादक तथा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८(१क) र (२) उल्लङ्घन भएको पाईयो।

## परिच्छेद – ४

## सुझावहरु

१. अध्ययनबाट प्राप्त निष्कर्ष अनुसार कुनै पनि निकायले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरी खरिद गरेको देखिएकोले आगामी दिनमा प्रचलित ऐन बमोजिम खरिदको गुरुयोजना (मास्टर प्रोक्युरमेन्ट प्लान) र वार्षिक खरिद योजना अनुसार मात्र खरिद गर्नु पर्ने।

२. सोझै खरिद गर्नु पर्ने विशेष परिस्थिति भएमा प्रचलित ऐन बमोजिम प्रस्तावित आपूर्तिकर्ता वा सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए/नभएको यकिन गर्न सम्बन्धित सार्वजनिक निकायलाई बजार अध्ययन, पूर्व खरिद मूल्य तथा लागत अनुमानका आधारमा दर विश्लेषण एवम् अन्य सेवा प्रदायकसँग समेत वार्ता तथा छलफल गरेर मात्र खरिद सम्बन्धी कारबाही अगाडी बढाउनु पर्ने।

३. सोझै खरिद गर्नु पर्ने विशेष परिस्थिति हो भन्ने एकिन भई खरिद गर्नु परेको खण्डमा पनि कतिपय निकायहरुले प्रतिस्पर्धा सिमित हुने गरी एकै आर्थिक वर्षभित्र एकै महिनामा समेत टुक्रा-टुक्रा गरी पटक पटक खरिद गर्ने गरेको देखिएकोले आगामी दिनमा त्यस्तो नगर्न र नियमावलीको नियम ८५ १(ख) र नियम १४५(२) को पालना गर्न सचेत गराउने। साथै प्रत्येक सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) बमोजिमको सूची तयार गरेर मात्र खरिद कार्य गर्नु पर्ने।

४. कुनै पनि खरिद सम्बन्धी कार्य गर्दा वार्षिक खरिद गुरुयोजना/योजना अनुसार बोलपत्रको माध्यमबाट मात्र गर्नु पर्ने।

५. सामाजिक विकास मन्त्रालयले एक थान सवारी साधन खरिद गर्न सूचना प्रकाशन गरेकोमा तत्काल नै थप अर्को सवारी साधन पनि आवश्यक परेको भनि सूचीकृत भएको यद्यपि छनौटमा नपरेको दोस्रो कम्पनीसँग मन्त्रिपरिषद्को निर्णय बमोजिम

पहिलो सवारी साधन भन्दा महँगोमा क्याटलग सपिङ्ग विधिभन्दा बाहिर गई सोझै खरिद गरेको देखिएकोले आगामी दिनमा त्यस्तो कार्य नगर्न/नगराउन सम्बन्धित मन्त्रालय एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने। विशेष परिस्थितिको औचित्य पुष्टि नभएको, उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८(१) मा तोकिएको सीमा भन्दा बाहिर गई एकै पटकमा रु.१ करोड १८ लाख ८० हजारमा खरिद गरेको, तत्कालिन अवस्थाको मूल्य भेरिफिकेशन समेत गर्नु पर्ने अवस्था देखिएको र मन्त्रिपरिषदबाट खरिद गर्नु पर्ने कारण पनि पुष्टि नभएकोले तत् सम्बन्धमा थप छानविन गरी उक्त निर्णय प्रक्रियामा संलग्न पदाधिकारीलाई आवश्यक कानूनी कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गर्नु पर्ने।

६. सार्वजनिक निकायमा हुने सार्वजनिक खरिद तथा निर्माण सम्बन्धी कार्यप्रति विशेष ध्यान दिई औचित्यता पुष्टि हुने गरी लेखापरीक्षण कार्य गर्न/गराउन महालेखापरीक्षकको कार्यालयलाई समेत ध्यानाकर्षण गराउनु पर्ने।

७. महालेखापरीक्षकको प्रतिवेदनले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सवारी साधन खरिद शीर्षकमा रु.२१ लाख ९० हजार खर्च भएकोमा मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA Strome VX 4*4) रु.५९३५०००/- मा सवारी साधन खरिद गरेको पाईएकोले सो सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण गराउनुका साथै मन्त्रालयलाई सो शिर्षक (सवारी साधन खरिद) मा आ.व. २०७४/७५ मा भएको खर्चको वास्तविक जानकारी समितिलाई उपलब्ध गराउन निर्देशन दिनु पर्ने।

८. महालेखापरीक्षकको प्रतिवेदनले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सवारी साधन खरिद शिर्षकमा रु.१ करोड २९ लाख ३० हजार खर्च भएको देखाएकोमा मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा क्याटलग सपिङ्ग विधिबाट सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग (TATA STROME VX 4WD) रु.५८,९०,०००/- मा एक थान

चार पाँग्रे सवारी साधन खरिद गरेको पाईएकोले सो सम्बन्धमा मन्त्रालयसँग सवारी साधन खरिदको पूर्ण र वास्तविक जानकारी माग गर्नुपर्ने।

९. महालेखापरीक्षकको प्रतिवेदनले भौतिक पूर्वाधार विकास मन्त्रालयले क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद गरेको भनी देखाएको यद्यपि मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा चार पाँग्रे सवारी साधन दुई थान बोलपत्र र दुई पाँग्रे सवारी साधन शिलबन्दी दरभाउ पत्रको माध्यबाट खरिद गरेको देखिएकोले सो सम्बन्धमा भएको त्रुटीबारे महालेखापरीक्षकको कार्यालयको ध्यानाकर्षण गराउनु पर्ने।

१०. आन्तरिक मामिला तथा कानून मन्त्रालयले दुई पाँग्रे सवारी साधन (मोटरबाइक र स्कुटर) क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको एवं अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौंसँग Mahendra Scorpio S11 4WD रु.५९९०००0/- र सिप्रदी ट्रेडिङ्ग प्रा.लि. काठमाण्डौंसँग TATA Strome रु.५८९००००/- मा दुई वटा चार पाँग्रे सवारी साधन एकै पटक/एकै महिनाभित्र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको देखिन्छ। यसरी खरिद गरिदा उत्पादक तथा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम १८ १(क) र (२) उल्लङ्घन भएको पाईएकोले तत् सम्बन्धमा थप छानविन गरी उक्त निर्णय प्रक्रियामा संलग्न पदाधिकारीलाई आवश्यक कानूनी कारबाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गर्नु पर्ने।

## ३.२ प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदन, २०७७

### परिच्छेद-१

### परिचय

#### १.१ पृष्ठभूमी

प्रदेश सभा नियमावली, २०७४ को दफा १४६ बमोजिम प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कनका साथै सार्वजनिक लेखा समितिले विभिन्न समयमा दिइएको निर्देशनका सम्बन्धमा आवश्यक राय सुझाव सहितको प्रतिवेदन पेश गर्नु यस उपसमितिको दायित्व हो।यसै सिलसिलामा प्रदेश सरकारको बिभिन्न संयन्त्रले आफ्नो प्रदेशको विकास निर्माणको कार्यलाइ पारदर्शी, भ्रष्टचारमुक्त, गुणस्तरयुक्त, निष्पक्ष र विवादरहित ढंगले सहजरुपमा अगाडी बढाएको छ वा छैन भन्ने कुराको समेत अनुगमन गरिएको थियो।

सार्वजनिक लेखा समितिले प्रदेश सभा नियमावलीले मार्गनिर्देश गरेको क्षेत्राधिकार भित्र रहि आफ्ना काम कर्तव्य नियमित रुपमा गर्दै आएको छ।प्रदेश सरकार अन्तर्गतका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा सचिवालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकासमन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र मुख्यन्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित विषय हरुलाई उपसमितिमा ल्याई पर्याप्त छलफल गर्ने, प्रदेश भित्रका विविध आर्थिक तथा निर्माणका क्षेत्रमा सरकारलाई सुझाव दिने, योजना निर्माण, कार्यान्वयन लगायत कानून निर्माण र कार्यान्वयनका सवालमा सरोकारवाला निकायका प्रतिनिधीहरुसँग पर्याप्त छलफल गर्ने कार्य समेत सार्वजनिक लेखा समितिले गर्दै आएको छ।

प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिले प्रदेश सरकारबाट सञ्चालित योजना वर्तमान अवस्था, वित्तिय तथा भौतिक प्रगति, कानून निर्माण र कार्यान्वयनको अवस्था तथा सार्वजनिक लेखा समितिले विभिन्न समयमा दिइएको निर्देशनका सम्बन्धमा समेत सरोकारवाला निकायहरुसँग प्रत्यक्षरुपमा छलफल गर्ने उद्येश्यले सार्वजनिक लेखा समितिको मिति २०७६/१२/०५ गतेको बैठकको निर्णयानुसार उपसमिति निर्माण गरी प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन

गरी अध्ययन अनुगमन तथा छलफलको जिम्मेवारी तोकिएको थियो। उक्त उपसमितिमा देहायका माननीय सदस्यहरु रहनु भएको थियो।

| | |
|---|---|
| १. मा. जीवन डंगोल | संयोजक |
| २. मा. ओम बहादुर ग्लान | सदस्य |
| ३. मा. गणेश दुलाल | " |
| ४. मा. जीवन खड्का | " |
| ५. मा. देवकी श्रेष्ठ | " |
| ६. श्री अम्बिक घिमिरे | सदस्य सचिव |

## १.२ अध्ययनको उद्देश्य

- प्रदेश सरकारद्धारा प्रचलित ऐन, नियम मन्त्रालयले बनाएका कानूनको कार्यान्वयनको अवश्था कस्तो छ, सोको अध्ययन गर्ने। सो अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- प्रदेश मन्त्रालय र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारमातहत रहेका निकायबाट सञ्चालित योजना/कार्यक्रमहरुको बस्तुस्थिती बारे जानकारी लिने।
- प्रदेश सरकार अन्तर्गतका योजनाः्कार्यक्रमहरु कार्यान्वयनका क्रममा देखिएका कठिनाईहरुको पहिचान तथा समाधान गर्ने उचित उपाय पहिल्याउने।
- सरकारका काम कारबाही प्रति भएका अनियमितता, दुरुपयोग तथा लापरबाही प्रति सजग गराउने।
- प्रदेश सरकार मार्फत विनियोजित रकमको खर्चको यथार्थ अवस्था बारे विवरण संकलन गर्ने।
- मन्त्रालयले पहिचान गरेका कानून मध्य कति कानून बने र कति बन्न बाँकि रहेको छ सोको अध्ययन गरी आवश्यक निर्देशन दिने।
- प्रदेश सरकार मार्फत भएको बजेट निकासा तथा खर्च गर्ने निकायले खर्च गर्ने सन्दर्भमा भोग्नु परेका कठिनाईको अवस्था बारे जानकारी लिने।

**१.३ उपसमितिको कार्यक्षेत्र**

- प्रदेश सभा नियमावली २०७४ को नियम १४६ को कार्यक्षेत्रभित्र रहि नियम १५१ मा भएको समितिको काम, कर्तव्य र अधिकार बमोजिम उपसमितिले मिति २०७७ पौष मसान्त सम्मको अवधि भित्र तोकिएको जिम्मेवारी पुरा गरिसक्नु पर्ने।
- सार्वजनिक लेखा समिति अन्तर्गत बनेको **प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन** उपसमितिको कार्यक्षेत्र देहायका मन्त्रालय र मातहतका कार्यालयहरु तोकिएको थियो।

  (क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
  (ख) आन्तरिक मामिला तथा कानून मन्त्रालय
  (ग) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
  (घ) आर्थिक मामिला तथा योजना मन्त्रालय
  (ङ) भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
  (च) भौत्तिक पूर्वाधार विकास मन्त्रालय
  (छ) सामाजिक विकास मन्त्रालय

**१.४ अध्ययन विधि**

- मन्त्रालयबाट वार्षिक योजना तथा कार्यक्रम एवम् प्रगति विवरण माग गरिएको थियो।
- प्रदेश मन्त्रालयका सचिवसँग मन्त्रालयको योजना तथा कार्यक्रम, वार्षिक प्रगति लगायतका विषयमा छलफल तथा अन्तरक्रिया सञ्चालन गरिएको।

## परिच्छेद-२

## मन्त्रालयगत छलफल तथा प्राप्त विवरणको विश्लेषण

### २.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. प्रदेशको प्रमुख अड्डाको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। यस कार्यालयले आफ्नो कामकारबाहीका अतिरिक्त समग्र प्रदेशको कामकारबाही समेत व्यवस्थापन तथा नियमन गर्नु पर्ने हुन्छ। सोही जिम्मेवारीमा रहेर प्रदेशमा आवश्यक कानूनहरुको निर्माण कार्यको लागि नेतृत्वदायि भूमिका निर्वाह गर्नु पर्ने अड्डाले स्वयंम अझैसम्म आफ्नो निकाय अन्तर्गतका कानून निर्माण गरिसकेको

देखिंदैन। प्रदेश प्रशासन सञ्चालनको मेरुदण्डको रुपमा रहेको प्रदेश निजामती सेवा ऐन हालसम्म पनि नबनेको, स्थानीय तहको विवाद समाधान सम्बन्धी ऐन, मानव अधिकार संरक्षण सम्बन्धी प्रादेशिक नीति, मानव संशाधन विकास योजना तथा रणनीति, भ्रष्टाचार विरुद्धको प्रादेशिक रणनीति, र साझा अधिकारको सूचीभित्र रहेका विषयहरुसँग सम्बन्धित थुप्रै ऐन, कानून तथा सो अन्तर्गत नियम, निर्देशिका एवम् कार्यविधि बन्न सकेको देखिएन।

२. आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम एवम् बजेटले घोषणा गरेका १५ वर्षे प्रदेश सार्वजनिक प्रशासन गुरुयोजना, मानव संशाधन विकास योजना तथा तालिम नीति, प्रदेश निजामती अभिलेख केन्द्रको स्थापना, विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीतिगत तथा संरचनागत संयन्त्र निर्माण, जवाफदेही कानूनको निर्माण, सरकारी तथा गैरसरकारी संस्थाहरुलाई नियमन गर्ने मापदण्ड तर्जुमा, मानव अधिकार सम्बन्धी चेतनामुलक कार्यक्रम, प्रदेश आवधिक योजना तथा दीर्घकालिन योजना निर्माण, परियोजना बैंकको कार्यान्वयन, नीजि क्षेत्रको प्रवर्द्धनात्मक नीति तर्जुमा र संस्कृतिको संम्वर्द्धन र संरक्षण गर्ने प्रादेशिक नीति लगायतका कार्यक्रम सुरुवात हुन सकेको पाइएन।

३. प्रदेशमा कर्मचारीको अभावका कारण काम कारबाहीमा बाधा परेको भनी बारम्बार गुनासो आउने गरेको यद्यपि दक्ष जनशक्ति भर्ना गर्ने कार्यमा भने स्वयंम निकाय नै जिम्मेवार हुनु पर्नेमा हालसम्म पनि अन्योलतामा रहेको देखिन्छ।

४. यस कार्यलयका लागि आ.व. २०७६/७७ मा विनियोजित बजेटमध्ये चालुतर्फ २७.१७ प्रतिशत र पुँजीगततर्फ १३.३३ प्रतिशत गरी कुल २४.७८ प्रतिशत मात्र खर्च भएको देखिन्छ। यसरी हेर्दा कार्यालयले लक्ष्य अनुरुप खर्च गर्न नसक्दा आफ्नो काम कारबाही गर्न नसकेको स्पष्ट हुन्छ।

५. यस निकायले कोभिड-१९ को असर, जनशक्ति अभाव, समन्वयको कमी, संस्थागत क्षमता, संघीय कानूनको अभावमा कतिपय कानून तर्जुमा गर्न नसक्नु, जग्गा प्राप्ति लगायतका विषयमा संघीय सरकारको सहमति प्राप्त गर्न समय लाग्नु लगायतका समस्याहरु देखाएको छ। यद्यपि यि सबै समस्या हल गर्नेतर्फ भने चाँडो भन्दा चाँडो आवश्यक कदम चालेको देखिंदैन। यस्ता समस्याको हल गर्ने प्रमुख दायित्व स्वयंम निकायको नै भएको भएता पनि यि यावत् समस्याहरु देखाएर पन्छिएको देखिन्छ।

## २.२ आन्तरिक मामिला तथा कानून मन्त्रालय

१. यस मन्त्रालयको प्रमुख जिम्मेवारीको रुपमा प्रदेश कानून र सुरक्षा सम्बन्धी कार्य रहेको छ। प्रदेशले बनाउनु पर्ने ९९ वटा कानूनमध्ये हालसम्म ६० वटा (१ समितिमा विचाराधिनसहित) कानून मात्र बनेको देखिन्छ। सुरक्षा सम्बन्धी केही ऐनको निर्माण भएपनि प्रदेश सुरक्षा रणनीति निर्माण सम्बन्धी कार्य हुन सकेको देखिएन।

२. मन्त्रालयको जिम्मेवारीमा रहेको प्रदेश राजपत्र, ऐन/कानून संग्रह प्रकाशन तथा अभिलेखिकरण सम्बन्धी कार्य नियमित हुँदै आएको देखिन्छ। यद्यपि वार्षिक नीति तथा कार्यक्रम र बजेटले घोषणा गरेका लागु औषध विरुद्धको सचेतना कार्यक्रम, मानव बेचविखन लैङ्गिक तथा घरेलु हिँसा विरुद्धको कार्यक्रम, नागरिक शिक्षाका लागि प्रदेश जागरण कार्यक्रम, कैदी बन्दीलाई क्षमता अभिवृद्धि तालिम तथा प्रदेश अनुसन्धान व्यूरोको स्थापना लगायतका कार्यक्रमहरु कार्यान्वयन भएको देखिएन।

३. यस कार्यलयका लागि आ.व. २०७६/७७ मा विनियोजित बजेटमध्ये चालुतर्फ ७६ प्रतिशत र पुँजीगततर्फ ४६ प्रतिशत खर्च भएको देखिन्छ। प्रदेश प्रहरी चौकी भवन निर्माणमा करिब ८५ प्रतिशत पुँजीगत बजेट शीर्षकमध्ये सबैभन्दा धेरै खर्च गरेको वितीय प्रगतिमा देखिन्छ यद्यपि यसको भौतिक प्रगति के कति भयो सोको तथ्याङ्क/जानकारी भने छैन। अन्य निर्माणमा करिब १० प्रतिशत मात्र खर्च भएको छ। मन्त्रालयले सार्वजनिक खरिदमा ठूलो रकम खर्च गरेको, जसमध्ये मेशिनरी औजार खरिदमा मात्र बढी खर्च गरेको प्राप्त विवरणबाट स्पष्ट हुन्छ। त्यस्तै संरचनागत सुधार, सफ्टवेयर प्रणाली जडान तथा अनुसन्धानको क्षेत्रमा शुन्य प्रतिशत प्रगति देखिन्छ। यसरी हेर्दा यस मन्त्रालयले लक्ष्य अनुरुप काम कारबाही गर्न सकेको देखिदैन।

४. ४६ वटा शिर्षकमा बजेट विनियोजन भएकोमा २३ वटा शिर्षकमा खर्च भएको छैन। रजिष्ट्रार कार्यालयमा समेत ७ वटा शिर्षकमा खर्च भएको देखिएन।

५. २२ वटा ऐन बनेको र ९ वटा ऐन संशोधन भएका छन् यद्यपि लक्ष र बनाउनु पर्ने कानून कति हो स्पष्ट छैन।

## २.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

१. मन्त्रालयको स्वीकृत दरवन्दी १२७८ मध्ये ५०२ पद रिक्त रहेकोले काम कारबाही प्रभावकारी ढङ्गबाट अगाडी बढेको देखिदैन।

२. कोभिड- १९ का कारण ठेक्काको सूचना PPMO का सूचनाका कारण म्याद बढाउदै जाँदा काम नभएको र मन्त्रालयको ५० प्रतिशत कामहरु तेस्रो चौमासिकमा विनियोजन भएको र सो समयमा कोभिड- १९ का कारण कार्यान्वयन हुन नसकेको भनी विवरण प्राप्त भएको।

३. मन्त्रालयले बनाउनु पर्ने केहि ऐनहरु हालसम्म पनि बाँकी रहेको देखिन्छ। जस्तै पर्यटन सम्बन्धी ऐन, नदीजन्य पदार्थ संकलन तथा व्यवस्थापन ऐन, धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण तथा व्यवस्थापन ऐन, खानी संरक्षण ऐन आदि रहेका छन्।

४. केही ऐनहरु बाझिएकोले गर्दा काम गर्न नसकिएको भन्ने जानकारी आएको यद्यपि कुन ऐन बाझिएको हो सोको एकिन तथ्य नआएको र मन्त्रालयले त्यसमा तत्काल चाल्नुपर्ने आवश्यक कदम चालेको देखिएन।

५. मन्त्रालयको नीति तथा कार्यक्रममा रहेको उद्योग ग्राम खोल्ने कार्य भएको देखिएन।

६. यस मन्त्रालयले उद्योग, पर्यटन र वन तथा वातावरण गरी तीन वटा क्षेत्र हेर्नु पर्ने हुन्छ। मन्त्रालयको लागि यस आ.व.मा विनियोजित बजेटमध्ये वन तथा वातावरणको क्षेत्रमा ५० प्रतिशत भन्दा बढी खर्च गरेको छ भने पर्यटनको क्षेत्रमा करिब २ प्रतिशत भन्दा बढी खर्च गर्न सकेको देखिदैन। त्यस्तै उद्योग क्षेत्रमा पनि करिब २५ प्रतिशत खर्च गरेको देखियो।

७. वनसँग पर्यायवाचीको रुपमा जोडिएको जडिबुटी र कच्चा पदार्थको विषयमा सम्बन्धित् कुनै योजना र कुनै उत्पादन प्रगति देखिएन।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

१. मन्त्रालयले बनाउनु पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि तथा रणनीति लगायतका कार्यहरुमा ५० प्रतिशत भन्दा बढी प्रगती गर्न सकेको छैन। आन्तरिक लेखापरीक्षण निर्देशिका एवम् आन्तरिक नियन्त्रण प्रणाली तयारी गरी कार्यान्वयन गरेको देखिदैन।

२. परियोजना बैंक मापदण्ड निर्धारण तथा सफ्टवेयर निर्माण कार्य हालसम्म नभएको।

३. प्रदेशको राजस्व सम्बन्धी अध्ययन, राजस्व संकलनको अवस्था, बजेट कार्यान्वयनको स्थिति सम्बन्धी समीक्षा, अनुगमन तथा मूल्याङ्कन, सार्वजनिक नीजि साझेदारी कार्यक्रम, कर तथा गैरकर राजस्व सम्बन्धी क्षेत्रको पहिचान एवम् नीति निर्धारण, बैंकिङ्ग प्रणालीमा आधारित वित्तीय साक्षरता कार्यक्रम भएको पाईएन।

४. कर्मचारीको लागि लेखा प्रणाली, सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम, अभिलेख व्यवस्थापन, एकीकृत लेखापरीक्षण प्रतिवेदन तयारी, प्रदेशका इकाई कार्यालयहरुबीच अन्तरसंवाद, छलफल लगायतका महत्वपूर्ण कार्यक्रमहरु हुन नसकेको।

५. मध्यकालीन खर्च संरचना, आवधिक योजना तथा दीर्घकालीन नीति अनुसार वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट आउनुपर्नेमा त्यसो हुन सकेको देखिएन।

६. मन्त्रालयको लागि विनियोजित बजेटमध्ये चालुतर्फ ६१.४२ प्रतिशत र पुँजीगततर्फ ४९.८८ प्रतिशत गरी कूल ५८.४३ प्रतिशत मात्र खर्च भएको छ। यस मन्त्रालयको लागि विनियोजित बजेटको अधिकांश योजना तथा कार्यक्रम सुरुवात गर्न नसक्दा लक्ष्य अनुरुप प्रगती गर्न सकेको देखिएन।

## २.५ भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतको कृषि विकास निर्देशनालयबाट अनुदानमा सञ्चालित थुप्रै कार्यक्रमहरु रहेकोमा त्यस्ता कार्यक्रमको कार्यान्वयनको स्थिति के छ भनी अध्ययन, अनुगमन तथा मूल्याङ्कन भएको देखिदैन। यस्ता कार्यक्रममा वितरण गरिएको अनुदान सहयोगको पारदर्शिता देखिएन।

२. मन्त्रालयको लागि विनियोजित बजटमध्ये चालुतर्फ ५९ प्रतिशत र पुंजीगततर्फ ७० प्रतिशत खर्च भएको एवम् संघीय सशर्त अनुदानतर्फ ४२ प्रतिशत गरी कुल बजेटको करिब ५८ प्रतिशत खर्च भएको छ। मन्त्रालयले समग्र बजेटको लक्ष्य अनुरुप काम गर्न सकिएको देखिएन।

३. मन्त्रालय अन्तर्गतको प्रदेश दुग्ध विकास बोर्डले प्रदेशमा दुग्ध पाउडर प्लान्ट निर्माण तथा सञ्चालन गर्ने कार्य अगाडी बढाएको छ। उक्त पाउडर प्लान्टको भौतिक संरचनाको निर्माण र त्यसभित्र जडान हुने मेशिनरी लगायतको सामाग्रीको आपूर्ति गर्ने कार्यलाई छुट्टा-छुट्टै गरी टेन्डर प्रकाशन गर्नुपर्नेमा त्यसो नगरी एकमुष्ठ टेन्डर

आव्हान गरेको एवम् योग्यता निर्धारण गर्दा प्रतिस्पर्धा समिति हुने गरी टेन्डर आव्हान गरेको देखिन्छ।

४. मन्त्रालयको लागि आ.व. २०७६/७७ मा बाँडफाँड भएका कार्यक्रममध्ये कर्मचारीको सीप विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम, प्रदेशभित्रका मालपोत कार्यालय, सहकारी संस्थाहरुलाई प्रदान गरेको अनुदान तथा कामकारबाहीको अनुगमन, रैथाने तथा लोपोन्मुख बालीहरुको संरक्षण र उपयोग, कृषि बालीमा जलवायु परिवर्तको प्रभाव र त्यसको अनुकूलन कार्य, प्रदेश भित्रका जिल्लाहरुमा सार्वजनिक जग्गाको विवरण संकलन, वैज्ञानसक भूमि व्यवस्थापन कार्ययोजना तथा भूमि सम्बन्धी प्रोफाइल तयारी, GIS प्रणालीको स्थापना तथा सञ्चालन, प्रदेशको खाद्य सुरक्षाको अवस्था अध्ययन, खाद्य सुरक्षा अनुगमन प्रणाली स्थापना तथा सञ्चालन सम्बन्धी कार्य लगायतका थुप्रै कार्यहरु हालसम्म सुरुवात भएको छैन भने अन्य कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भएको देखिदैन।

५. बजेट वक्तव्य अनुसार सामूहिक खेती प्रवर्द्धन, नमुना कृषि फर्म, शीत भण्डार, बीउ विजन उत्पादन, कृषिको लागि सिँचाईका योजनाहरु कतै देखिएन।

## २.६ सामाजिक विकास मन्त्रालय

१. मन्त्रालयले बनाउनु पर्ने उच्च शिक्षा सम्बन्धी ऐन बनाउन बाँकी रहेको एवम् कतिपय ऐनहरु संघीय ऐन सँग बाझिने अवस्था रहेको भनिए पनि कुन ऐन बाझिएको हो सोको एकिन गरेको देखिएन।कानून निर्माण गर्दा प्रदेशमा अन्तर मन्त्रालय सहमति, संघ तथा स्थानीय तहसंग सहमति एवम् समन्वय गर्ने कार्य समयमा नै हुन नसकेको।

२. मन्त्रालयमा आवश्यक जनशक्ति पूर्ति हुन नसकेको देखिन्छ भने स्वास्थ्य तर्फको कर्मचारी समायोजन अझै नटुङ्गिएको कारण अन्यौलको स्थिति कायमै देखिन्छ।

३. चितवन, धादिङ्ग, सिन्धुपाल्चोक, दोलखा र सिन्धुली जिल्लाका पाँच सामुदायिक विधालयमा सुविधा सम्पन्न आवासीय विधालय सञ्चालन गर्ने कार्य हालसम्म हुन नसकेको।

४. प्रदेशले युवा वैज्ञानिक प्रोत्साह कोषमार्फत् अनुसन्धानमूलक क्षेत्रमा केही कार्य गर्न खोजेको छ यद्यपि वैज्ञानिक अनुसन्धान र आविष्कारको क्षेत्रमा राष्ट्रिय आविष्कार केन्द्र, NAST जस्ता क्षेत्रसँग आवश्यक छलफल तथा समन्वय गरेको देखिएन।

५. मन्त्रालयले प्रदेशको सांस्कृतिक संरक्षण, खेलकुद क्षेत्रको विकासको लागि विभिन्न् संघसंस्थालाई अनुदान सहयोग वितरण गरेको देखियो यद्यपि त्यसको पारदर्शिताको आधार एवम् प्रभावकारी अनुगमन नहुँदा बजेट दुरुपयोग हुने सम्भावना देखिन्छ।

६. नीति तथा कार्यक्रम र बजेटले घोषणा गरेका बालविवाह मुक्त प्रदेश, लैङ्गिक हिंसा विरुद्ध सरकारको रणनीति, मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम, पोषण सम्बन्धी विशेष कार्यक्रम, उद्योग कलकारखानामा कार्यरत मजदुरको कार्यस्थल सूरक्षा तथा स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम, दुर्घटना रेस्पोन्स सेन्टरको स्थापना, स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली तथा आपूर्ति व्यवस्थापन सूचना प्रणालीको सुरुवात लगायतका थुप्रै महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन हुन सकेको देखिएन।

७. मन्त्रालयको विनियोजित बजेटको चालुतर्फ ६५.५५ प्रतिशत र पुँजीगततर्फ ६५.५६ प्रतिशत गरी कुल ६५.५६ प्रतिशत बजेट खर्च भएको देखिन्छ भने ७४.२७ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। अन्य निकायको तुलनामा केही प्रतिशत खर्च भएता पनि लक्ष्य अनुरुपको कार्य गर्न सकेको देखिदैन। मन्त्रालयको पूरै जनशक्ति करिब एक चौमासिक समय कोभिड नियन्त्रण तथा रोकथामको कार्यमा व्यतित हुनु परेको देखिन्छ।

८. जिल्ला तहमा संगठन संरचना नभएको कारण शिक्षा, युवा खेलकुद तथा सामाजिक विकासका कार्यक्रमहरुको कार्यान्वयन र अनुगमनमा कठिनाई देखिएको।

## २.७ भौत्तिक पूर्वाधार विकास मन्त्रालय

१. कोभिड- १९ को महामारीका कारण लक्ष्य अनुसारको प्रगति हुन नसकेको।

२. मन्त्रालय र मातहतका कार्यालयहरुको कार्यबोझ अनुरुप जनशक्ति नरहेको तथा कार्यालयको दरबन्दी अनुरुप कर्मचारी पदपूर्ति हुन नसकेको।

३. पूर्ण रुपमा नयाँ संरचना भएको एवम् व्यवस्थापकीय कार्यमा बढी समय व्यतित भएकोले समग्र कार्य सम्पादन छिटोछरितो र चुस्तदुरुस्त हुन नसकेको।

४. यातायात व्यवस्था कार्यालयहरुमा अनलाईन प्रणालीमा सम्पादन हुने काममा बारम्बार सर्भर सम्बन्धी समस्या र दैनिक कोटा प्रणालीका कारण सेवाग्राहीलाई चुस्त दुरुस्त रुपमा गुणस्तरीय सेवा प्रदान गर्ननसकेको तथा सो सम्बन्धी कार्य संघीय यातायात

व्यवस्था कार्यालयबाट भईरहेकोमा प्रदेश सरकार मातहत नै उक्त प्रणाली र सर्भर सञ्चालन एवं व्यवस्थापन गरिनुपर्ने।

५. संघीय तथ प्रदेशिक आयोजनाशरु निर्माण सम्पन्न गर्न बढी समय लाग्ने गरेकोमा तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने गरी बजेट विनियोजनको व्यवस्थापन गर्नुपर्ने।

६. संघबाट हस्तान्तरण भई आएका सडक आयोजनाहरु सम्पन्न गर्न संघीय सरकारबाट न्यून बजेट विनियोजन हुने गरेको।

## परिच्छेद-३

## अध्ययनको निष्कर्ष

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकारवीचको समन्वय मार्फत संघीयतालाई सार्थकता प्रदान गर्ने क्रममा प्रदेश सरकारको भूमिका अहम् रहेको छ।प्रदेश सरकारलाई स्थानीय तह तथा संघीय सरकारवीचको सेतुको रुपमा कार्य गर्नुपर्ने अवस्था छ।प्रदेश सरकार मार्फत सञ्चालित योजनाहरु कार्यान्वयन गर्ने सिलसिलामा औल्याइएका समस्या तथा दिइएका सुझावहरुको प्रभावकारी कार्यान्वयन गरिएको खण्डमा प्रदेश सरकारको अपेक्षित उपलब्धी हासिल हुने देखिन्छ।प्रदेश सरकारबाट योजनाको छनौट तथा कार्यान्वयनका क्रममा आगामी दिनमा विगतका झै समस्याहरु नआओस भन्ने उद्देश्यले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह वीच पर्याप्त समन्वय तथा छलफलको आधारमा अघि बढ्न सके संविधानको मर्म अनुरुप संघीयताले सार्थकता प्राप्त गर्ने देखिन्छ।

१. प्रदेशको आवधिक योजना तथा दीर्घकालिन नीति तयारी गरी सोही अनुरुप वार्षिक नीति तथा कार्यक्रम र बजेट आउनु पर्नेमा हालसम्म त्यसो नभएको।

२. मानव अधिकारको संरक्षण तथा संम्बर्द्धको क्षेत्रमा प्रदेश सरकारको नीति कार्यक्रम तथा रणनीति कार्यान्वयन गरेको देखिएन।

३. प्रदेशमा बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र क्षमतालाई प्रयोग गरी युवाहरुलाई स्वरोजगार बनाउनेतर्फ सरकारको ध्यान जान नसकेको।

४. विज्ञान प्राविधि तथा राष्ट्रिय आविष्कारको क्षेत्रमा प्रदेशको कुनै ध्यान गएको छैन।अन्तर तह समन्वयको अभावका कारण कतिपय ऐन, कानून, नियम बाझिएको र कतिपय ऐन, कानून निर्माण गर्ने कार्य हालसम्म हुन सकेको देखिएन।

५. विशेषत केही मन्त्रालयहरुबाट थुप्रै अनुदानका कार्यक्रमहरु सञ्चालन भएको देखिन्छ यद्यपि त्यसको प्रभावकारी अनुगमन नहुँदा दुरुपयोग भएको गुनासो आएको र प्राप्त विवरणको अध्ययन गर्दा अनुदान वितरण औचित्यहीन र हचुवाको भरमा हुने गरेको पाईयो।

६. आ.व. २०७६/७७ मा सबै मन्त्रालयहरुले साझा समस्याको रुपमा कोभिड-१९, जनशक्तिको अभाव, जग्गा प्राप्तिमा समस्या, जिल्लास्थित प्रदेश कार्यालयहरुको अभाव, संस्थागत क्षमताको कमी लगायतका कारणहरु देखिएको छ।

## परिच्छेद-४

## सुझावहरु

१. प्रदेशले संघीय कानून बमोजिम बनाउनुपर्ने कतिपय कानून बनाउने कार्यलाई अगाडी वढाउनुपर्ने।

२. संघीय सरकारले बनाउनुपर्ने कानून नबनाइ प्रदेश सरकारले कानून बनाउदा बाझिने र उक्त कानून अमान्य हुने भएकोले त्यसको लागि आवश्यक पहल गर्ने।

३. प्रदेश सरकार र स्थानीय निकायवीच कानून निर्माण, योजना÷कार्यक्रम तर्जुमाका क्रममा पर्याप्त समन्वयको अभाव देखिएको।

४. कर्मचारी समायोजन प्रक्रिया सकिएपनि आवश्यक कर्मचारी अभावका कारण कार्य सम्पादनमा कठिनाइ भएकोले प्रदेश सरकारलेनै कर्मचारी व्यवस्थापन।

५. कर्मचारी तथा पदाधिकारीलाई सेवा संचालन सम्बन्धि तालिम प्रदान गर्दा सेवा प्रवाहमा प्रभावकारीता ल्याउन सकिन्छ।मन्त्रालयहरुले कर्मचारी तथा पदाधिकारीहरुको तालिम तथा क्षमता अभिवृद्धिका लागि बजेट विनियोजन गरेको तर त्यस्ता तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम कतिपय मन्त्रालयको प्रगति न्यून तथा शून्य नै रहेको देखिन्छ, तसर्थ त्यस्ता कार्यक्रम समयमानै सम्पन्न गर्नुपर्दछ।

६. प्रदेशले पूँजीगत कार्यक्रमहरुलाई जोड दिनुपर्ने।

७. बजेट निर्माण गर्दा प्रदेश सरकार र स्थानीय सरकार बीच पर्याप्त समन्वय हुनुपर्ने।

८. योजना छनौटमा स्थानीय र प्रदेशका बीच पर्याप्त समन्वय हुनुपर्ने।

९. प्रदेश र स्थानीय तहमा करका दरका बिषयमा हुने दोहोरोपनालाई समाधान गरिनुपर्ने।

१०. बजेट निकाशा चाँडै हुनुपर्ने।

११. दरबन्दि अनुसारको कर्मचारीको व्यबस्थापन तुरुन्त गरिनुपर्ने।

१२. जनताको माग र आवश्यकताको आधारमा योजना छनौट गरिनुपर्ने।

१३. पहुँचका आधारमा आर्थिक बर्षको अन्त्यतिर झोले योजनाका लागि बजेट रकमान्तर गर्ने परिपाटीलाई अन्त्य गरिनुपर्ने।

१४. संघीय सरकार, प्रदेश सरकार र स्थानीय निकायवीच कानून निर्माण, योजना÷कार्यक्रम तर्जुमाका क्रममा पर्याप्त समन्वयको अभाव देखिएकोले आवश्यक समन्वयमा ध्यानदिनुपर्ने।

१५. योजना तथा कार्यक्रम तर्जुमा गर्दा अन्तर मन्त्रालय समन्वय हुनुपर्ने।

१६. प्रत्येक मन्त्रालयमा कानूनी सहजीकरणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने।

१७. मन्त्रालयगत सेवा कार्यान्वयनको लागि स्थानीय तहमा नै एकिकृत सेवा केन्द्रको विस्तार गर्नुपर्ने।

१८. प्रदेशबाट विभिन्न मन्त्रालयबाट जाने ठूला देखि साना योजनाहरुको अनुगमन गर्नु पर्ने।

१९. योजना टेण्डर ठेक्का प्रक्रियामा नयाँ सोँच तथा अवधारणा विकस गर्नु पर्ने देखिन्छ (छुट्टै बृहत छलफलको विषय हुनु पर्छ)।

२०. आर्थिक वर्षको सुरुवात नयाँ वर्षसँगै भएमा सहज हुने भएकोले उक्त विषयमा बहस तथा छलफल गरिनु पर्दछ।

## ३.३ प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदन, २०७७

### परिच्छेद-१

### परिचय

### १.१ पृष्ठभूमी

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सरकारको काम कारबाहीलाई व्यवस्थित गर्न प्रदेश सभाले प्रदेश सभा नियमावलीको नियम १४६ बमोजिम आवश्यकता अनुसार विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था भए बमोजिम सार्वजनिक लेखा समिति गठन भएको हो। यस समिति अन्तर्गत २०७६ सालमा समितिले गरेको निर्णय एवं निर्देशनहरु, सुझावहरु तथा सोको कार्यान्वयनको अवस्थालाई सम्वन्धित मन्त्रालयहरुबाट प्राप्त विवरणहरुलाई सुक्ष्म रुपमा अध्ययन गरिएको थियो। सार्वजनिक लेखा समितिले २०७६ सालको वार्षिक प्रतिवेदन र विभिन्न समयमा गठन भएका उपसमितिहरुले पेश गरेका प्रतिवेदनहरुको अवस्था अनुगमन, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयलाई समितिले दिएको निर्देशनको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी लिने र आवश्यकता अनुसार माननीय मन्त्रीसँग र मन्त्रालयका प्रतिनिधीहरुसँग छलफल गर्दै आएको छ।

प्रदेश सभा अन्तर्गत सार्वजनिक लेखा समितिको २०७६ चैत्र ५ गते बसेको ३० औ बैठकले सम्बन्धित निकायमा अध्ययन, अनुगमन गरी २०७७ बैशाख ७ गतेभित्र प्रतिवेदन पेश गर्ने गरी माननीय बेलीमैया घलेको संयोजकत्वमा तपसिल बमोजिमको ५ सदस्य उपसमिति गठन गरेको थियो।

| | | |
|---|---|---|
| १ | मा. बेलीमैया घले | -संयोजक |
| २ | मा. पुकार महर्जन | -सदस्य |
| ३ | मा. रत्न प्रसाद ढकाल | -सदस्य |
| ४ | मा. दीपक निरौला | -सदस्य |
| ५ | मा. बिनोद कु. खड्का | -सदस्य |
| ६ | श्री अम्बिक घिमिर | -सदस्य सचिव |

यस उपसमितिको पहिलो बैठक २०७६ साल चैत्र ६ गते बसि समितिको वार्षिक प्रतिवेदन २०७६ र विभिन्न समयमा गठन भएको उपसमितिहरुले पेश गरेको प्रतिवेदनहरुको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कन गर्नको लागि सबै मन्त्रालयसँग कारण सहित

विस्तृत विवरण माग गर्ने निर्णय भए बमोजिम सम्वन्धित मन्त्रालयहरुसँग उक्त विवरण माग गरिएको थियो। तत्पश्चात् विश्वभरी फैलिएको कोभिड-१९ को महामारीका कारण नेपालमा पनि बन्दाबन्दीको अवस्था सिर्जना भयो। जसले गर्दा लामो समयसम्म समितिको बैठक बस्न सकेन र समितिले समयमा नै सहज ढंगले आफ्नो कार्यसम्पादन गर्न सकेन। साथै मन्त्रालयहरुबाट समेत तोकिएको समय भित्र माग गरे बमोजिमका विवरणहरु प्राप्त हुन सकेन। तथापि ढिलो गरी प्राप्त विवरणहरुलाई प्रतिवेदनमा समाहित गर्ने र बार्षिक प्रतिवेदन पेश गर्नु अगावै समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी छलफल एवं कार्यप्रक्रिया अगाडी बढेको थियो।

## १.२ अध्ययनको उद्देश्य

बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन २०७६ र बिभिन्न समयमा गठन भएका उपसमितिहरुले पेश गरेका प्रतिवेदनहरुको कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्याङ्कनका सम्बन्धमा सम्बन्धित मन्त्रालयहरुबाट प्राप्त विवरणको अध्ययन गरी वास्तविक अवस्थाको प्रतिवेदन समिति समक्ष पेश गर्ने र आगामी दिनमा सार्वजनिक लेखा समिति र सो अन्तर्गत गठित उपसमितिको निर्णय पूर्ण रुपमा कार्यान्वयन गराउने।

## १.३ उपसमितिको कार्यक्षेत्र

सार्वजनिक लेखा समिति अन्तर्गत बनेको प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको कार्यक्षेत्र तपसिल बमोजिमका निकायहरु तोकिएको थियो।

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२. आन्तरिक मामिला तथा कानून मन्त्रालय
३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
४. आर्थिक मामिला तथा योजना मन्त्रालय
५. भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
६. सामाजिक विकास मन्त्रालय
७. भौत्तिक पूर्वाधार विकास मन्त्रालय

## १.४ अध्ययन विधि

१. समितिको वार्षिक प्रतिवेदन, २०७६ र उपसमितिले दिएको सुझाव कार्यान्वयनको सम्पूर्ण विवरणहरु संकलन गरी अध्ययन गरिएको।

२. समितिले समय समयमा दिएको निर्देशन कार्यान्वयनको अवस्था अध्ययन गरिएको।

३. मन्त्रालयहरुबाट प्राप्त भएका विवरणहरु समितिका सदस्यहरुवीच छलफल गरिएको।

# परिच्छेद-२

## मन्त्रालयगत छलफल तथा प्राप्त विवरणको विश्लेषण

### २.१ आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश कानूनको आवश्यकता पहिचान गर्ने र निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने मुख्य निकायको रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालय रहेको छ। यस मन्त्रालयको मुख्य जिम्मेवारी भनेको कानून निर्माणमा नेतृत्व गर्नु हो। यसका साथै आफूले बनाएको कानूनको कार्यान्वयनको अवस्थाबारे समय समयमा जानकारी लिनु पनि यस मन्त्रालयको कर्तव्य हो। प्रदेशमा बनाउनुपर्ने ९९ वटा नयाँ कानूनमध्ये हालसम्म ४१ वटा नयाँ कानून बनेको छ, १० वटा संशोधन ऐन, प्रत्येक वर्षको निमित्त विनियोजन र आर्थिक ऐन र १२ वटा नियमावली बनेको पाइयो। बागमती प्रदेश सभामा विभिन्न तीन मन्त्रालयसँगको समन्वयमा कानून निर्माण कार्यलाई प्रमुख प्राथमिकतामा राखेर काम भइरहेको पाइयो। अझै ५८ वटा नयाँ कानून निर्माण गर्न बाँकी नै भएकोले २०७६ सालमा बनेका कानूनहरुको कार्यान्वयन भए/नभएको अवस्थाको अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने अवस्था देखिएन।

### २.३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

१. यस मन्त्रालय अन्तर्गत सम्बन्धित स्थानको अध्ययन अनुसन्धान गरी सम्बन्धित् क्षेत्र/स्थानको सम्बन्धित् निकाय र सहभागीहरुसँग समन्वय गरी कार्यक्रम/योजनाहरु छनौट गर्नु पर्नेमा सो कार्य भएको देखिएन।

२ यस मन्त्रालय अन्तर्गतका योजनाहरुलाई परियोजना बैंकको अवधारणा अनुसार कार्यान्वयनमा गई सम्बन्धित् निकायहरुसँग समन्वय गर्नु पर्नेमा सो गरेको पाइएन।

३ प्रदेशमा बेरोजगारीको चपेटामा रहेको जनताको लागि यस मन्त्रालय अन्तर्गत रोजगारी सृजना गर्न धेरै क्षेत्रहरु भएता पनि स्वरोजगार तथा सीपमूलक कार्यक्रमहरुको सुरुवात गरेको र उत्पादनमुखी उद्योगहरुलाई कानून बमोजिम विभिन्न थप सेवा तथा सुविधाहरु उपलब्ध गराएको देखिन्छ।

४ प्रदेश सरकारबाट सञ्चालित कामकारबाही कानून बमोजिम गर्नको लागि समुहगत कार्यहरु गर्दा बैंकिङ्ग प्रणालीलाई अबलम्बन गरेको र स्थानीय तहसँग समन्वय तथा छलफल भएको देखिएन।

५ यस मन्त्रालय अन्तर्गत बनेका कार्यक्रमहरुको सम्बन्धित् विषय विज्ञसहित योजना कार्यान्वयनको सम्बन्धित् कार्यालय, निर्देशनालय तथा मन्त्रालयबाट समेत नियमित अनुगमन कार्य भएको देखिन्छ।

६ सार्वजनिक लेखा समिति अन्तर्गत २०७६ सालमा उपसमितिहरुले दिएको चार वटै प्रतिवेदनहरुको कार्यान्वयन तथा अध्ययन, अनुगमनको विषयमा बुँदागत लिखित जानकारी गराएको देखिन्छ।

## २.४ आर्थिक मामिला तथा योजना मन्त्रालय

१. अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत प्रदेश समपुरक एवं विशेष अनुदान सम्बन्धी कार्यविधि बमोजिम प्रक्रिया पुरा गरी सम्बन्धित् तहबाट प्रस्ताव भई आएका कार्यक्रमहरुलाई प्राथमिकताको आधारमा छनौट गरी कार्यान्वयनको लागि हस्तान्तरण भएको देखिन्छ।

२. सार्वजनिक लेखा समिति, प्रदेश इन्धन खर्च छानविन उपसमितिको प्रतिवेदनको कार्यान्वयनको सम्बन्धमा सवारी प्रयोग गर्नु पर्ने कार्यक्रमहरुको विवरण र पदाधिकारीहरुको निमन्त्रणा र स्वीकृत भ्रमण आदेश अद्यावधिक गरी नीजि सचिवालयमा राख्ने गरेको देखिन्छ।मन्त्रालयले गरेको इन्धन खर्चको रकम र प्रदेश लेखा नियन्त्रकको कार्यालयलको निकासा रकम मासिक रुपमा भिडाई श्रेस्ता अद्यावधिक गरेको देखिन्छ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट तर्जुमा गर्ने समय अगावै विषयगत मन्त्रालयहरुलाई बजेट सिलिङ्ग र प्रत्येक आर्थिक बर्षको श्रावण १ गते खर्च गर्ने गरी अख्तियारी पठाउने गरेको देखिन्छ।

४. बजेट कार्यान्वयन गर्ने विषयगत मन्त्रालय र अन्तर्गतका निकायहरुलाई आर्थिक कार्यविधि नियमावली, २०७६ बमोजिम समयमै अख्तियारी पठाएको देखिन्छ।

५. स्थानीय तहहरुमा विनियोजित वार्षिक बजेट सँगै स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि र प्रचलित खरिद ऐन/नियमावली वमोजिम कार्यान्वयन गर्नका लागि लिखित जानकारी पठाएको देखिन्छ।

६. हस्तान्तरण भएका कार्यक्रम अन्तर्गत स्थानीय तहबाट सञ्चालित कार्यक्रमहरुको स्थलगत अनुगमन र अन्तर्क्रिया गरेको देखिन्छ।यस कार्यक्रमको प्रगति विवरण

चौमासिक रुपमा प्र.ले.नि.का. र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने सम्बन्धी कानूनी र नीतिगत व्यवस्था समेत गरेको देखिन्छ।

७. प्रदेश समपुरक तथा विशेष अनुदान लगायतका योजना कार्यान्वयनको अनुगमनलाई प्रदेश सभाको प्रत्यक्ष निर्वाचित सदस्यको संयोजकत्वमा समानुपातिक सदस्य समेत रहने गरी अनुगमन समितिको व्यवस्था गरेको देखिन्छ।

८. विनियोजन ऐन, आर्थिक नियमावली बमोजिम खर्चको व्यवस्थापन र निकासाको लागि प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई निर्देशन गरेको पाइन्छ।

९. योजना छनौटका सम्बन्धमा बहुवर्षिय योजना, क्रमागत योजना र प्रदेश सरकारका प्रथमिकताका योजनाहरुलाई प्रथमिकीकरण गरी योजना/कार्यक्रममा बजेट विनियोजन गर्न पठाएको देखिन्छ।

## २.७ भौत्तिक पूर्वाधार विकास मन्त्रालय

१. यस मन्त्रालयले समितिको २०७६ सालको वार्षिक प्रतिवेदन तथा उपसमितिहरुले दिएको सुझावहरुलाई समेटेर आफ्नो लिखित प्रतिवेदन दिएको छ।

२. मन्त्रालयले जनता आवास कार्यक्रम र एकिकृत बस्ती विकास कार्यक्रमको कार्यान्वयन गरी आवश्यक स्थानमा मात्र आवास निर्माण र एकीकृत वस्ती विकासको थालनी गरेको पाइन्छ। नीति तथा कार्यक्रम, प्रदेश योजनाको थालनी, समयमै मागको आधारमा बजेटमा आयोजनाको छनौट भइ समस्या समाधान गरेको पाइएन।

३. उपभोक्ता समितिको काम पारदर्शी र जवाफदेही बनाउनु पर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियमावली र बागमती प्रदेश सार्वजनिक खरिद नियमावलीको कार्यान्वयन गरी आवश्यक काम भएको देखिएको छ। उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा अपनाउनुपर्ने कार्याविधिको सन्दर्भमा सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम १४ बमोजिम कार्यविधि बनाउने अधिकार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएको तर कार्यविधि निर्माण गर्ने कार्य सम्बन्धित् निकायबाट भएको देखिएन।

४. यस मन्त्रालय अन्तर्गतको कार्य उपभोक्ता समितिबाट गर्दा अपनाउनुपर्ने कार्यविधिको निर्माणको लागि मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा सहमतिको लागि पठाउदा सम्बन्धित् मन्त्रालय पनि क्षेत्राधिकारविहीन भएको पाइयो जसको कारण यो कार्य अघि बढ्न सकेको देखिएन।

५. प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०७६ को निर्माण गरी प्रदेश सभा सदस्यको भूमिकालाई विस्तार गरेको देखिन्छ। अन्य व्यवस्थापनको लागि प्रदेश सभाको नीति, कार्यक्रम र कानून बमोजिम रहि काम भएको देखिएन।

६. यस मन्त्रालयबाट भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रममा इन्धन खर्चमा दश हजारको खर्च फरक भएको प्रष्ट्याउने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक ध्यानाकर्षण भई लेखाङ्कनमा प्राविधिक त्रुटी भई त्यस विषयमा मन्त्रालयको लेखा शाखाबाट जानकारी प्राप्त भएको देखिन्छ।

७. मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६३ लाई समय सापेक्ष सुधारका लागि संघीय सरकारलाई अनुरोध गरेको देखिन्छ।

८. प्रदेशको विद्यमान नीति, चालु आवधिक योजना र संवैधानिक एवं कानूनी व्यवस्थाको दायरा भित्र रहेर कार्य गर्ने क्रममा उपसमितिहरुको निर्देशन कार्यान्वयन गरेको देखिन्छ। यसैकारण जनता आवास कार्यविधि समयानुकूल परिमार्जन गरेको देखिन्छ भने अन्य कार्यविधिहरु समयानुकूल परिमार्जन हुन नसकेको।

९. यस मन्त्रालयले स्थानीय तह र संघीय सरकारसँगको सम्बन्धमा सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा संविधानको भाग २० मा परिकल्पना गरे बमोजिम कार्य गरेको देखिदैन।

## परिच्छेद-३

## अध्ययनको निष्कर्ष

प्रदेश सभा, बागमती प्रदेशको सार्वजनिक लेखा समितिले सरकारले गरेका काम कारवाहीको निग्रानी गर्ने र समितिको निर्णय कार्यान्वयनको लागि निर्देशन गर्ने गर्दछ। अनियमितता र भ्रष्टचारलाई सदैब खवरदारी गर्ने गर्दछ। यस समिति अन्तर्गत बनेका विभिन्न उपसमितिहरुले मन्त्रालय र अन्तर्गतका कार्यालयहरुलाई समय-समयमा आफ्नो प्रतिवेदन मार्फत सरकारले गरेका कार्यहरु चुस्त, दुरुस्त र पारदर्शी हुनुपर्छ भन्ने हेतुले २०७६ सालको बार्षिक प्रतिवेदनमा औंल्याएका सुझावहरुलाई कार्यान्वयनमा लैजाने सम्बन्धमा कतिपय मन्त्रालयहरुले ऐन, कानून तथा नियमावलीहरु बनाउने क्रममै रहेको देखिन्छ। त्यसैले गर्दा यस समितिले दिएको सुझावको सन्दर्भमा आगामी दिनमा आवश्यक कानूनहरुको निर्माण गरी कार्यान्वयन तर्फ अगाडी वढ्न तत्पर रहेको देखिन्छ। यी विषयहरुलाई मध्यनजर गरी काम गरेमा यो प्रदेश नमूना बन्ने देखिन्छ।

यस प्रदेशमा अझै ५८ वटा नयाँ कानूनहरु बन्न बाँकी भएको कारण सम्बन्धित् मन्त्रालय/निकायहरुले आफ्नो कार्यहरुलाई अगाडी बढाउन नसकेको। आगामी दिनमा प्रभावकारी ढंगले अगाडी बढाउने सम्बन्धित् मन्त्रालयबाट लिखित प्रतिद्धता जनाएको पाइयो। कानून अभावको कारणले गर्दा अन्य कार्यहरुको लिखित विवरण अध्ययन गर्दा कार्यालयको अवस्था सकारात्मक ढंगले अगाडी बढेको पाइयो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई यस उपसमितिले पत्राचार गरी एवं मौखिक जानकारी गराई पटक पटक ताकेता गर्दा पनि माग गरेको विवरण उपलब्ध नगराएकोले उक्त मन्त्रालयले समितिको प्रतिवेदन तथा निर्देशन कार्यान्वयन गरे/नगरेको देखिँदैन।

यो उपसमिति गठन हुने वित्तिकै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारणले गर्दा सोचे अनुरुपको कार्य गर्न सकेन यद्यपि सम्बन्धित् निकायहरुसँग सघन छलफल हुन नसके पनि प्राप्त विवरणको अध्ययन गरी निश्कर्षमा पुगेको छ।

## परिच्छेद-४

## सुझावहरु

१ विभिन्न मन्त्रालयहरुसँगको समन्वयमा समयमै कानून निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य अगाडी बढाउनु पर्ने।

२ प्रदेश सभा सचिवालयमा दर्ता भइ विचाराधीन अवस्थामा रहेका ऐन कानूनलाई पारित गर्न सम्बन्धीत निकायले पहल गर्नु पर्ने।

३ योजना छनौट गर्दा जनप्रतिनिधि तथा सरोकारवाला निकायको समेत सहभागिता गराउनु पर्ने।

४ स्वरोजगार तथा सीपमूलक कार्यक्रमहरु संचालन गरी उत्पादनमुखी उद्योगहरुलाई कानूनमा आवश्यक सुधार तथा संशोधन गरी थप सुविधा दिनु पर्दछ।

५ उपभोक्ता समिति मार्फत काम गर्दा बैंकिङ प्रणाली मार्फत भूक्तानी गर्नुका साथै सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

६ योजना कार्यान्वयन कार्यालय, निर्देशनालय तथा मन्त्रालयबाट योजनाको नियमित अनुगमन गर्नु पर्दछ।

७ हरेक योजनाको न्यूनतम बजेटको सीमा निर्धारण गरी परियोजना बैंक संचालन गरी व्यवस्थित् रुपमा लागु गर्नु पर्दछ।

८ उपभोक्ता समितिबाट संचालित योजनाहरुमा जनसहभागितालाई अनिवार्य गरिनु पर्दछ।

९ स्थानीय तहलाई अनुदान उपलब्ध गराई कार्यान्वयन हुने योजना छनौट गर्दा त्यसको कार्यान्वयनको सुनिश्चितता हुनु पर्ने।

१० विकास निर्माणमा पर्ने वन क्षेत्रको जग्गा उपलब्ध गराउन सम्बन्धित् पक्षले आवश्यक सहजीकरण गर्नु पर्ने।

११ प्रदेश सरकार र स्थानीय तहवीच बजेट निर्माण गर्दा आपसी समन्वय हुनु पर्दछ भने प्रदेश सभा सदस्यको समन्वयमा योजना छनौट हुनु पर्दछ।

१२ सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनहरु प्रदेश सरकारको महत्वपूर्ण दस्तावेज हुनु पर्ने हो। तर समय समयमा गम्भिर विषयमा लेखा समितिले दिएको निर्देशन एवं सुझावहरु कार्यान्वयन गरेको देखिंदैन, तसर्थ लेखा समितिको प्रभावकारिता र सरकारलाई जवाफदेहीताको लागि कठोर निर्णय लिनु पर्ने देखिन्छ।

१३ दक्ष जनशक्ति र सम्बन्धित् कार्यालयको अभावमा योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कन नभएकोले पर्याप्त जनशक्तिसहित प्रत्येक जिल्लामा आयोजना कार्यान्वयन इकाई तथा सेवा कार्यालयको विस्तार गर्नु पर्ने।

१४ सबै विषयगत मन्त्रालयहरुलाई लेखा समितिले माग गरेको आवश्यक कागजात पटक-पटक ताकेता गर्दा पनि उदासिनता देखाएकोले आफ्नो कर्तव्यप्रति गम्भिर बन्न मन्त्रालयहरुलाई निर्देशन दिनु पर्ने।

१५ प्रदेश पूर्वाधार, विशेष एवं समपूरक अनुदानका योजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन सम्बन्धित् क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य संयोजक भएता पनि प्राविधिक जनशक्तिको अभावमा गरिने अनुगमन व्यवहारिक नहुने हुँदा प्राविधिसहितको अनुगमन समिति बनाउनु पर्ने।

## परिच्छेद-४

## सार्वजनिक लेखा समितिबाट सम्पादन भएको गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रम

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजू फर्छ्यौट प्रक्रिया सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

**१. परिचयः**

सार्वजनिक लेखा समिति, बागमती प्रदेशको आयोजना तथा संसद सहयोग परियोजना, UNDP को सहकार्यमा सार्वजनिक लेखा समितिको कार्यक्षेत्र बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ एवं बेरुजु फर्छ्यौट प्रक्रिया सम्वन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम माननीय सभामुख श्री सानु कुमार श्रेष्ठको प्रमुख आतिथ्यता एवं संघीय संसदको सार्वजनिक लेखा समितिका सभापति माननीय भरत कुमार शाह र महालेखापरीक्षक माननीय टंकमणि शर्मा दंगालको उपस्थितिमा सम्पन्न भयो। उक्त कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेल, व्यवस्थापिका संसद तथा समितिका पूर्वसचिव श्री सोम बहादुर थापा, संघीय संसदको सार्वजनिक लेखा समितिका सचिव डा. रोजनाथ पाण्डे र नायव महालेखापरीक्षक श्री ईन्द्रप्रसाद आचार्यले प्रस्तुत गर्नु भएको कार्यपत्रमाथि समितिका माननीय सदस्य लगायतका सहभागीहरुले छलफलमा भाग लिनु भएको थियो। समितिको कार्यक्षेत्र बमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर गरिने छलफल प्रक्रिया, उपसमितिले गर्ने अध्ययन एवं बेरुजू फर्छ्यौट प्रक्रिया सम्बन्धमा समितिलाई जानकारी प्रदान गर्न कार्यक्रमले सहयोग गर्ने विश्वासका यो अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो।

**२. कार्यक्रमको उद्देश्यः**

महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०७७ ले बागमती प्रदेश सरकार र अन्तर्गतका निकायहरुले गरेका कामकारबाहीका सम्बन्धमा प्रतिवेदनले औंल्याएको बेरुजुको अवस्था कस्तो रहेको छ, बेरुजुको दर घटाउने के कस्ता उपायहरु छन्, एवं बेरुजु फर्छ्यौट प्रक्रियाका सम्वन्धमा सार्वजनिक लेखा समितिले चाल्नुपर्ने कदमका सम्बन्धमा जानकारी लिने यस कार्यक्रमको मुख्य उदेश्य हो।

**३. <u>सहभागिहरुः</u>**

यस कार्यक्रममा देहायका माननीय सदस्य तथा अन्य आमन्त्रित् व्यक्तित्वहरुको सक्रिय सहभागिता रहेको थियो।

- मा. भरत कुमार शाह -सभापति, सार्वजनिक लेखा समिति, प्रतिनिधि सभा
- मा. टंकमणि शर्मा दंगाल - महालेखापरीक्षक
- मा. सानु कुमार श्रेष्ठ - सभामुख, बागमती प्रदेश सभा
- मा. माधव प्रसाद पौडेल - सभापति, प्रदेश मामिला समिति
- मा. सरेश नेपाल - सभापति, अर्थ तथा विकास समिति
- मा. न्हुक्षे नारायण श्रेष्ठ - सभापति, सार्वजनिक लेखा समिति
- मा. रमा आले मगर - सभापति, उद्योग, पर्यटन तथा वातावरण समिति
- बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु
- श्री कृष्ण हरि खड्का - सचिव, बागमती प्रदेश सभा
- श्री अम्बिक घिमिरे - सचिव, सार्वजनिक लेखा समिति, बागमती प्रदेश सभा
- प्रदेश सभा सचिवालयका कर्मचारी, पत्राकार, सुरक्षाकर्मी एवं अन्य महानुभावहरु।

## ४. श्रोत ब्यक्ति एवं कार्यपत्र प्रस्तुतकर्ताः

| क्र.सं. | श्रोत ब्यक्ति प्रस्तुतकर्ता | कार्यपत्र/विषयवस्तु |
|---|---|---|
| १ | श्री रामु प्रसाद डोटेल उपमहालेखापरीक्षक | महालेखापरीक्षकको वार्षिक प्रतिवेदन,२०७७, प्रदेश सरकारको आयव्यय, सार्वजनिक खरीद, खर्च व्यवस्थापन, लेखापरीक्षणको दृष्टिकोण (नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता) को पालना एवं पारदर्शिता र भ्रष्टाचार नियन्त्रणको स्थिति। |
| २ | श्री सोम बहादुर थापा - पूर्व सचिव, व्यवस्थापिका संसद एवं सार्वजनिक लेखा समिति, प्रतिनिधि सभा | सार्वजनिक लेखा समितिको कार्यक्षेत्र बमोजिम समितिको काम कारबाही, सञ्चालन प्रक्रिया एवं राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यास समितिको औचित्यता एवं बेरुजु फर्छ्यौटको पूर्व अभ्यास, प्रक्रिया र प्रभावकारीता |
| ३ | डा.श्री रोजनाथ पाण्डे- सचिव, सार्वजनिक लेखा समिति, प्रतिनिधि सभा | नेपालको विद्यमान बेरुजू फर्छ्यौटमा सार्वजनिक लेखा समितिको भूमिका, समितिमा सरकारको प्रस्तुती, बेरुजू फर्छ्यौट समितिको गठन र निर्णय प्रक्रिया, संसद र सार्वजनिक लेखा समितिको कार्यात्मक समन्वय |
| ४ | श्री इन्द्र प्रसाद आचार्य नायब महालेखापरीक्षक | महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७७ को मन्त्रालयगत व्यहोरा। |

## ५. छलफल तथा अन्तर्क्रियाबाट प्राप्त निष्कर्षः

### ५.१ सार्वजनिक लेखा समितिको उद्देश्यः

- सुशासन प्रवर्द्धन, नियमितता, वित्तिय जवाफदेहीता, वित्तीय अनुशासन, पारदर्शिता, प्रभावकारिता, सार्वजनिक साधन र श्रोतको अधिक्तम उपयोगमा जोड दिने।
- सार्वजनिक निकायमा हुने सवै प्रकारका अनियमितता, वेरुजु र साधनस्रोतको दुरुपयोग तथा भ्रष्टाचारको निवारण गर्ने।
- प्रदेश सरकारलाई प्रदेश सभा प्रति जवाफदेही वनाउने।

### ५.२ सार्वजनिक लेखा समितिको काम कारवाही सम्बन्धी अन्तराष्ट्रिय अभ्यासः

- सार्वजनिक लेखा समितिको काम कारबाहीलाई अगाडी बढाउन प्रचलन राष्ट्रिय कानून र अन्तराष्ट्रिय अभ्यासका कुरा मूल आधार हुन।
- अन्तराष्ट्रिय अभ्यासले समितिलाई धेरै कुराहरु सिकाउँछ र समितिको क्षमता अभिवृद्धि र प्रभावकारिता अभिवृद्धिमा धेरै ठूलो सहयोग गर्छ।
- यसबाट अन्तराष्ट्रियस्तरको गोष्ठी र सेमिनारमा प्रस्तुत हुन पनि धेरै सहयोग पुग्छ।
- सामान्यतया, सार्वजनिक लेखा समितिको कार्यक्षेत्रमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा नै राखिने गरेको पाईन्छ।
- बंगलादेश, श्रीलंका जस्ता केही देशमा सरकारी कार्यालय र सार्वजनिक संस्थानहरुको बेरुजू छलफल गर्न अलग-अलग समिति गठन गर्ने गरेको पाईन्छ।
- भारत, बेलायत, क्यानडा, अष्ट्रेलिया लगायत अरु देशमा समितिको कार्यकाल एक वर्ष तोकिने गरेको पाईन्छ।
- बंगलादेश, श्रीलंका र माल्दिभ्स जस्ता केही देशमा बाहेक अरु देशमा समितिको सभापति विपक्षी दलको वरिष्ठ नेता मध्येबाट हुने व्यवस्था गरिएको छ।
- समितिको निर्णय प्रकृया बहुमतबाट हुने व्यवस्था छ।
- बेलायत लगायत सबै देशका सार्वजनिक लेखा समितिका बेरुजू छलफल सम्बन्धी बैठकमा महालेखापरीक्षकलाई राखेर छलफल र निर्णय गर्ने गरिन्छ।

- महालेखापरीक्षकको कार्यालयले सार्वजनिक लेखा समितिको सल्लाहकार सहयोगी संस्थाको रुपमा काम गर्नु पर्ने अभ्यास छ र नेपालमा पनि यो अभ्यासको थालनी वि.सं.२०४८ सालबाट शुरु भएको हो।
- सार्वजनिक लेखा अन्तर्गत कुनै पनि विषयमाथि अध्ययन र जाँच गर्दा प्राविधिक सहयोगको रुपमा महालेखापरीक्षकको कार्यालयबाट सहयोग लिने अभ्यास अरु देशमा र नेपालमा पनि छ।
- बेलायत, क्यानडा, अष्ट्रेलिया र अन्य युरोपेली देशमा सार्वजनिक लेखा समितिको प्रतिवेदनमा उल्लिखित निर्णय, निर्देशन र सुझावहरु सत् प्रतिशत नै कार्यान्वयन हुने गरेको देखिन्छ।
- नेपालमा सार्वजनिक लेखा समितिको प्रतिवेदनमा उल्लिखित निर्णय, निर्देशन र सुझावहरुको कार्यान्वयन हुन नसक्नु ठूलो समस्या रुपमा रहेको देखिन्छ।

**५.३ सभापति र सदस्यहरुको भूमिकाः**

- असल आचरण, व्यवहार, ईमान्दारिता, नैतिकता, निष्पक्षता, पारदर्शिता र जवाफदेहीतामा ध्यान दिनु पर्ने।
- काम तथा जिम्मेवारी प्रति सक्रियता देखाउनु पर्ने।
- सार्वजनिक हित र स्वार्थलाई सर्वोपरी ठानी निर्णय गर्नुपर्ने।
- कानुनसम्मत् र प्रमाणगत आधारमा निर्णय लिने बानी बसाल्ने।
- दलीय स्वार्थभन्दा माथि उठेर निर्णय गर्ने।
- विषयवस्तु वा समस्याका बारेमा व्यापक अध्ययन र छलफल गरी समिति उपसमितिका बैठकमा तर्कयुक्त र प्रमाणयुक्त ढंगले प्रस्तुत हुने।
- सभापतिले समय समयमा सदस्य तथा सचिवालयका कर्मचारीहरुको कामको अनुगमन र रेखदेख गर्नु पर्ने।
- सभापतिले समितिलाई आवश्यक पर्ने जनशक्ति र साधनस्रोतको व्यवस्था प्रदेश सभा सचिवालयसँग समन्वय गरी मिलाउन पर्ने।
- कार्ययोजना बनाई बेरुजू फर्छ्यौट र अध्ययन तथा जाँचको काम समयमा नै सम्पन्न गर्ने/गराउने।

- समितिका निर्णय कार्यान्वयनको अनुगमन गरी तोकिएको समयमा नै सभामा प्रतिवेदन पेश गर्ने।

**५.४ प्रदेश सभा सचिवालयको दायित्व र भूमिकाः**

- दक्ष, योग्य, सक्षम र सीपयुक्त व्यक्तिलाई समितिमा खटाउने।
- समितिमा आवश्यक साधनस्रोतको व्यवस्था गर्ने।
- समितिमा आईपर्ने हर समस्या समाधान गर्न सहयोग गर्ने, तथा सहजीकरण गर्ने।

**५.५ सार्वजनिक लेखा समिति सचिवालयको दायित्व र भूमिकाः**

- बैठकको कार्यसूची निर्माण गर्ने।
- समन्वय र सहयोग, सूचना वा निर्णय सम्प्रेषण, सम्बन्धित् निकायमा पत्राचार गर्ने।
- दर्ता, चलानी, फाईलिंग, तथा रेकर्डिंगको व्यवस्था गर्ने।
- समिति, उपसमितिको अध्ययनमा रहेका विषयबारे अध्ययन र विश्लेषण तथा सदस्यहरुलाई ब्रिफिंग गर्ने।
- प्रदेश सभा सचिवालयका पदाधिकारीहरुलाई समितिका काम कारबाही बारे समयमा नै जानकारी गराउने।
- महालेखापरीक्षकको कार्यालय लगायत विभिन्न मन्त्रालय तथा निकायसँगको सम्बन्ध सुदृढ गर्ने।
- सञ्चारजगतसँग अन्तरसम्बन्ध बढाउने र समितिका काम कारबाहीका बारेमा जानकारी गराउने।
- समिति, उपसमितिका काम फर्छ्यौट सम्बन्धी कार्ययोजना बनाई पेश गर्ने र निर्णय भए अनुसार कार्यान्वयन गर्ने/गराउने।
- कार्यसम्पादनका क्रममा निष्पक्षता, ईमान्दारिता, नैतिकता, अनुशासन र जवाफदेहीता र असल आचरण र व्यवहार देखाउन अत्यावश्यक रहेको।

**५.५ बेरुजू मापनका क्षेत्रहरुः**

- बजेट अनुशासन
- सेवा प्रवाह व्यवस्थापन
- सार्वजनिक खरिद व्यवस्थापन
- राजश्व प्रशासन

- आन्तरिक नियन्त्रण, जिम्मेवारी र जवाफदेहीता
- प्रदेश तथा स्थानीय व्यवस्थापन
- संस्थान तथा स्वायत्त निकायको संचालन
- आयोजना व्यवस्थापन

**५.६ बेरुजूका प्रकारहरुः**

१. **असुल गर्नु पर्नेः** प्रचलित कानुन/सम्झौता अनुसार/गणीतिय त्रुटीका कारण पाउने भन्दा वढी वा नपाउने भुक्तानी, घटी राजस्व असुल गरेको, शुल्क जरिवाना असुल नगरेको कारण राज्यलाई नोक्सान परेको, एउटै कामको लागि दोहोरो भुक्तानी, नगदी जिन्सी हिनामिना गरेको, अग्रीम कर असुल नगरेको, कानुन वा सरकारले तोके भन्दा वढि वा दोहोरो पर्ने गरी पारिश्रमिक, भत्ता तथा सुविधा भुक्तानी, काम गरेको भन्दा वढि दिनको पारिश्रमीक भुक्तानी।

२. **अनियमितः** नियम कानुनको रित नपुर्याई खर्च गरेको, अधिकार नाघी कार्यक्रम तथा वजेट बेगर खर्च गरेको, निर्देशिकाले तोके भन्दा बढि कर्मचारी भर्ना गरी बढि खर्च गरेको, बोलपत्र बेगर सोझै खरिद गर्ने, एक प्रयोजनको लागि विनियोजित बजेट अर्कै प्रयोजनमा खर्च गरेको।

३. **प्रमाण/कागजात पेश गर्नुपर्नेः** निर्णय, ठेक्का सम्झौता, विल भरपाई, नापी किताव, कार्यसम्पन्न प्रतिवेदन वेगर भुक्तानी, राख्नुपर्ने अभिलेख नराखेको, जिन्सी आम्दानी नजनाएको वा अभिलेख पेश नगरेको, भुक्तानी बाँकीको प्रमाण पेश नगरेको, भ्रमण आदेश लगायत भ्रमणसँग सम्बन्धित् कागजात नभएको, कार्यक्रम सञ्चालन भएको प्रमाण नराखेको, प्लेन टिकट पेश नभएको।

४. **जिम्मेवारी नसारेकोः** नगद, जिन्सी, राजस्व लगत, धरौटी जिम्मेवारी नसारेको वा घटी जिम्मेवारी सारेको।

५. **शोधभर्ना नलिएकोः** विनियोजन धरौटीवाट सापटी जनाई खर्च गरेकोमा शोधभर्ना नलिएको, वैदेशिक श्रोतवाट खर्च भएकोमा शोधभर्ना प्राप्त नगरेको।

६. **पेश्की बाँकीः** कार्यक्रम सञ्चालन, भ्रमण ,निर्माण तथा सामान आपूर्ति प्रयोजनको लागि दिएको पेश्की फछ्र्यौट नगरेको, आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने ब्यवस्था गरेको।

### ५.७ वेरुजु फछ्यौंट गर्ने उपायहरुः

- प्रतिक्रिया दिएर
- प्रमाण जुटाएर
- नियमित गराएर
- असुल उपर गरेर
- मिन्हा दिएर
- सार्वजनिक लेखा समितिमा छलफल भै निर्णय भएर
- बेरुजू फछ्यौंट समितिमा पेश गरी निर्णय भए बमोजिम
- न्यायिक निकायको फैसला वा आदेश
- ऐन, नियम, कानुन, नीति र कार्य प्रक्रियामा सुधार गरेर

(जिम्मेवार व्यक्ति/कार्यालय प्रमुख/लेखा उत्तरदायी अधिकृतले निम्न अनुसार गर्न सक्ने।)

## ६. <u>महालेखापरीक्षकको प्रतिवेदनमा छलफल प्रक्रियाः</u>

### ६.१ <u>पूर्व तयारीः</u>

- ✓ समितिले आफनो वार्षिक कार्ययोजना र कार्यक्रम बनाउने,
- ✓ बैठक पूर्व तयारी र बिषयगत अध्ययन परामर्शको लागि पर्याप्त पेशागत कर्मचारीको आबश्यकता पर्दछ,
- ✓ महालेखापरीक्षकबाट प्रतिवेदनको व्यहोरा बारे जानकारी लिने,
- ✓ सम्वन्धित मन्त्रालय मार्फत प्रतिवेदनमा उल्लिखित वेरुजुको आधार र प्रमाण सहितको लिखित र ईलोक्ट्रोनिक जवाफ जवाफ लिने र सवै सदस्यहरुलाई एक एक प्रति उपलव्ध गराउने,
- ✓ ब्यहोरा र प्रतिक्रिया अध्ययन एबं बुझ्नको लागि लेखापरीक्षण गर्ने निकायसँग समन्वय गर्ने,
- ✓ क्षेत्रगत रुची, योग्यता र अनुभबको आधारमा छलफलका लागि उपसमिति गठन गर्ने र उपसमितिमा भरसक सवै दलको प्रतिनिधित्व गराउने,
- ✓ छलफलका बिषयलाई प्राथमिकिकरण गरी सम्भाब्य प्रश्नहरुको तयारी गर्ने।

### ६.२ छलफलको चरणः

- ✓ छलफलमा सम्बन्धित् मन्त्रालयको सचिव र महालेखापरीक्षकको उच्च अधिकारीलाई आमन्त्रण गरी छलफल गर्ने, उनीहरुसँग बेरुजूका बारेमा आधारभूत प्रमाण र आधार पेश गर्न लगाउने, उनीहरु कै उपस्थितिमा कानून वमोजिम निर्णय गर्ने र यो निर्णय त्रिपक्षीय निर्णय हो र यसमा सवै पक्षको सहभागिता र स्वामित्व रहन्छ,
- ✓ लेखापरीक्षणले औल्याएका कतिपय बिषयहरु प्राबिधिक प्रकृतिको हुने र तत्सम्बन्धी बिशेषज्ञता समितिमा नहुँदा बिषयगत/क्षेत्रगत बिज्ञको रोष्टर तयार गरी छलफल एबं जानकारी लिन सकिन्छ।म.ले.प.को कार्यालयको प्रतिनिधि उपस्थित गराउनु उपयुक्त हुने,

### ६.३ छलफलमा हुने सम्भाब्य निर्णयः

- ✓ स्थिति दर्शाउने सूचनामूलक ब्यहोरामा निर्णय गर्न जरुरी हुदैन।
- ✓ कारण र प्रभाबका आधारमा निर्णय लिने, दलीय र व्यक्तिगत स्वार्थलाई प्रश्रय नदिने,
- ✓ समिति, उपसमितिले निर्णय गर्दा वा काम कारबाही गर्दा सार्वजनिक हित र स्वार्थलाई सर्वोपरी मानी निर्णय गर्ने,
- ✓ उपसमितिले निर्णय गर्दा गम्भीर किसिमका र रकम हिनामिना सम्बन्धी विषयको बेरुजू सम्बन्धमा निर्णय गर्ने गरी समितिमा पेश गर्ने,
- ✓ समितिले कानून वमोजिम बहुमतको आधारमा निर्णय गर्न सक्ने व्यवस्था अपनाउने तर भरसक सर्वसम्मत् निर्णय गर्ने परम्परा बसाल्ने,
- ✓ महत्वपूर्ण र गम्भीर प्रकृतिका बेरुजू देखिए छलफलका लागि समितिमा सिफारिस गर्ने र अन्य बेरुजूको हकमा उपसमितिबाटै टुंगो लगाउने,
- ✓ असुल उपर गर्ने (समय तोकेर निर्णय गर्दा उपयुक्त हुने),
- ✓ कर्मचरी वा पदाधिकारीलाई कारवाही गर्न पर्ने महसुस भए निजको सेवा सुविधा सम्बन्धी कानुनले तोके वमोजिम कारवाही गर्न मन्त्रिपरिषद् र सम्बन्धित् निकायमा सिफारिस गर्ने,

- ✓ थप अध्ययन गरी पेश गर्नु पर्ने (अध्ययन समिति आफै वा सरकारलाई निर्देशन दिएर गरिन्छ),
- ✓ सम्परीक्षण गराउने (समय तोकेर निर्णय गर्दा उपयुक्त हुने)
- ✓ ऐन नियम, प्रणाली, नीति तर्जुमा वा पुनरावलोकन, कार्य प्रकृयामा सुधार गर्ने,
- ✓ गलत गर्ने हानि नोक्सानी पुर्याउनेलाई कारबाही गर्ने वा अनुसन्धान गर्ने निकायमा पठाउने,
- ✓ तोकिएको समयमै कार्य सम्पन्न गर्ने/गराउने,
- ✓ प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने र अनुमोदन गर्ने/गराउने,
- ✓ समितिवाट अनुमोदन हुनासाथ सचिवालयले निर्णय कार्यान्वयनको लागि सम्बन्धित् मन्त्रालय र महालखापरीक्षकको कार्यालयमा पठाउने,
- ✓ समतिको निर्णय कार्यान्वयनमा समस्या भए सम्बन्धित् निकायवाट पुनरावलोकनको लागि अनुरोध भै आएमा पुनरावलोकन गर्ने र यस पछि भएको निर्णय कार्यान्वयनको लागि पठाउने,
- ✓ सभामा प्रतिवेदन पेश गर्ने र एक दिन भए पनि प्रतिवेदन उपर सभामा छलफल गर्ने,

६.४ <u>अनुगमनको चरणः</u>

- ✓ उपयुक्त निर्देशन दिएर समितिले अनुगमन गर्ने हो। आफै कागजात मागेर परीक्षण गर्नु बिशेषज्ञता र समयका दृष्टिले जोखिमपूर्ण हुन्छ।
- ✓ निर्णय कार्यान्वयन भए नभएको प्रगति विवरण लिने र कम्तिमा तीन-तीन महिनामा प्रगति प्रतिवेदनमाथि छलफल गर्ने,
- ✓ आफ्ना निर्णय र काम कारवाहीको छ-छ महिनामा पुनरावलोकन गर्ने,
- ✓ <u>अन्तरसम्बन्धः</u> सार्बजनिक लेखा समितिले म.ले.प को कार्यालय बीच गहिरो अन्तरसम्बन्ध हुन्छ। समितिको सल्लाहकार एवं बिशेषज्ञता प्रदान गर्न म.ले.प.को कार्यालयले काम गर्न सक्दछ। समितिले कुनै बिषयमा अध्ययन एवं प्रतिवेदन गर्न, सुझाब दिन सक्दछ। म. ले. प को संरक्षकको रुपमा समितिले काम गर्ने मान्यता छ।

✓ <u>छलफलको अभिलेखन र सुचना प्रबिधिको प्रयोगः</u> छलफलको माइन्युट र सूचना सम्प्रेषणमा ध्यान दिनु पर्दछ, निर्णय भएका बिषयहरु कार्यान्वयनको अनुगमन गर्न समेत उपयुक्त अभिलेखन हुनुपर्दछ। निर्णयहरुको Digitilization भएमा अनुगमन गर्न सहज हुन्छ। निर्णयको कार्यान्वयन नभएमा समितिको अर्थ हुदैन। तर्सथ निर्णयको अनुगमनको लागि निश्चित समय छुट्याउनु पर्दछ।

## ७. महालेखापरीक्षकको वार्षिक प्रतिबेदन, २०७७ बागमती प्रदेशमा बढि बेरुजू हुने मन्त्रालय र मन्त्रालयगत व्यहोराः

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५४२८१०३ | २९९३२ | १५५८६८ | ३७५५७७ | ५६१३७७ | ५७.७५ | ३.६४ |
| २. | सामाजिक विकास मन्त्रालय | ३०२२२१४ | १५८३६ | १४०९८३ | २६३१३ | १८३१३२ | १८.८४ | ६.०६ |
| ३. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १६६८७१८ | १८५१ | ५९९२७ | ७३७३६ | १३५५१४ | १३.९४ | ८.१२ |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९६५८८५ | ३६९३ | ८६५७८ | ८२४ | ९१०९५ | ९.३७ | ३.०७ |
| ५. | अन्य | १५८२५२२३ | ३५ | ७८६ | १५५ | ९७६ | ०.१० | ०.०१ |
| | जम्मा | ३८९१०१४३ | ५१३४७ | ४४४१४२ | ४७६६०५ | ९७२०९४ | १०० | १०० |

### <u>अद्यावधिक बेरुजू</u>

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | २७४६२९ | ९७२ | ०.३५ | ९७२ | ०.३५ |
| दोस्रो, २०७७ | ३९४७५४०१ | ९८७३१५ | २.५० | ५१०७१० | १.२९ |

<u>मन्त्रालयगत व्यहोराः</u>

### १. <u>आर्थिक मामिला तथा योजना मन्त्रालय</u>

✓ ३५ अर्व ३३ करोड अनुमान, ३३ अर्व ७७ करोड आम्दानी, २३ अर्व ५९ करोड खर्च, १० अर्व १८ करोड बचत,

✓ बचत बढदै गएको पहिलो बर्ष ७५ करोड बचत यो बर्ष १० अर्व १८ करोड,

✓ बजेट बक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन नभएको,

- ✓ सोधभर्ना हुने ऋणबाट रु.३ अर्ब ६५ करोड २४ लाख र शोधभर्ना हुने अनुदानबाट रु.७३ करोड ७८ लाख,
- ✓ आर्थिक बर्षको अन्तमा कार्यक्रम संशोधन र रकमान्तर,
- ✓ उपभोक्ता समितिबाट कार्य गराउँदा जनसहभागिता नचाहिने गरी निर्णय गरेको,
- ✓ ७० लाख भन्दा बढीको मर्मत सवारी साधन फर्निचर उपकरण लगायतको खरिद पटक पटक सोझै खरिद गर्ने गरी प्याकेज बनाएको,
- ✓ परामर्श सेवा अन्तर्गत आयोजना बैंक निर्माण र अनुगमन सफ्टवेयर खरिद र परियोजना बैंक पहिचान तथा सञ्चालन गर्नका लागि एक आयोजना विज्ञको लागि रु.६ लाख ९६ हजार खर्च। सफ्टवेयर प्रयोगमा नआएको,
- ✓ सम्पत्तिको एकीकृत विवरण तयार नभएको,

## २. <u>उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय</u>

- ✓ तालुक निकाय अनुगमन र निर्देशनमा केन्द्रित हुनुपर्नेमा आयोजना कार्यान्वयनमा केन्द्रित,
- ✓ प्लास्टिकमुक्त प्रदेश कार्यक्रममा रु.१ करोड खर्च भएको तर नतिजा नदेखिएको,
- ✓ विज्ञान प्रयोगशाला प्रवर्द्धन कार्यक्रममा ५ विद्यालयलाई रु.१ करोड अनुदान तर अनुगमन नभएको,
- ✓ सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार महाशाखा प्रमुख र कार्यालय प्रमुखको लागि बढीमा ३० लाख रुपैयाँसम्मको सवारीसाधन उपलब्ध गराउन सक्ने तर ६ थान सवारी साधन खरिद गरेकोमा रु.४५ लाख ५० हजार मापदण्ड भन्दा बढी खर्च गरेको,
- ✓ सफ्टवेयर खर्चमा लेखा तथा प्रतिवेदन प्रणालीमा रु.४ लाख ५२ हजार खर्च,
- ✓ परामर्श सेवा खर्च मन्त्रालयले कागज उद्योग स्थापना, जुस उद्योग, काष्ठ/हस्तकला उद्यम जस्ता विभिन्न क्षेत्रको अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको उल्लेख गरी २४ परामर्शदातालाई रु.२ करोड १ लाख भुक्तानी गरेको,
- ✓ पर्यटन विकास आयोजनाले यो वर्ष रु.२ करोड १५ लाख १४ हजारको लागत अनुमान तयार गरी विभिन्न ४८ फर्मबाट सोझै परामर्श सेवा खरिद गरी रु.२ करोड ११ लाख १६ हजार खर्च गरेको,

- ✓ प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत साना कृषि सडक निर्माण मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद–४ को दफा ९ मा साना कृषि सडक निर्माण तथा मर्मतमा साझेदार संस्थाले १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था। पर्यटकीय मार्ग घोषणा तथा विकास कार्यक्रम लगायतका कार्य विभिन्न ९७ उपभोक्ता समितिमार्फत गराई रु.२८ करोड २५ लाख भुक्तानी गरेकोले लागत सहभागिताको अंशको रकम समेत भुक्तानीले रु.२ करोड ८३ लाख बढी व्ययभार परेको,
- ✓ उपभोक्ता समितिलाई भू तथा जलाधार संरक्षण कार्यालयबाट तारजाली खरिदमा भुक्तानी,
- ✓ मन्त्रालयले गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन गर्न संस्था छनौटका लागि तयार गरेको कार्यक्षेत्रगत शर्तमा ६ वा सो भन्दा बढी स्थानीय तह रहेका जिल्लाको हकमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० अनुसार दुई वटा क्लष्टर हुने भएकोले सबैभन्दा बढी अंक प्राप्त गरी प्रथम हुने प्रस्तावकलाई पहिलो क्लष्टर र दोश्रो हुनेलाई दोश्रो क्लष्टरमा कार्यक्रम सञ्चालनको लागि छनौट गरिने उल्लेख,
- ✓ नाफामुलक संस्थालाई अनुदान (बचत तथा ऋण सहकारी),
- ✓ सामुदायिक वन उपभोक्ता समिति र वन कार्यालयले बिक्री गर्ने काठको मूल्य न्यून भएकोले खरिद गरी बाहिर बढी मूल्यमा विक्री गर्नसक्ने जोखिम,
- ✓ जिल्ला वन कार्यालय, दोलखाले रु.६७ लाख ७६ हजार मूल्यका विभिन्न बिरुवाहरु २६ पटक टुक्रा-टुक्रा खरिद गरेको (सोझै खरिद),

## ३. <u>भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय</u>

- ✓ रु.७७ करोड ७३ लाख अनुदान वितरण। तीनै तहको सरकारबाट कृषिमा अनुदान वितरण तर आयात बढेको,
- ✓ भूमि व्यवस्थापन कार्य प्रदेशमा सुरु नभएको,
- ✓ ११ हजार ५७७ सहकारी संस्था रहेको,
- ✓ कन्टिन्जेन्सी खर्च कार्यविधि बनाएर खर्च गर्नुपर्ने त्यसो हुन नसकेको,

- ✓ ९८ कृषि सडक निर्माण। रु.२८ करोड ४२ लाख खर्च। कृषि ज्ञान केन्द्रमा प्राविधिकको अभाव,
- ✓ चितवन लगायत ३ जिल्लाको २५ स्थानमा डीप बोरिङ्गको उपभोक्ता समितिसँग सम्झौता गरेर मन्त्रालयबाट रु.२ करोड ३८ लाख भुक्तानी। ३ प्रतिशत जनसहभागिता रु.७ लाख १४ हजार नलिएको। ड्रिलिङको कार्य निर्माण व्यवसायीबाट गराएको,
- ✓ कार्यविधिमा आफ्नै स्वामित्वमा १५ रोपनी जग्गा हुनुपर्ने। १५ बर्षको लागि भाडामा लिएको जग्गामा बधशाला निर्माण,
- ✓ निजी कम्पनीहरुलाई रु.१ करोड ५० लाख अनुदान। अनुदान पद्धतिमा सुधार आवश्यक,
- ✓ दाना उद्योग स्थापना र सञ्चालनको लागि विभिन्न ३ संस्थालाई रु.१ करोड ६८ लाख अनुदान। कार्यविधि अनुसार स्वीकृति नलिई खर्च गरेको,
- ✓ डीप बोरिङ्ग, शित भण्डार लगायतको लागि रु.२० लाखका भन्दा कमका २५ टुक्रामा लागत अनुमान बनाई प्रस्तावका आधारमा परामर्श सेवा खरिद गरेर रु.१ करोड ९७ लाख खर्च गरेको,
- ✓ साना कृषि सडक निर्माण तथा मर्मत कार्यक्रममा मन्त्रालयले १४ उपभोक्ता समितिको नाम किटान गरी रु.४ करोड ५५ लाख ४० हजार बजेट निकासा दिएको,
- ✓ बाख्रा विकास फार्म चित्लाङ सञ्चालनमा ६१ लाख खर्च। विक्री आय ४ लाख। मोर्टालिटी दर ३३ प्रतिशत,

४. <u>भौतिक पूर्वाधार विकास मन्त्रालय</u>

- ✓ पुँजिगत अनुसन्धान तथा परामर्श खर्च अन्तर्गत खानेपानीतर्फ २ वटा परामर्श सेवामा रु.६८ लाख ४३ हजार खर्च गरेको छ भने बाँकी रु.१६ करोड ३१ लाख ३८ हजारको रु.२० लाख र रु.५ लाख भन्दा तलका १५५ टुक्रामा लागत अनुमान बनाई खर्च गरेको देखिएको छ,
- ✓ मन्त्रालयले खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्तावको छनौंट तयार गर्दा लागत अनुमान भन्दा २४.१० देखि ३२.१६ प्रतिशतसम्म घटीमा कार्य भएको छ। तर सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७२ र ८२ बमोजिम परार्मश सेवा खरिद गरी लागत अनुमानकै हाराहारीमा रु.१६ करोड ३१

लाख ३८ हजार खर्च गरेको छ। खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्ताव तयार गर्दा न्यूनतम २४.१० प्रतिशत घटीमा सम्पन्न भएको छ। तर प्रतिस्पर्धा नगराई सिधै काम गराउँदा घटीको न्यूनतम् प्रतिशतले रु.३ करोड ९३ लाख १६ हजार थप व्ययभार परेको,

- ✓ पुँजिगत अनुसन्धान तथा परामर्श खर्च अन्तर्गत यातायात पूर्वाधार निर्देशनालयले यो वर्ष रु.४ करोड ६४ लाख ८४ हजार लागत अनुमानको परामर्श सेवा ३५ वटा फर्मबाट रु.४ करोड ४० लाख ७० हजारको खरिद गरेर यो बर्ष रु.२ करोड ८६ लाख ३० हजार खर्च गरेको,
- ✓ जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराएको,
- ✓ रु ८ करोड २४ लाख कन्टिन्जेन्सि खर्च। नियमित बजेट विनियोजन हुने शीर्षकहरुमै खर्च हुने। कार्यविधि बनाउनु पर्ने।
- ✓ क्रमागत आयोजनामा न्यून बजेट, खानेपानी उपभोक्ता समिति मार्फत खरिद,

## ५. सामाजिक विकास मन्त्रालय

- ✓ हस्तान्तरण प्रक्रिया स्वीकृत नभएकै अवस्थामा मन्त्रालयले संघीय कार्यालय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मध्ये क्षेत्रलाई रु.४२ करोड ३० लाख ७० हजार निकासा दिएको,

- ✓ मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम स्वीकृत कार्यविधिमा प्रतिव्यक्ति स्वास्थ्य परीक्षण खर्चबापत अस्पताललाई रु.२ हजार २ सय दिने उल्लेख। सफ्टवयरमा अनलाईन सिष्टमबाट ६ हजार ७३७ लाभग्राहीले सेवा लिएको अभिलेख रहेको। अभिलेख अनुसार प्रतिव्यक्ति २ हजार २०० का दरले रु.१ करोड ४८ लाख २१ हजार खर्च हुने देखिन्छ। प्राप्त विवरण अनुसार ५ अस्पतालबाट रु.१ करोड ९६ लाख ९३ हजार खर्च भएको देखिएकोले नर्म्स भन्दा रु.४८ लाख ७१ हजार बढी खर्च लेखेको रकम एकीन गरी असुल,

- ✓ अनुदान वितरणको सार्वजनिक सूचना प्रकाशन गरी सम्भाव्य सबै प्रत्यासीबाट निवेदन संकलन गर्ने र निश्चित आधारमा निष्पक्ष मूल्याङ्कन गरी अनुदान वितरण गर्नुपर्नेमा विभिन्न विद्यालय तथा सामुदायिक क्याम्पसहरुको नाम नै उल्लेख गरी

शिक्षा निर्देशनालयले निकासा दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुने गरी रु.८१ करोड २० लाख अनुदान निकासा,

## ८. वार्षिक प्रतिवेदन, २०७७ मा देखिएको समग्र व्यहोरा

- संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड र गतबर्षको नगद समेत रु ३३ अर्ब ७७ करोड प्राप्त भएकोमा रु २३ अर्ब ६८ करोड खर्च भई रु १० अर्ब १८ करोड खर्च हुन नसकि प्रदेश संचित कोषमा बचत रहेको देखियो।
- प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गरेको सशर्त, समपुरक र बिशेष अनुदान खर्च नभै बाँकी रु.१ अर्ब ६८ करोड मध्ये रु ८२ करोड फिर्ता भएको बाँकि रु ८४ अर्ब समेत फिर्ता हुनु पर्ने।
- बजेट कार्यान्वयन कमजोर रहेको, स्वीकृत बजेटको ५९.६३ प्रतिशत मात्र खर्च भएको।
- संघीय सरकारबाट प्राप्त हुनुपर्ने प्राकृतिक स्रोतको रोयल्टी बापतको रकम आषाढ मसान्तसम्म प्राप्त भएको छैन।
- आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको।
- प्रदेश र मातहतका ३४ कार्यालयले सामान खरिद निर्माण कार्य र परामर्श सेवा समेतमा रु.४२ करोड ३ लाख प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको पाईयो।
- जटिल प्रकृतिका अधिकांशका कार्य समेत उपभोक्ता समितिबाट गराउने गरिएको, प्रतिस्पर्धा नहुने, कतिपय कार्यहरु पुन निर्माण ब्यबसायीबाट गराईने, श्रममुलक भन्दा मेसिन प्रधान कार्य समेत उपभोक्ता समितिबाट गराउने गरेको।
- परामर्शदाता राखेर अध्ययन परामर्शमा धेरै खर्च हुने गरेको।
- आयोजनाहरु बिस्तृत सर्वेक्षण ड्रईङ, डिजाईन, लागत अनुमान तयार गरी कुल कार्य परिमाण, लागत र सम्पन्न हुने अवधि यकिन गरी स्वीकृति हुनुपर्नेमा सो प्रकृया पुरा नगरी सयौं योजनामा बजेट प्रस्ताव गर्ने, एक बर्ष बिनियोजन गर्ने अर्को बर्ष हटाउने गरेको देखिन्छ।
- संघ प्रदेश र स्थानीय तहबीच कार्यालय स्थापनामा दोहोरोपना देखियो। स्थानीय तहको कार्यक्षेत्रबाट समेत कार्य हुने स्वास्थ्य कृषि प्रयोजनका लागि प्रदेश कार्यालय

रहेका, संघबाट र प्रदेशबाट समेत पूर्वाधार निर्माणका कार्यालय रहेको सडक पूर्वाधार र सडक डिभिजन कार्यालय, खानेपानी सिँचाई तथा शहरी बिकासका कार्यहरुमा पनि दोहोरोपना देखिएको, एउटै सडकमा संघ र प्रदेशले ठेक्का लगाएको अवस्था।

- स्वीकृत दरबन्दीको तुलनामा ६४.६४ प्रतिशत पदपूर्ति भएको।
- अनुदान संस्कृति मौलाएको (कृषि, पशु, उद्योग, बन, पर्यटन क्षेत्रमा निजी निकायलाई समेत अनुदान दिईने) अनुदानको अनुगमन प्रभाबकारी नभएको।
- स्थानीय तहले संकलन गर्ने दहत्तर बहत्तरको राजस्व बाँडफाँड गर्ने/नगर्ने द्बिबिधा रहेको छ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा संशोधन गरी स्थानीय संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको, प्रदेश आर्थिक ऐनले करको दर तोकेको र प्रदेशलाई ४० सम्बन्धित् स्थानीय तहले ६० प्रतिशत राख्ने ब्यबस्था गरेको, नेपाल सरकारले मापदण्ड तयार गरी बाँडफाँड हुने उल्लेख गरेको।प्रदेश कानुन र मापदण्ड संघीय कानुन बिपरित देखिएको छ।बाँडफाँड गर्ने राजस्व भएमा संघीय कानुनले पनि सोही अनुसार ब्यबस्था गर्नुपर्ने।कतिपय स्थानिय तहले पठाउन छाडेको अबस्था छ।

## ९. <u>बेरुजू फर्छ्यौटमा रहेका समस्याहरु</u>

- एकै प्रकृतिको बेरुजू उपर उपसमितिहरूको निर्णयमा फरक फरक धारणा हुने गरेको,
- उही प्रकृतिको बेरुजूका सम्बन्धमा महालेखापरीक्षकको प्रतिवेदनमा फरक-फरक राय पेश भएको र स्पष्ट राय नआउने गरेको,
- एक भन्दा धेरै निकायसंग जोडिएको बेरुजु सम्बन्धमा एक निकायले अर्कोलाई दोष देखाउने गरेको,
- प्रतिवेदनमा उल्लिखित समस्या जटिल भए पनि उपलब्ध सिमित कागजी प्रमाणका आधारमा अधिकांश निर्णय लिने गरिएको (यथार्थता फरक हुन सक्ने),
- बेरुजू छलफलमा भाग लिन आउने लेखा उत्तरदायी अधिकारी पूर्ण तयारी साथ नआउने, समयमा बेरुजू फछ्र्यौट गर्ने कार्यमा उदासिनता देखाउने गरेको,

- ❖ धेरै जसो निर्णय उधारो हुने गरेको,
- ❖ पुराना बेरुजूहरू छलफलका लागि असान्दर्भिक भएको, सन्दर्भ बदलिएको,
- ❖ राज्य पुनर्संरचना हुँदा हस्तान्तरित कार्यालयमा बेरुजु बेबारिसे रहेको,
- ❖ विभिन्न राजनैतिक घटनाक्रमले गर्दा समितिले समयमै नियमित रूपमा छलफल गर्न सक्ने स्थिति नरहेको,
- ❖ बेरुजू छलफलका लागि क्यालेन्डर बन्न नसकेको,

## १०. सुझावहरु तथा सिफारिसः

- ➢ अधिकार क्षेत्र अन्तरगत राजस्व संकलनको ब्यबस्था मिलाउने, संचित कोष हिसाब यर्थाथ बनाउने।
- ➢ स्थानीय तहबाट वित्तीय प्रतिवेदन लिई एकीकृत गरी संघीय अर्थ मन्त्रालयमा पठाई सरकारको एकीकृत हिसाब तयार गर्न सहयोग गर्ने।
- ➢ आन्तरिक नियन्त्रण प्रणाली चुस्त बनाउने।
- ➢ बिद्युतिय खरिद प्रकृयाको अबलम्बन, खरिद योजना तयार गरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने।
- ➢ उपभोक्ता समितिबाट श्रममुलक प्रकृतिका कार्य मात्र गराउने निर्देशिका तयार गरी कार्यान्वयन गर्ने।
- ➢ कार्यालयको संख्या संघ, प्रदेश र स्थानीय तहबीच दोहोरोपना नहुने गरी निर्धारण गर्ने र दरबन्दी अनुसार पदपूर्ति गर्ने। कार्यक्रमको दोहोरोपना अन्त्य गर्ने।
- ➢ आयोजना बैंक तयार गरी प्राथमिकताको आधारमा उपलब्धी समेतलाई विचार गरी बजेट बिनियोजन गर्ने।
- ➢ खर्च गर्ने क्षमता अभिबृद्धि गर्ने एवं बजेट अनुशासनको पालना, रकमान्तरलाई निरुत्साहन गर्ने।
- ➢ अधुरो आयोजनालाई पर्याप्त बजेट ब्यबस्था गरी सम्पन्न गर्ने ब्यबस्था मिलाउने।
- ➢ अनुत्पादक खर्च नियन्त्रण, अनुदानको अनुगमन एवं अनुदान प्रणालीलाई नतिजामा आबद्ध गर्ने।
- ➢ दिगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना र आवधिक योजना अनुरुप बजेट तर्जूमा गर्ने।

# परिच्छेद-५

## निष्कर्ष, सुझाव तथा निर्देशन

### ५.१ निष्कर्ष

प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रदेश सरकारलाई प्रदेश सभा र जनताप्रति जवाफदेही, जिम्मेवार बनाउने महत्वपुर्ण निकायको रुपमा हेरिएको छ। समितिले प्रदेश सरकारको मन्त्रालय र मातहतका कार्यालयले सञ्चालन गरेको योजना तथा कार्यक्रमहरुमा आफ्नो कार्यक्षेत्र अनुसारको जिम्मेवारी गम्भिरतापूर्वक निर्वाह गर्न निर्देशन दिने र उक्त निर्देशन अनुसारको कार्य अगाडि बढाउन के कति प्रयत्न भयो भन्ने कुराको निगरानी गर्न उपसमिति समेत गठन गरी अध्ययन गरेको छ।

बजेटको प्रभावकारी ढंगले खर्च भयो वा बजेट खर्चको प्रगति कस्तो रह्यो साथै सरकारको सार्वजनिक जवाफदेहीता कस्तो रह्यो भन्ने विषयमा मन्त्रालयका प्रतिनिधिलाई बोलाएर बजेटको प्रगति बारेमा जानकारी लिने काम गरेको छ। प्रदेश सरकारको बजेट खर्च गर्ने विधि, मापदण्ड तथा क्षमता कमजोर रहेकोले समयमा नै त्यसलाई सुधार गरेर जानुपर्ने आवश्यकता रहेको छ। विश्वव्यापी रुपमा देखिएको कोभिड–१९ को दोस्रो लहरको असर नेपालमा पनि त्यतिकै परेको छ। जनजीवन अस्तव्यस्त भएको छ भने बन्दाबन्दीले मानवीय संकट उत्पन्न भएको छ। कोभिडको कारण धेरैले समयमा नै उपचार नपाएर मृत्युवरण गर्नु परेको अवस्था छ। यद्यपि सरकार मुकदर्शक भएर सत्ता जोगाउनमा मात्र लागि परेको छ। सार्वजनिक लेखा समितिले सरकारलाई बारम्बार ताकेता गरिरह्यो र गरिहने छ। कोभिडले प्रदेश सभा र प्रदेश सरकारसँगै यस समितिको काममा पनि समस्या सिर्जना गरेको छ।

सार्वजनिक लेखा समितिले भौतिक उपस्थिति र भर्चुअल माध्यमद्धारा यस आर्थिक वर्षमा ११ ओटा बैठक बसेको छ। उक्त बैठकहरुले सरकारले सञ्चालन गर्न लागेको प्रदेश सरकारको गौरवको आयोजना र उजुरीको आधारमा सरोकारवालसँग छलफल गरी केही निर्देशन दिएको छ, विभिन्न उपसमितिहरु गठन गरी सरकारको कामको अनुगमन, मूल्याङ्कन गर्ने, कोभिड नियन्त्रणमा सरकारलाई तदारुकताको साथ लागि पर्न र कोभिड नियन्त्रणमा भएको खर्चको यथार्थ विवरण सार्वजनिक गर्न लगायत सार्वजनिक सरोकारको विषयमा महत्वपुर्ण निर्णय र निर्देशन दिएको छ। साथै समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७ मा पनि छलफल तथा

अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ जसबाट विभिन्न निकायमा देखिएको बेरुजुको बारेमा थप जानकारी प्राप्त भएको र समितिमा यसबारे गम्भिर छलफल गरी आवश्यक निर्णय गर्नु पर्ने देखिन्छ।

अन्त्यमा, हामीले खोजेको सुशासन र आर्थिक समृद्धि प्राप्त गर्न सरकारको पारदर्शीता तथा आर्थिक अनुशासनको जति जरुरी छ सरकारको 'बाच डग' को भूमिका निर्वाह गर्न सार्वजनिक लेखा समितिका सदस्यहरुको सक्रियता तथा समितिको अधिकार र कार्यक्षेत्र बढाउन उत्तिकै आवश्यकता रहेको समितिले महसुस गरेको छ।

## ५.२ सुझाव तथा निर्देशन

१ प्रदेश सभाले आफ्नो काम, कारबाहीलाई व्यवस्थित् गर्न समितिको अडियो/भिडियो बैठकहरुको अभिलिखित गर्नु पर्ने।

२ प्रदेश सरकार मार्फत् स्थानीय तहमा प्रदान गर्ने समानीकरण, शसर्त र समपूरक योजना पारदर्शी, जवाफदेही र आवश्यकतामा आधारित बनाउने।

३ प्रदेशका आयोजनाहरु परियोजना बैंक मार्फत् आवश्यकता र औचित्यताको आधारमा छनौट गरी नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्ने।

४ प्रदेशको महत्वपूर्ण स्रोतको रुपमा रहेको नदी तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र उपयोग यस समितिले दिएको प्रतिवेदनको सुझाव तथा निर्देशन बमोजिम व्यवस्थित र नियमन गर्ने।

५ सरकारले तयार गरेको दहत्तर बहत्तर सम्बन्धी कार्यविधि र मापदण्ड संशोधन गरेर प्रदेशको भुगोल अनुकूल, समयानुकूल वैज्ञानिक एवं व्यवहारिक बनाउने।

६ उद्योगहरुको अनुगमन तथा नियमनका साथै मूल्य अभिवृद्धि कर एवं आय करको प्रभावकारी अनुगमन गरी सबैलाई करको दायरामा ल्याई प्रदेशको राजश्व वृद्धि गर्ने।

७ सार्वजनिक लेखा समितिले विभिन्न समयमा स्थलगत निरीक्षण गरी दिएका सुझाव तथा निर्देशनहरुलाई समयमा नै कार्यान्वयन गर्ने।

८ सरकारले युवा स्वरोजगार कार्यक्रमलाई प्राथमिकतामा राखी तत्काल प्रतिफल हासिल गर्न सक्ने कृषि, उद्योग लगायतका कार्यक्रमलाई अगाडी बढाउने।

९ महालेखापरीक्षकको प्रतिवेदनले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सवारी साधन खरिद शिर्षकमा देखाएको खर्चको रकम र मन्त्रालयबाट प्राप्त कागजातको अध्ययन गर्दा फरक फरक देखिएकोले मन्त्रालयसँग भएको सवारी साधन खरिदको वास्तविक विवरण समितिलाई उपलब्ध गराउने।

१० प्रदेश सरकारले योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रत्येक जिल्लामा एकीकृत सेवा केन्द्र/कार्यालय विस्तार गर्ने।

११ महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएको सैद्धान्तिक बेरुजूलाई सबै मन्त्रालय र निकायहरुले न्यूनीकरण एवं अन्त्य गर्ने।

१२ प्रदेश सरकारले सहकारीता, समन्वय र सहअस्तित्वको आधारमा बाँकी रहेका कानून निर्माण प्रक्रियालाई तत्काल अगाडी बढाउने।

१३ प्रदेश  मन्त्रालयहरुबीच समन्वयको अभाव देखिएकोले त्यस कार्यलाई सुधार गर्ने।

१४ मन्त्रालयहरुको आवश्यक कागजातको अभिलेखिकरणलाई चुस्त दुरुस्त राख्नुको साथै मन्त्रालयहरुलाई सार्वजनिक लेखा समितिले माग गरेको आवश्यक कागजात पटक पटक ताकेता गर्दा पनि उदासिनता देखाउने गरेकोले आफ्नो कर्तब्यप्रति गम्भिर बन्न ध्यानाकर्षण गराउनुका साथै समितिले दिएको निर्देशन र सुझावहरु के कति कारणले कार्यान्वयन हुन नसकेको हो सोको कारणबारे समितिलाइ जानकारी गराउने।

१५ यातायात व्यवस्था कार्यलयबाट सेवा लिन जनतालाइ असाध्यै समस्या परिरहेको छ, सेवा प्रणाली तथा सर्भरमा संघीय सरकारसँग भर पर्नु परेकोले प्रदेश सरकारमार्फत् सञ्चालन गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने।

१६ प्रदेश मन्त्रालय एवं अन्य निकायले खरिद गर्दा एकै आर्थिक बर्ष भित्र एकै महिनामा टुक्रा टुक्रा गरी खरिद गरेको पाइएकोले यस्तो कार्य अन्त्य गर्नु पर्ने, सार्वजनिक खरिद ऐनलाई अबलम्बन गर्नुपर्ने, खरिदको बार्षिक गुरु योजना बनाउनु पर्ने साथै प्रचलित ऐन बमोजिम खरिद कार्य गर्ने/गराउने।

१७ प्रदेश सरकारले प्रदान गर्दै आएको सबै किसिमका अनुदान  प्रतिफलमुखी हुन सकिरहेको छैन।त्यसको प्रभावकारी अनुगमन गर्नु पर्ने र अनुदान कार्यक्रमलाई लक्षित वर्गमा पुर्‍याउनु पर्ने र कार्यक्रमको दुरुपयोग हुनबाट जोगाउने।

१८ प्रदेशका प्रत्येक जिल्लाहरुमा स्थानीय तहसँगको समन्वयमा अक्सिजन सहितको आइसोलेसन सेन्टर निर्माण गर्ने, जिल्ला अस्पतालहरुमा आईसीयु र भेन्टिलेटरको क्षमतालाई वृद्धि गर्ने साथै कोभिडको महामारी कुन चरणसम्म आउने हो भन्ने एकिन नभएकोले प्रदेशका प्रत्येक नागरिकलाई खोप लगाउने व्यवस्था तत्काल गर्ने।

१९ निषेधाज्ञाको कारणले किसानले आफ्नो उत्पादन बजारसम्म लैजान नसक्दा लगानी समेत उठाउन नसक्ने अवस्था देखिएकोले किसानले उत्पादन गरेका तरकारी, फलफूल लगायतका अन्नबाली बजारसम्म पुर्‍याउन प्रदेश सरकारले सहजीकरण गर्ने।

२० अहिलेसम्म कोभिडको उपचार, नियन्त्रण र सामान खरिदमा सरकारले गरेको खर्चको यथार्थ विवरण सार्वजनिक गर्ने।

२१ तेस्रो लहरको भाइरस आउने विज्ञको चेतावनीका बीच कोभिड १९ को महाविपत्तिको जोखिम न्यूनीकरण, राहत वितरण तथा प्रदेशबासी जनताको निशुल्क उपचारका साथै कोरोना महामारीबाट अस्तब्यस्त भएको अर्थतन्त्रलाई उकास्ने गरी कोभिड-१९ लाई पहिलो प्राथमिकतामा राखि आर्थिक उपार्जनको नीति तथा कार्यक्रमसहित आ.व. २०७८/७९ मा कोभिड लक्षित बजेट ल्याउने।

२२ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनगमन तथा मूल्याङ्कन उपसमितिले पत्राचार गरी एवं मौखिक जानकारी गराई पटक-पटक ताकेता गर्दा पनि माग गरेको विवरण उपलब्ध नगराएकोले उक्त मन्त्रालयले समितिको प्रतिवेदन तथा निर्देशन कार्यान्वयन गरे/नगरेको नदेखिएकोले सम्बन्धित् मन्त्रालयले समितिलाई सो सम्बन्धमा लिखित जानकारी गराउने।

# अनुसूची-१

## सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५

### प्रस्तावना

प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको बैठक र काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, अनुशासित, चुस्त दुरुस्त, छिटोछरितो, पारदर्शी, जवाफदेही र प्रभावकारी रुपले सञ्चालन गर्ने उद्देश्यले प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको मिति २०७५ साल ९ महिना १२ गते बसेको बैठकले प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०७५ स्वीकृत गरेको छ।

### परिच्छेद १

### प्रारम्भिकः

**१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कर्यिविधीको नाम "प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसंचालन कार्यविधि, २०७५" रहेको छ ।

**२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।** (१) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) "आर्थिक मामिला तथा योजना मन्त्री" भन्नाले प्रदेश ३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्री मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको काम गर्न तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री समेतलाई जनाउँछ।

(ख) "टेबुल" भन्नाले समितिको टेबुल सम्झनु पर्छ र सो शब्दले समिति समक्ष कुनै निवेदन, प्रस्ताव, कागजपत्र वा विवरण पेस गर्ने कार्य टेबुल समेतलाई जनाउँछ।

(ग) "पदाधिकारी" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय, संस्थाका सचिव वा कार्यकारी प्रमुख वा योजना वा कार्यालयको प्रमुखलाई जनाउँछ।

(घ) "प्रस्ताव" भन्नाले समितिमा कुनै सदस्यद्वारा आफ्नो क्षेत्राधिकारको विषयमा छलफलको लागि पेस गरिएको कुनै निवेदन वा प्रस्ताव सम्झनु पर्छ।

(ङ) “प्रस्तुत कर्ता सदस्य” भन्नाले समितिमा छलफलको लागि निवेदन वा प्रस्ताव प्रस्तुतकर्ता समितिको सदस्य सम्झनु पर्छ।

(च) “विज्ञ वा विशेषज्ञ” भन्नाले समितिले आफ्नो कार्य क्षेत्र अन्तरगतको जिम्मेवारी पूरा गर्ने सम्बन्धमा राय सुझाव लिन समितिको बैठकमा विशेषज्ञको रूपमा आमन्त्रण गरिएको व्यक्तिलाई जनाउँदछ।

(छ) “बैठक” भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक सम्झनु पर्छ ।

(ज) “बैठक कक्ष” भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरन्डा समेतलाई जनाउँछ।

(झ) “मन्त्री” भन्नाले प्रदेश ३ को प्रदेश सरकार को मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री समेतलाई सम्झनु पर्छ।

(ञ) “मन्त्रिपरिषद्” भन्नाले नेपालको संविधान बमोजिम गठित प्रदेश ३ को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ट) “मर्यादापालक” भन्नाले प्रदेश ३ को सार्वजनिक लेखा समितिको बैठकमा सुरक्षा व्यवस्थाको लागि नेपाल प्रहरीबाट खटिएका तथा सचिवालयले सेवा करारमा नियुक्ति गरेका पूर्व सैनिक वा प्रहरीलाई सम्झनु पर्छ ।

(ठ) “सचिव” भन्नाले प्रदेश सभा ३ को सभामुखद्वारा नियुक्त प्रदेश सभा ३ को सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको काम गर्न तोकिएको वरिष्ठ कर्मचारी समेतलाई जनाउँछ ।

(ड) “सदस्य” भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सार्वजनिक लेखा समितिद्वारा अध्ययन एवं छानबिनको लागि गठित उपसमितिको सदस्य समेतलाई जनाउँछ ।

(ढ) “सभापति” भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिको सभापति सम्झनु पर्छ।

(ण) “समिति सचिव” भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सचिव भई काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(त) “सार्वजनिक लेखा” भन्नाले प्रदेश ३ अन्तर्गतका सबै सरकारी कार्यालय, निकाय, सचिवालय, आयोग, संस्था र गैर सरकारी संस्थाले राजस्व असुली तथा खर्च गर्दा वा सेवा प्रवाह गर्दा, मालसामान खरिद तथा उपयोग वा संरक्षण गर्दा, योजना सञ्चालन गर्दा वा

सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुन तथा रीत विपरीत गरेको वा पारदर्शिता र सार्वजनिक जवाफदेहिता सम्बन्धी कानुनको पालना नगरेको वा सार्वजनिक हित र सरोकार विपरीत खर्च गर्ने काम वा निर्णय गरेको वा सार्वजनिक साधन र श्रोतको उपयोग गर्दा सरकारलाई वा सामाजिक, आर्थिक, संस्कृति, पर्यावरणीय तथा वातावरणीय नोक्सानी र क्षति पुग्ने गरी निर्णय वा काम कारबाही गरेको विषयलाई समेत जनाउँदछ।

निजी कम्पनीले पनि प्रबन्ध पत्रमा उल्लिखित सर्त र कार्य गर्दा प्रचलित कानुन विपरीत कुनै काम वा निर्णय गरी जनता वा सेवाग्राही वा राष्ट्रलाई क्षति वा नोक्सानी पुर्याएको विषयलाई पनि सार्वजनिक लेखाको विषय मान्नु पर्दछ।

(थ) "सार्वजनिक लेखा समिति" भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिलाई जनाउँदछ।

(द) "सूचना पत्र" भन्नाले देहायका विषयहरू समावेश भएको प्रदेश सभा ३ सार्वजनिक लेखासमितिको सूचना पत्र सम्झनु पर्छ :–

(१) प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको कार्यसूची वा बैठकको कारबाही सम्बन्धी सूचना— १,

(२) बैठकको कारबाहीको संक्षिप्त विवरण — २,

(३) समितिसँग सम्बन्धित सूचना— ३,

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद २

## <u>प्रदेश सभा ३,सार्वजनिक लेखा समितिको बैठक सञ्चालन प्रकृया:</u>

**३) बैठकको आव्हानः** (१) प्रदेश सभा ३ को अधिवेशन नभएको वेला प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक बस्न अत्यावश्यक भएमा समितिका सभापतिले प्रदेश सभा ३ को सभामुख समक्ष बैठक बस्न पर्नाको कारण र बैठक बस्ने दिन र समय खोली निवेदन वा प्रस्ताव पेस गर्नुपर्ने पर्नेछ र सभामुखद्वारा सो निवेदन वा प्रस्ताव स्वीकृत भए अनुसार समितिको बैठक आव्हान गरिनेछ। बैठक आव्हान गरेको सूचना समिति सचिवले एस.एम.एस. मार्फत सदस्यलाई दिनेछ।

(२) सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक बस्नको लागि उपदफा १ को व्यवस्था आवश्यक पर्ने छैन।

**४) प्रदेश सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) प्रदेश सभाको बैठक चलिरहेको वेलामा सभामुखसँग समय व्यवस्थापनको विषयमा छलफल गरी समितिको पनि बैठक सञ्चालन गर्न सकिनेछ।

(२) समितिको बैठक सभापतिद्वारा तोकिएको दिन र समयमै सुरु हुनेछ।

(३) कारणवश तोकिएको समयमा समितिको बैठक बस्न नसक्ने अवस्था आएमा सो को कारण र आधार खोली सभाको सूचना पाटीमा टाँसिनेछ र सो को सूचना सम्बन्धित सदस्यलाई एस.एम.एस वा फोनद्वारा दिइनेछ । यसरी दिइएको सूचना सबै सदस्यले पाएको मानिनेछ।

(४) समितिको बैठकको कार्यसूची सभापतिले स्वीकृत गरी बैठक बस्ने समय र छलफल हुने विषय एवंकार्यसूचीको जानकारी सभामुखको सचिवालय, उपसभामुखको सचिवालय, दलका संसदीय कार्यालय, सचिवको कार्यालय र प्रशासन शाखा, प्राविधिक शाखा, मर्यादा पालन शाखा समेतलाई जानकारी दिनुपर्नेछ।

(५) तोकिएको कार्यसूची अनुसार नै बैठकमा छलफल हुनेछ।

(६) बैठक सञ्चालनमा समितिका सबै सदस्य तथा खटिएका सबै कर्मचारीहरूले सहयोग गर्नु सबैको दायित्व हुनेछ।

## परिच्छेद ३

## <u>बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थितिः</u>

५) बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थिति : (१) बैठकमा समितिका एक चौथाइ सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(२) गणपूरक सङ्ख्या पुगे पछि मात्रै समितिको बैठक सुरु हुनेछ।

(३) छलफलमा सबै सदस्य उपस्थित भई सक्रियरुपमा सहभागी हुनुपर्नेछ।

## परिच्छेद ४

## विषय प्रवेश

**६) समितिमा विषय प्रवेश :** (१) समितिमा सदस्यद्वारा आफ्नो कार्यक्षेत्र वा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित प्रस्ताव वा निवेदन दिई विषय प्रवेश गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति तथा संस्थाद्वारा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित निवेदन दिन सकिनेछ।

(३) सदस्यद्वारा तथा कुनै व्यक्ति तथा संस्थाद्वारा निवेदन वा प्रस्ताव पेस गर्दा प्रदेश ३ अन्तर्गतका सरकारी कार्यालय, निकाय, सार्वजनिक संस्था, गैह्रसरकारी संस्था तथा निजी कम्पनीले सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुनको उलंघन गरेको, राजस्व नोक्सानी वा हिनामिना गरेको वा सार्वजनिक साधन र श्रोतको दुरुपयोग वा अनियमित रूपमा खर्च गरेको वा सार्वजनिक हित र सरोकारमा अहित, क्षति र नोक्सानी पुर्याएको भनी आधार र प्रमाण खोली निवेदन वा प्रस्ताव दिनु पर्नेछ।

(४) कसैलाई रिसईवी साध्ने, दुख दिने तथा बेइज्जत गर्ने नियतले कसैले पनि समितिमा निवेदन वा प्रस्ताव पेस गर्न पाइने छैन।

(५) सदस्य बाहेक कुनै व्यक्ति तथा संस्थाद्वारानिवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन उपसमिति गठन गर्ने प्रक्रियाः-

१. कुनै व्यक्ति तथा संस्थाद्वारानिवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन मिल्ने नमिल्ने सम्बन्धमा सभापतिको नेतृत्वमा बढीमा दुई जना अरू सदस्य भएको उपसमिति गठन गर्न सकिनेछ।

२. सो उपसमितिले जाँच गरी कारबाही अगाडि बढाउन आवश्यक देखेको निवेदन वा प्रस्ताव मात्रै छलफलदको लागि अगाडि बढाइनेछ।

## परिच्छेद ५

**विवरण तथा कागजात झिकाउने व्यवस्थाः**

**७) समितिले आवश्यक कागजात तथा निर्णय झिकाउने सम्बन्धमा देहायको व्यवस्था अपनाउनेछ :**

(१)  समितिले सार्वजनिक लेखा सम्बन्धी विषय वा समितिको कार्य क्षेत्रको विषयमा निर्णय गरी सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालय तथा संस्थाबाट लिखितरुपमा माग गरी आवश्यक कागजात तथा निर्णय झिकाउन सक्नेछ।

(२) समितिबाट माग भएको कागजात, विवरण तथा निर्णय तोकिएको समय भित्रै जिम्मेवार पदाधिकारी वाट प्रमाणित गरी समितिमा उपलब्ध गराउनु सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाको कर्तव्य हुनेछ।

(३) सम्बन्धित मन्त्रालयबाट माग भए बमोजिमको कागजात, विवरण तथा निर्णयका प्रतिहरु, (आवश्यकता अनुसार, विद्युतीय प्रतिसमेत)प्राप्त भए पछि समिति सचिवालयले सबै सदस्यहरूलाई छलफल हुनु भन्दा कम्तीमा ३ दिन अगाडि नै उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिले सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाबाट कागजात, विवरण तथा निर्णय प्राप्त भए पछि सो माथि सामान्यरुपमा छलफल गर्नेछ।

## परिच्छेद ६

**पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने  सम्बन्धी व्यवस्था:**

**८) समितिले पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :**

(१) प्राप्त विवरणमाथि थप छलफल गर्न वा जानकारी लिन आवश्यक परे समितिले निर्णयकर्ता मन्त्री, पदाधिकारी वा कर्मचारी वा सो विषयसँग सम्बन्धित विज्ञ, विशेषज्ञलाई पनि समितिको बैठकमा आमन्त्रण गरी प्रश्न वा जिज्ञासा सोध्न सकिनेछ।

(३) समितिले आमन्त्रण गरेको दिन र समयमा समितिमा उपस्थित भई निर्णय वा काम कारबाहीको बारेमा सत्य तथ्य जानकारी दिनु सम्बन्धित मन्त्री, पदाधिकारी वा कर्मचारी वा विज्ञ, विशेषज्ञको कर्तव्य हुनेछ।

(४)  उपरोक्त छलफल वा काम कारवाहीको अडियो वा भिडियो रेकर्डिङ समेतगर्न सकिनेछ।

## परिच्छेद ७

### उपसमिति गठन सम्बन्धी व्यवस्थाः

**९) समितिले उपसमिति गठन गर्दा देहाय बमोजिमको व्यवस्था अवलम्बन गर्न सक्नेछ :**

(१) समितिका काम कारबाहीहरूलाई व्यवस्थित, प्रभावकारी र छिटोछरितो बनाउने उदेश्यले आवश्यक्तानुसार समितिले उपसमिति बनाई अध्ययन गर्न सक्नेछ।

(२) सामान्यतः एक सदस्यलाई एक भन्दा बढी उपसमितिमा संयोजक वा सदस्य राखिनेछैन ।

(३) उपसमितिमा विभिन्न दलको प्रतिनिधित्व हुने गरी ३ देखि ५ जना सदस्य तोकिनेछ र सो मध्ये एक जनालाई संयोजकको जिम्मेवारी तोकिनेछ।

(४) उपसमिति गठन गर्दा उपसमितिको कार्यक्षेत्र, अध्ययन गर्ने समय सीमा र प्रतिवेदन पेस गर्ने समय पनि तोकिने छ।

(५) उपसमितिलाई समितिले अवलम्बन गर्ने सबै कार्य प्रक्रिया अवलम्बन गर्न सक्ने अधिकार पनि दिइनेछ।

(६) तोकिएको समय सीमा भित्र सुझाव र निष्कर्ष सहितको प्रतिवेदन समितिमा पेस गर्नु उपसमितिको कर्तव्य हुनेछ।

(७) कारणवश तोकिएको समय सीमा भित्र प्रतिवेदन पेस गर्न नसक्ने अवस्था आएमा समिति समक्ष समय सीमा थप्न निवेदन दिन सकिने।

## परिच्छेद ८

### स्थलगत अध्ययन भ्रमण सम्बन्धी व्यवस्थाः

**१०) समितिले स्थलगत अध्ययन भ्रमण सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :**

(१) समितिको कार्यक्षेत्रको विषय वा सार्वजनिक लेखा वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिना तथा हानी नोक्सानी भएको तथा प्रचलित कानुन विपरीत काम कारबाही भएको यथेष्ट आधार देखिएमा समितिले उपसमिति बनाई सम्बन्धित सरकारी कार्यालय, योजना, कार्य भइरहेको स्थल, सचिवालय तथा अन्य संस्थाको स्थलगत अध्ययन भ्रमण गर्न सक्नेछ।

(२) स्थलगत अध्ययन भ्रमण तथा खर्च सम्बन्धी कार्यक्रमको स्वीकृति सभामुख वाट लिनु पर्नेछ।

(३) स्थलगत अध्ययन भ्रमण सचिवालयको श्रोतबाट किफायत र मितव्ययी किसिमबाट गर्नुपर्नेछ र अरू कार्यालय वा निकायबाट थप खर्च लिन पाइने छैन।

(४) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

## परिच्छेद ९

## समितिका सदस्यहरूले पालना गर्नुपर्ने नियम तथा आचरण सम्बन्धी व्यवस्थाः

**११) समितिमा सदस्यहरूले देहाय बमोजिमको नियम तथा आचरण पालना गर्नु पर्नु पर्नेछ :-**

(१) सदस्यहरूले समितिमा उपस्थित हुनु पूर्व छलफल हुने विषयसँग सम्बन्धित कागजात वा निर्णय वा इमेल अध्ययन गरेर आउनु पर्नेछ।

(२) समितिमा विचाराधीन विषयसँग कुनै सदस्य वा सदस्यको हक, वैयक्तिक हित वा सरोकार गांसिएको भए सो विषयको छलफल र निर्णयमा सम्बन्धित सदस्यले भाग लिन हुँदैन।

(३) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

(३) सदस्यले समितिको मान, सम्मान, गौरव तथा प्रतिष्ठा बढाउने गरी अनुकरणीय काम कारबाही, व्यवहार र आचरण देखाउनु पर्नेछ।

(४) समितिले बैठक सञ्चालन गर्दा सचिवालय वाट चियाको व्यवस्था गरिनेछ।

(५) अन्य सार्वजनिक संस्था वा पदाधिकारीले अनावश्यक वा अनियमिततापूर्वक गरेको खर्च लगायतको काम कारबाहीको अनुगमन गर्ने जिम्मेवारी पाएको यो समितिले कार्य सम्पादन गर्दा सधैं नियमितता, मितव्ययिता, औचित्यता, कार्यदक्षता, प्रभावकारिता र कानुनी सिद्धान्तको पालना गर्नु, गराउनु पर्नेछ।

(६) कुनै सरकारी तथा गैर सरकारी कार्यालय तथा संस्थाको कामकारबाहीको अध्ययन गर्दा पनि नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्त अवलम्बन गरिएको छ वा छैन वा प्रचलित कानुनको पालना गरिएको छ वा छैन भनी आधार लिनुपर्नेछ।

(७) समिति वा उपसमितिको काममा सभापति वा संयोजकलाई आवश्यक सहयोग गर्नु सदस्यको कर्तव्य हुनेछ।

(८) सभापतिले छलफलमा सहभागी हुन चाहने सबै सदस्यलाई समय तोकी प्रश्न वा जिज्ञासा सोध्ने वा छलफल गर्ने समय दिनुपर्नेछ।

(९) सदस्यले सभापतिसँग समय लिई आफ्ना विचार राख्ने वा आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीसँग नम्र, मिजासिलो र मर्यादित भई आधार र प्रमाणगत रूपमा प्रश्न वा जिज्ञासा सोध्न पर्नेछ।

(१०) सबै सदस्यले विचार राखी सकेपछि सभापतिले आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीलाई जवाफ दिन समय दिनुपर्नेछ।

## परिच्छेद १०

<u>समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार सम्बन्धी व्यवस्थाः</u>

**१२) समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार देहाय बमोजिम हुनेछ :**

(१) समितिको बैठकमा शान्ति सुव्यवस्था कायम गरी अनुशासित र मर्यादित रूपमा सभापतिले बैठक सञ्चालन गर्नेछ।

(२) बैठक सञ्चालनमा सभापतिलाई आवश्यक सहयोग गर्नु सबै सदस्य तथा कर्मचारको दायित्व हुनेछ।

(३) बैठकलाई अनुशासित र मर्यादित बनाउन आवश्यक परे सभापतिले मर्यादा पालक पनि प्रयोग गर्न सक्नेछ।

## परिच्छेद ११

<u>समितिको बैठक वा काम कारबाहीहरू प्रेस तथा मिडियाको लागि खुल्ला गर्ने सम्बन्धी व्यवस्थाः</u>

**१३) समितिको बैठक वा कामकारबाहीहरू सामान्यतः संविधान तथा प्रचलित कानुनले रोकेको अवस्थामा बाहेक प्रेस तथा मिडियाको लागि खुल्ला गर्न देहायको व्यवस्था गरिनेछ :**

(१) अनियमित तथा कानुन विपरीतका काम कारबाही तथा निर्णय गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथा सरकारी काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, पारदर्शी र जवाफदेही बनाउन सामान्यतः समितिका बैठक वा काम कारवाहहिरु प्रेस तथा मिडियाको लागि खुल्ला गरिनेछ।

(२) प्रेस तथा मिडियाका प्रतिनिधिहरूलाई सामान्यतः छलफलमा सहभागी गराइने छैन।

(३) समितिका काम कारबाही नियमितता, मितव्ययिता तथा असल शासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा केन्द्रित गरिनेछ।

(४) सञ्चारका माध्यमबाट समितिका सबै निर्णय तथा काम कारबाही आम नागरिक समक्ष सहजरुपमा पुऱ्याउने कार्य प्रभावकारी ढङ्गले गरिनेछ।

## परिच्छेद १२

## निर्णय प्रक्रिया र प्रमाणीकरण

**१४) समितिले कुनै पनि विषयमाथि छलफल गरी निर्णय गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनेछ :**

(१) समितिमा सभापतिले सबै सदस्यलाई समय तोकी आफ्नो विचार वा धारण राख्न दिनुपर्नेछ ।

(२) सभापतिले आमन्त्रित पदाधिकारी, विज्ञ, विशेषज्ञ वा अन्य पदाधिकारीलाई सो विषयमा आफ्नो आधार, प्रमाण तथा धारणा राख्न समय दिनुपर्ने छ।

(३) सदस्यहरूले कुनै पूरक प्रश्न सोध्न चाहेमा सभापतिले सम्बन्धित सदस्यलाई समय दिनुपर्नेछ।

(४) समिति सचिवले सभापतिको अनुमति लिई आफ्नो धारणा वा विचार बैठकमा राख्न सक्नेछ।

(५) कुनै पनि विषयमाथि छलफल समाप्त भए पछि सभापतिले निर्णयको लागि बैठकमा प्रस्ताव पेस गर्नुपर्नेछ।

**१५) समितिको निर्णय देहाय बमोजिम हुनेछ :**

(१) समितिको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट गरिनेछ।

(२) मत बराबर हुन गएमा सभापतिले निर्णायक मत दिन पाउनेछ।

(३) समितिको निर्णय सभापतिद्वारा तथा उपसमितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ।

## परिच्छेद १३

## पत्राचार र निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था:

**१६) समितिको निर्णय कार्यान्वयनको सन्दर्भमा समितिले सामान्यतया निम्न व्यवस्था अवलम्बन गर्नुपर्नेछ :**

(१) समितिको निर्णय कार्यान्वयनको लागि समिति सचिवले सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा समय तोकी पठाउनु पर्नेछ।

(२) समितिले पठाएका निर्णय तोकिएको समय भित्रै कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

(३) तोकिएको समयमा कार्यान्वयन गर्न नसकेमा सो को कारण र आधार खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालयले म्याद थपको लागि तोकिएको समयमै समिति समक्ष अनुरोध गर्नु पर्नेछ र यसरी म्याद थपको लागि अनुरोध भई आएमा समितिले बैठक बसी आवश्यक निर्णय गर्न सक्नेछ।

**१७) पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

समितिको निर्णय सम्बन्धमा समितिले देहायको व्यवस्था अवलम्बन गर्न सक्नेछ।-

(१) कानुनी वा प्राविधिक वा अन्य कुनै कारणले समितिको निर्णय कार्यान्वयन गर्न अप्ठेरो परेको भए सो को आधार र कारण खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयले निर्णय पुनरावलोकनको लागि समितिमा अनुरोध गर्नुपर्नेछ।

(२) पुनरावलोकन सम्बन्धमा प्राप्त अनुरोधका विषयमा समितिले छलफल गरी आवश्यक निर्णय गर्न सक्नेछ र सो निर्णय कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयमा पठाइनेछ।

(३) समितिको पुनरावलोकन सम्बन्धी निर्णय कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

## परिच्छेद १४

## निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी व्यवस्थाः

**१८) समितिले गरेका निर्णय समयमै कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी निम्न व्यवस्था अपनाउन सक्नेछ :**

(१) समिति सचिवालयले प्रत्येक मन्त्रालय, आयोग, सचिवालय, कार्यालयको निर्णय कार्यान्वयनको त्रैमासिक प्रगति सम्वनधी तुलनात्मक विवरण तयार गरी बैठकमा पेस गर्नुपर्नेछ र यो विवरण समितिका सस्यहरुलाई पनि इमेल मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) समितिको बैठकमा निर्णय कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा छलफल गर्न सम्बन्धित मन्त्रालय, योजना, सचिवालय र कार्यालयका प्रमुखहरूलाई बेग्ला बेग्लै वा सामुहिक रुपमा आमन्त्रण गरी छलफल गर्न सकिनेछ।

(३) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन नगर्ने मन्त्रालय, आयोग, सचिवालयका पदाधिकारीलाई ३ पटक समय थप गरी कार्यान्वयन गर्ने थप मौका दिन सकिनेछ।

**१९) समितिको निर्णय कार्यान्वयन नगर्ने नगराउनेलाई कारबाही सम्बन्धी व्यवस्थाः**

(१) समितिले गरेका निर्णय तथा दिएका सुझावहरू सन्तोषजनकरुपमा कार्यान्वयन भएको नपाइए प्रचलित कानुन बमोजिम सम्बन्धित पदाधिकारी र कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ ।

(२) प्रदेश सार्वजनिक लेखा समितिबाट कारबाहीको लागि अनुरोध भई आएमा प्रचलित कानुन बमोजिम कारबाही गरी सो को सो को जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ।

**२०) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन गर्ने गराउनेलाई पुरस्कृत गर्न अनुरोध गर्न सक्ने व्यवस्था देहाय बमोजिम हुनेछः**

(१) समितिका निर्णय सन्तोजनकरुपमा कार्यान्वयन गर्ने मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयका प्रमुख वा अन्य कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी प्रोत्साहित गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालयलाई समितिले निर्णय गरी अनुरोध गर्न सक्नेछ।

(२) समितिको अनुरोध अनुसार राम्रो काम गर्ने पदाधिकारी, प्रमुख वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी सोको जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालयको कर्तव्य हुनेछ।

## परिच्छेद १५

## समितिका निर्णय तथा कागजात एवम् सरसामानको हिफाजत र संरक्षणको जिम्मा सम्बन्धी व्यवस्था

**२१) समितिका निर्णय तथा कागजातको जिम्मा र संरक्षण सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछः**

(१) समितिका निर्णय, कागजात तथा फर्निचर लगायतका सबै जिन्सी तथा अन्य सरसामानको जिम्मा र संरक्षण गर्ने दायित्व समिति सचिवको हुनेछ।

(२) समिति सचिवले आफूले गर्न पर्ने काम सहायक कर्मचारीहरूलाई पनि लगाउन सक्नेछ । तर अन्तिम जवाफदेहीता भने समिति सचिवकै हुनेछ।

(३) आफ्नो समितिको जिम्मेवारीबाट सरुवा भएपछि निजले समितिमा सरुवा भई आउने सचिव वा जिम्मेवार अधिकारीलाई सामान र निर्णय बुझाउनुपर्नेछ।

## परिच्छेद १६

## वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्थाः

**२२) समितिले प्रतिवेदन पेस गर्ने सम्बन्धमा निम्न व्यवस्था अपनाउने छ :**

(१) समितिले वर्षभरमा गरेका सबै काम कारवाहकिो प्रतिवेदन तयार गर्न एक उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन पेस भए पछि समितिले सो प्रतिवेदन माथि छलफल गरी बजेट पेस गर्नु अगावै सभामा पेस गर्नु पर्नेछ र प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयन स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव पनि समावेश गर्नुपर्नेछ।

(३) समितिको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित मन्त्री र सचिवको कर्तव्य हुनेछ।

(४) समितिको प्रतिवेदनमाथि सभामा छलफल गर्न सभामुखसँग परामर्श गर्न सकिनेछ।

## परिच्छेद १७

## कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः

**२३) समितिको कार्यविधि संशोधन सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछ :**

(१) समितिले कार्यविधिमा संशोधन र परिमार्जन गर्न उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन समितिमा पेस भए पछि समितिले सो प्रतिवेदनलाई यथावत् रूपमा वा संसशोधन सहित पारित गर्न सक्नेछ।

## परिच्छेद १८

## अन्य व्यवस्थाः

२४) कार्यविधि सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ : (१) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य व्यवस्था प्रदेश ३ को प्रदेश सभा कार्य सञ्चालन नियमावली बमोजिम हुनेछ।

# अनुसूची-२

## समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थितिको अवस्था

### (बैठक संख्या ४४ देखि ५५ सम्म)

| क्र.सं. | नाम थर | उपस्थिति | कैफियत |
|---|---|---|---|
| १ | मा. न्हुक्षे नारायण श्रेष्ठ - सभापति | १२ | |
| २ | मा. ओम बहादुर ग्लान | ८ | |
| ३ | मा. गणेश दुलाल | ३ | |
| ४ | मा. चन्द्र बहादुर लामा | १२ | |
| ५ | मा. जीवन खड्का | ६ | |
| ६ | मा. जीवन डंगोल | ११ | |
| ७ | मा. दीपक निरौला | ४ | |
| ८ | मा. देवकी श्रेष्ठ | ११ | |
| ९ | मा. पशुपति चौलागाई | २ | |
| १० | मा. पुकार महर्जन | ५ | |
| ११ | मा. प्रभात तामाङ्ग | ९ | |
| १२ | मा. प्रेम बहादुर तामाङ्ग | १ | |
| १३ | मा. वेलीमैंया घले | ८ | |
| १४ | मा. मुनु सिग्देल | ८ | |
| १५ | मा. रत्न प्रसाद ढकाल | १२ | |
| १६ | मा. रमेश पौड्याल | ११ | |
| १७ | मा. रिता माझी | १० | |
| १८ | मा. विनोद खड्का | ९ | |
| १९ | मा. सीता अधिकारी | १० | |
| २० | मा. हिमाली गोले | ७ | |

# अनुसूची-३ -सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको विवरण

| क्र.सं. | नाम थर | जिल्ला | राजनीतिक दल | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|---|
| १. | न्हुक्षे नारायण श्रेष्ठ | काठमाडौं | नेपाली कांग्रेस | ९८५१०३८८१९ | nhuche.Shrestha@gmail.com |
| २. | ओम बहादुर ग्लान | मकवानपुर | नेकपा माओवादी केन्द्र | ९८४५४३६९७२ | pwalachan@gmail.com |
| ३. | गणेश प्रसाद दुलाल | काठमाडौं | नेकपा एमाले | ९८५१०६०४५९ | |
| ४. | चन्द्र बहादुर लामा | काभ्रेपलान्चोक | नेकपा एमाले | ९८५१०१८५२१,९८०१०१८५२१ | chandra9851018521@gmail.com |
| ५. | जिवन खड्का | ललितपुर | नेकपा एमाले | ९७४११५०८३९,९८४१२९८३०० | khadkaj405@gmail.com |
| ६. | जीवन डंगोल | काठमाडौं | नेपाली कांग्रेस | ९८४१४८९५८८ | jeedangol@gmail.com |
| ७. | दीपक निरौला | काठमाडौं | नेकपा एमाले | ९८५११४०१२३ | nirauladeepak.ktm@gmail.com |
| ८. | देवकी श्रेष्ठ | ललितपुर | नेकपा एमाले | ९८४१५६८८२५,९८१८४९४८०३ | devakistha50@gmail.com |
| ९. | पुकार महर्जन | काठमाडौं | नेपाली कांग्रेस | ९८४१६२२७४९ | maharjanpukar15@gmail.com |
| १०. | प्रभात तामाङ्ग | रसुवा | नेपाली कांग्रेस | ९८५१०६१६३३ | Prabhat_Lama@yahoo.com |
| ११. | प्रेम बहादुर तामाङ्ग | रसुवा | स्वतन्त्र | ९८५११५१४१५ | |
| १२. | बेलीमैया घले | काठमाडौं | नेकपा एमाले | ९८४१३१०८२९ | belighale@gmail.com |
| १३. | मुनु सिग्देल | मकवानपुर | नेकपा एमाले | ९८५५०७२५०८ | sigdelmunu9@gmail.com |
| १४. | रत्न प्रसाद ढकाल | काभ्रेपलान्चोक | नेकपा (माओवादी केन्द्र) | ९८५११११९३१ | ratnadhakal7@gmail.com |
| १५. | रमेश पौड्याल | सिन्धुपाल्चोक | विवेकशील साझा पार्टी | ९८५१००४२९७ | rameshpaudyal@gmail.com |
| १६. | रिता माझी | रामेछाप | रा.प्र.पा | ९८४३२४२९०५ | ritamajhi97@gmail.com |
| १७. | विनोद कुमार खड्का | सिन्धुली | नेकपा एमाले | ९८४४०४०१९० | binod.khadka90@gmail.com |
| १८. | सीता अधिकारी | काठमाडौं | नेकपा (माओवादी केन्द्र) | ९८४१५१०२४५ | sdadhikari@gmail.com |
| १९. | हिमाली गोले | दोलखा | नेकपा एमाले | ९८५११०५८८० | golehimali@gmail.com |

प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका मा. सभापति श्री भरत कु. शाह, महालेखापरीक्षक मा. टंकमणी शर्मा दंगाल र मा. सभामुख श्री सानु कुमार श्रेष्ठको उपस्थितिमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रम







प्रदेश मन्त्रालयगत व्यहोरामाथिको कार्यपत्र प्रस्तुती



खरिद अध्ययन तथा अनुगमन उपसमितिको प्रतिवेदन मा. सभापति श्री न्हुक्षे नारायण श्रेष्ठ समक्ष पेश गर्दै उपसमितिका संयोजक मा. प्रभात तामाङ्ग



प्रदेश मन्त्रालय र मातहतका निकायले गरेको कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदन मा. सभापति श्री न्हुक्षे नारायण श्रेष्ठ समक्ष पेश गर्दै उपसमितिका संयोजक मा. जीवन डंगोल



प्रतिवेदन तथा निर्देशन कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन उपसमितिको प्रतिवेदन मा. सभापति श्री न्हुक्षे नारायण श्रेष्ठ समक्ष पेश गर्दै उपसमितिका संयोजक मा. बेलीमैया घलेको तर्फबाट मा. रत्न प्रसाद ढकाल